# आर्थिक वर्ष २०७२/७३ को बजेटको मध्यावधि समीक्षा प्रतिवेदन

नेपाल सरकार
अर्थ मन्त्रालय
सिंहदरवार, काठमाडौं
२०७२ फागुन

## मन्तव्य

अर्थ मन्त्रालयले आर्थिक वर्ष २०७२/७३ को बजेट कार्यान्वयनको मध्यावधि समीक्षा प्रकाशन गरेको छ। यो समीक्षाले राजस्व संकलन र खर्चको अवस्था, प्राप्त उपलव्धीहरू, समस्या/चुनौतीहरू र चालु आर्थिक वर्षको बाँकी अवधिमा गर्नु पर्ने सुधार प्रयासलाई समेटेको छ।

यस आर्थिक वर्षको बजेट आधारभूत रूपमा तीनवटा राष्ट्रिय सन्दर्भबाट प्रभावित रहेको छ। विकास निर्माण, सार्वजनिक सेवा र शासकीय सुधारका साविकका कार्यसूचीमा भुकम्प पछिको पुनर्निर्माणको लागि विशेष प्राथामिकता दिनुपर्ने सन्दर्भ बजेट तर्जुमाको समयमा थियो।

कार्यान्वयनको चरणमा प्रवेश गर्दा आपूर्ति प्रणालीको अवरोध र यसवाट सिर्जित चौतर्फी प्रतिकूलतासँग जुध्नु पर्ने अवस्था आयो। अवको बाँकी अवधिमा हामी बजेटको कार्यान्वय मार्फत आर्थिक समृद्धि प्राप्तिको लागि अनुकुल परिवेशमा छौं। आर्थिक वर्षको पहिलो छ महिनामा रहेको कार्यसम्पादन न्यूनतालाई अवको अवधिमा पुरा गर्दै बजेटको उद्धेश्यहरू बढी भन्दा बढी हासिल गर्न सकिने मेरो विश्वास छ।

आर्थिक वृद्धिलाई दुई प्रतिशत भन्दा बढीको दरमा पुऱ्याउन, मुद्रास्फितिलाई एकल अङ्कमा कायम गर्न, चालु खर्चलाई वाञ्छित सीमाभित्र राख्न, पुँजीगत खर्चलाई उल्लेख्य रूपमा बढाउँदै लैजान र क्षेत्रगत लक्ष्यहरू आधिकाधिक प्राप्त गर्न यस असहज परिस्थितिका वीचमा असाधारण प्रयास गर्न म सम्वन्धित सबैमा हार्दिक अपिल गर्दछु।

समीक्षा प्रतिवेदन तयारीमा संलग्न सबै र विशेष गरी बजेट तथा कार्यक्रम महाशाखालाई धन्यवाद दिन चाहन्छु।

विष्णुप्रसाद पौडेल
अर्थमन्त्री

# विषय सूची

| विषय | पाना नं. |
|---|---|


कार्यकारी सारांश ........ १
परिच्छेद १ ........ ४
समष्टिगत आर्थिक तथा वित्तीय स्थिति........ ४
१.१ समीक्षाको पृष्ठभूमि र सीमा........ ४
१.२ समष्टिगत आर्थिक तथा वित्तीय स्थितिको विश्लेषण ........ ५
१.२.१ विश्व अर्थतन्त्रको परिदृश्य........ ५
१.२.२ राष्ट्रिय अर्थतन्त्र........ ५
१.२.३ मुद्रास्फीति ........ ६
१.२.४ मौद्रिक स्थिति........ ६
१.२.५ कुल आन्तरिक कर्जा........ ७
१.२.६ बैंक तथा वित्तीय संस्थाहरूको साधन परिचालनको स्थिति ........ ७
१.२.७ धितोपत्र तथा बीमा व्यवसाय........ ७
परिच्छेद २ ........ १०
बजेट खर्च र स्रोत परिचालनको विश्लेषण........ १०
२.१ खर्च विश्लेषण ........ १०
२.१.१ वार्षिक बजेट विनियोजन ........ १०
२.१.२ निकाय/मन्त्रालयगत खर्च स्थिति........ १२
२.१.३ कार्यगत खर्चको स्थिति ........ १२
२.१.४ प्राथमिकताका आधारमा खर्च स्थिति........ १२
२.१.५ रणनीतिक स्तम्भहरूको आधारमा खर्च स्थिति ........ १३
२.१.६ वैदेशिक सहायतामा सञ्चालित आयोजनाहरूको खर्च स्थिति ........ १४
२.१.७ शीर्षकगत खर्च स्थिति ........ १४
२.२ स्रोत परिचालन विश्लेषण ........ १५
२.२.१ राजस्व परिचालन ........ १५
२.२.२ राजस्व संकलनको अवस्था ........ १५
२.२.३ शीर्षकगत राजस्व संकलनको अवस्था ........ १६
२.२.४ चालु आर्थिक वर्षको समीक्षा अवधिमा हासिल भएका मुख्य मुख्य उपलव्धिहरू........ १७
२.२.५ राजस्व परिचालनमा देखिएका चुनौतीहरुः........ १८
२.२.६ राजस्व संकलनमा सुधारका सम्भावनाहरू........ १९
२.२.७ राजस्व लक्ष्यको संशोधित अनुमान र त्यसका आधारहरू ........ १९
२.३ अन्तर्राष्ट्रिय आर्थिक सहायता परिचालन ........ २०
२.३.१ बजेटमा वैदेशिक सहायताको अवस्था........ २०
२.३.२ वैदेशिक सहायताको प्रतिवद्धता ........ २१
२.३.३ भूकम्प पश्चातको पुनर्निर्माणको लागि अन्तर्राष्ट्रिय सहायताको प्रतिबद्धता :........ २२
२.३.४ वैदेशिक सहायताको सोधभर्ना स्थितिः........ २२
२.३.५ वैदेशिक ऋणको वर्तमान अवस्था........ २२
२.३.६ आन्तरिक ऋण परिचालन ........ २३

२.३.६ अन्तर्राष्ट्रिय आर्थिक सहायता परिचालनमा देखा परेका प्रमुख समस्याहरू ........ २३
२.३.७ अन्तराष्ट्रिय आर्थिक सहायता परिचालनलाई प्रभावकारी बनाउन गर्नु पर्ने सुधार ........ २३
परिच्छेद-३ ........ २४
क्षेत्रगत उपलब्धी विश्लेषण ........ २४
३.१ आर्थिक क्षेत्र ........ २४
३.१.१ अर्थ मन्त्रालय ........ २४
३.१.२ उद्योग मन्त्रालय ........ २४
३.१.३ कृषि विकास मन्त्रालय ........ २५
३.१.४ श्रम तथा रोजगार मन्त्रालय ........ २६
३.१.५ पशुपंक्षी विकास मन्त्रालय ........ २६
३.१.६ राष्ट्रिय योजना आयोगको सचिवालय ........ २६
३.१.७ संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय ........ २६
३.१.८ वन तथा भू-संरक्षण मन्त्रालय ........ २७
३.१.९ वाणिज्य मन्त्रालय ........ २८
३.१.१० भूमिसुधार तथा व्यवस्था मन्त्रालय ........ २८
३.१.११ सहकारी तथा गरिबी निवारण मन्त्रालय ........ २९
३.२. भौतिक पूर्वाधार ........ २९
३.२.१ संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय ........ २९
३.२.२ सिंचाइ मन्त्रालय ........ ३०
३.२.३ सूचना तथा संचार मन्त्रालय ........ ३१
३.२.४ भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय ........ ३२
३.२.५ उर्जा मन्त्रालय ........ ३४
३.२.६ सहरी बिकास मन्त्रालय ........ ३५
३.३. सामाजिक पूर्वाधार ........ ३६
३.३.१ स्वास्थ्य तथा जनसंख्या मन्त्रालय ........ ३६
३.३.२ शिक्षा मन्त्रालय ........ ३७
३.३.३ खानेपानी तथा सरसफाई मन्त्रालय ........ ३७
३.३.४ जनसंख्या तथा वातावरण मन्त्रालय ........ ३८
३.३.५ महिला, बालवालिका तथा समाज कल्याण मन्त्रालय ........ ३८
३.३.६ युवा तथा खेलकुद मन्त्रालय ........ ३८
३.४. सार्वजनिक सेवा प्रवाह र सुशासन ........ ३९
३.४.१ अख्तियार दुरूपयोग अनुसन्धान आयोग ........ ३९
३.४.२ निर्वाचन आयोग ........ ३९
३.४.३ लोक सेवा आयोग ........ ३९
३.४.४ महालेखा परीक्षकको कार्यालय ........ ३९
३.४.५ प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय ........ ३९
३.४.६ कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय ........ ४०
३.४.७ गृह मन्त्रालय ........ ४०
३.४.८ परराष्ट्र मन्त्रालय ........ ४०
३.४.९ रक्षा मन्त्रालय ........ ४१
३.४.१० शान्ति तथा पुनर्निर्माण मन्त्रालय ........ ४१

३.४.११ सामान्य प्रशासन मन्त्रालय ........................................................................................ ४१
३.४.१२ सार्वजनिक सस्थान व्यवस्थापन ................................................................................ ४१
परिच्छेद ४ .............................................................................................................................. ४२
सुधारका प्रयास ........................................................................................................................ ४२
४.१ बजेट कार्यान्वयनलाई तिव्रता दिन गरिएका प्रयासहरू ............................................................ ४२
४.२ नयाँ सरकार गठन भएपछि चालिएका कदमहरू ..................................................................... ४३
४.२.१ देशको वर्तमान आर्थिक अवस्था र नेपाल सरकारको तत्कालको कार्यदिशा सम्बन्धी श्वेतपत्र............. ४३
४.२.२ भूकम्प पछिको पुनर्निर्माणका लागि छुट्टै ऐन तर्जुमा एवं संरचनात्मक व्यवस्था............................. ४४
४.२.३ आर्थिक पुनरुद्धार कोषको स्थापना ................................................................................... ४४
४.२.४ पूर्वाधार आयोजना अनुगमन तथा निर्देशन उच्चस्तरीय समितिको गठन ....................................... ४५
४.२.५ भूकम्पपीडित परिवारलाई न्यानो कपडा अनुदान.................................................................... ४६
४.२.६ निजी क्षेत्रलाई राहतका लागि प्याकेज कार्यक्रम ..................................................................... ४६
४.२.७ नयाँ कानून निर्माण र विद्यमान कानूनहरूको संशोधन ............................................................. ४७
४.२.८ तत्काल सुधार कार्ययोजना.................................................................................................. ४८
परिच्छेद ५ .............................................................................................................................. ४९
खर्च प्रक्षेपण र पुनर्प्राथामिकीकरण ........................................................................................... ४९
५.१ खर्चको संशोधित अनुमान र त्यसका आधारहरू....................................................................... ४९
५.२ कार्यक्रम तथा आयोजनाहरूको खर्च व्यवस्थापनको पुनर्प्राथमिकीकरण ........................................ ५२
५.४ आगामी आर्थिक वर्षको बजेट तर्जुमा गर्दा प्राथमिकता दिनुपर्ने क्षेत्रहरूः ........................................ ५४
परिच्छेद ६ .............................................................................................................................. ५५
बजेट कार्यान्वयनका चुनौती र गर्नुपर्ने सुधार.............................................................................. ५५
६.१ चुनौतिहरू.......................................................................................................................... ५५
६.२ तत्काल प्रारम्भ गर्नु पर्ने सुधार ............................................................................................ ५६
६.३ भावी कार्यदिशा.................................................................................................................. ५६

# कार्यकारी सारांश

१. चालु आर्थिक वर्षमा ६ प्रतिशतको आर्थिक बृद्धि हासिल गर्ने लक्ष्य भएता पनि मौसमको प्रतिकूलताले महत्वपूर्ण वर्षे बाली धानको उत्पादनमा कमी भएको समयमै हिउँदे वर्षा नभएको र आपूर्ति प्रणालीको अवरोधले रासायनिक मल लगायतका उत्पादनका साधनको वितरण हुन नसकेकोले कृषि क्षेत्रको बृद्धिदर कम हुने र आपूर्ति प्रणालीको अवरोधले गैर कृषि क्षेत्रको बृद्धि पनि घट्ने देखिएकोले समग्र आर्थिक बृद्धि दर लक्ष्य अनुसार नहुने देखिएको छ। दुई प्रतिशतभन्दा बढीको आर्थिक बृद्धि गर्न विशेष पहल गरिनेछ।

२. सीमा नाकाहरूमा अवरोध हटी आपूर्ति प्रणाली क्रमशः सहज बन्दै गएको, राष्ट्रिय पुनर्निर्माण प्राधिकरणले औपचारिक रूपमा काम शुरू गरेकोले भूकम्पबाट क्षतिग्रस्त संरचनाहरूको पुनर्निर्माणमा तीब्रता आउने, भौतिक पूर्वाधार एवम् विकास निर्माणमा सरकारको पुँजीगत खर्च बृद्धि हुने तथा लगानी मैत्री वातावरण सिर्जना भई निजी लगानी आकर्षित हुने भएकोले पछिल्लो समयमा अर्थतन्त्रले गति लिने अनुमान गरिएको छ।

३. वार्षिक औसत मुद्रास्फीति ८.५ प्रतिशत कायम रहने अनुमान गरिएकोमा पहिलो छ महिनासम्मको औसत मुद्रास्फीति ९.४ प्रतिशत रहेको छ।

४. छ महिनाको अवधिमा कुल वस्तु निर्यात अघिल्लो वर्षको सोही अवधिको तुलनामा २७.२ प्रतिशतले ह्रास आई रु. ३१ अर्ब ५९ करोडमा सीमित भएको छ। यस अवधिमा कुल वस्तु आयातमा २५.७ प्रतिशतले कमी आई रु. २ खर्व ७७ अर्ब ७९ करोड रहन गएको छ। समीक्षा अवधिमा कुल व्यापार घाटा २५.५ प्रतिशतले कमी आई रु. २ खर्व ४६ अर्ब २० करोड रहन गएकोले कुल व्यापारमा २५.९ प्रतिशतले कमी आई रु. ३ खर्व ९ अर्ब ३८ करोड पुगेको छ।

५. समीक्षा अवधिमा चालु खाता उच्च बचतमा रहन गएकाले आर्थिक वर्ष २०७२/७३ को पहिलो छ महिनाको अवधिमा शोधनान्तर स्थिति रु. १३९ अर्ब ७५ करोडले बचतमा रहेको छ। कुल विदेशी विनिमय सञ्चिति रु. ९ खर्व ८८ अर्ब ४० करोड पुगेको छ। आयातको वर्तमान स्तरलाई आधार मान्दा विदेशी विनिमयको यो सञ्चितिले २१.७ महिनाको वस्तु आयात र १७.६ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त रहने देखिन्छ।

६. चालु आर्थिक वर्षको प्रथम छ महिनामा सरकारी बजेट रू.१ खर्व ७९ अर्व ७६ करोड ६ लाख खर्च भएको छ। यो रकम कुल बजेटको २१.९४ प्रतिशत हो। कुल खर्चमध्ये चालु खर्च रू.१ खर्व ४० अर्व २९ करोड २ लाख, पुँजीगत खर्च रू.१५ अर्व ५५ लाख र वित्तीय व्यवस्थातर्फ रू. २४ अर्व ४६ करोड ४९ लाख खर्च भएको छ। यो खर्च विनियोजित बजेटको तुलनामा चालु, पुँजीगत र वित्तीय व्यवस्थातर्फ क्रमशः २८.९८, ७.१८ र १९.३७ प्रतिशत रहेको छ।

७. समीक्षा अवधिसम्ममा राजस्व संकलनको लक्ष्य रु. २ खर्व १६ अर्व ५९ करोड ६३ लाख रहेकोमा रू. १ खर्व ६४ अर्व ३२ करोड ७७ लाख असुली भएको छ। यो असुली अर्ध वार्षिक लक्ष्यको तुलनामा ७५.८७ प्रतिशत र वार्षिक लक्ष्यको ३४.५९ प्रतिशत हो।

८. विभिन्न विकास आयोजना कार्यान्वयनको लागि रु. १ खर्व ८ अर्व ४६ करोड ६१ लाख बराबरको वैदेशिक सहायताको प्रतिवद्धता प्राप्त भएको छ। यसमध्ये रु. १६ अर्व ३६ करोड २१ लाख अनुदान र रु. ९२ अर्व १० करोड ४० लाख बराबरको सहुलियतपूर्ण ऋण सहायता रहेको छ।

९. नेपालको पुनर्निर्माणको लागि अन्तर्राष्ट्रिय सम्मेलनमा प्राप्त भएको प्रतिवद्धता मध्ये समीक्षा अवधिमा करिब रु. ८९ अर्ब ८८ करोड बराबरको ऋण तथा अनुदान सम्वन्धी सम्झौता सम्पन्न भइसकेको छ।

१०. चालु आर्थिक वर्षको शुरूमा बैदेशिक सहायता तर्फ सोधभर्ना प्राप्त गर्नु पर्ने रकम रु. ३७ अर्ब ८७ करोड ९५ लाख रहेकोमा समीक्षा अवधिमा रु.२३ अर्ब ४१ करोड ९ लाख सोधभर्ना प्राप्त भएको छ।

११. चालु आर्थिक वर्षमा चालुतर्फ रू. ४ खर्व २४ अर्ब ३१ करोड ८० लाख, पुँजीगततर्फ रू. १ खर्व ६० अर्ब ६४ करोड ७४ लाख र वित्तीय व्यवस्थातर्फ रू. १ खर्व १७ अर्ब १ करोड ५० लाख गरी कुल खर्च रू. ७ खर्व १ अर्ब ९८ करोड ४ लाख हुने संशोधित अनुमान गरिएको छ। यो कुल विनियोजित बजेटको ८५.६६ प्रतिशत हुन आउँछ। पहिलो छ महिनाको खर्च लक्ष्य भन्दा निकै कम भएपनि आपूर्ति प्रणाली सहज बन्दै गएको, आयोजना कार्यान्वयनले गति लिन थालेको, पूनर्निर्माणको कार्य प्रारम्भ भएको, नीतिगत सुधार र कार्यक्रमहरूको पुनर्प्राथामिकीकरण हुँदै गरेकोले आर्थिक वर्षको बाँकी अवधिमा बजेट खर्चमा उल्लेख्य सुधार हुने देखिएको छ।

१२. खर्च ब्यहोर्ने स्रोत तर्फ अर्थ मन्त्रालयबाट स्वीकृत बैकल्पिक कार्य योजनाको प्रभावकारी कार्यान्वयन हुने भएकोले असार मसान्त सम्म जम्मा रु. ४ खर्ब ३० अर्ब ३४ करोड ५१ लाख राजस्व उठने सम्भावना छ। आन्तरिक ऋण तर्फ अनुमान गरिएको रु. ८८ अर्व पुरै उठाउनु पर्ने देखिन्छ।

१३. भूकम्पबाट प्रभावित संरचनाहरूको पुनर्निर्माण सम्बन्धी ऐन, २०७२ जारी भएको छ। यो ऐन अन्तर्गत पुनर्निर्माण सम्बन्धी काम गर्न विशेष संयन्त्रको रूपमा राष्ट्रिय पुनर्निर्माण प्राधिकरण गठन भई काम शुरू भएको छ।

१४. भूकम्पबाट क्षतिग्रस्त उद्योग व्यवसायको भौतिक संरचनाको पुनर्निर्माण गर्नका लागि सहुलियत दरमा पुनर्कर्जा उपलव्ध गराउन र सीमा नाका अवरोधबाट सिर्जित असहज परिस्थितिका कारण कृषि, उद्योग, जलविद्युत तथा पर्यटन लगायत अर्थतन्त्रका उत्पादनशील क्षेत्रमा परेको प्रतिकुल असरलाई कम गरी यी क्षेत्रहरूको पुनरुत्थान गर्नका लागि व्याज सहुलियत प्रदान गर्ने उद्देश्यले नेपाल सरकारले एक खर्व रुपैयाँको "आर्थिक पुनरुद्वार कोष" स्थापना गर्ने निर्णय गरेको छ।

१५. पूर्वाधार आयोजनाहरू पहिचान गर्न, प्राथामिकता निर्धारण गर्न, आयोजनाहरूको पुनर्प्राथमिकीकरण गर्न, कार्यान्वयनका लागि समन्वय, सहजीकरण, स्रोत आंकलन, व्यवस्थापन र निर्देशन गर्न "पूर्वाधार आयोजना अनुगमन तथा निर्देशन उच्चस्तरीय समिति" गठन भई महत्वपूर्ण निर्णयहरू लिएको छ।

१६. संविधान सभाबाट संविधान जारी भएपछि संविधानमा भएका व्यवस्थाहरूको कार्यान्वयनका निम्ति गर्नु पर्ने सङ्क्रमणकालीन व्यवस्थापन, दिगो विकास व्यवस्थापन, सार्वजनिक सेवा प्रवाह तथा पुनर्निर्माणको क्षेत्रहरूमा जनताले परिवर्तनको अनुभुती गर्ने गरी जनजीवनमा आवश्यक सुधार गरी नेपाल र नेपालीको समृद्धि बढाउने लक्ष्यका साथ नेपाल सरकारबाट तत्काल सुधार कार्ययोजना स्वीकृत भएको छ।

१७. यस वर्षको शुरूमा आएको विनाशकारी भूकम्प पछिको पुनर्निर्माण गर्न र असोज महिनाको पहिलो साता देखिनै शुरू भएको सीमा नाकामा अवरोधले आपूर्ति प्रणाली असहज भएका कारण अर्थतन्त्रका सम्पूर्ण पक्ष र जनजीवनमा परेका प्रतिकुल प्रभावलाई कम गर्न विकास आयोजना तथा कार्यक्रमहरूमा गर्ने लगानीको प्राथमिकता परिवर्तन गर्नु पर्ने आवश्यकता देखिएको छ। त्यसैगरी आगामी आर्थिक वर्षको बजेटका लागि क्षेत्र एवं कार्यक्रम/ आयोजनाहरूको प्राथामिकता परिवर्तन गर्नु पर्ने देखिएको छ।

१८. बजेट कार्यान्वयनलाई प्रभावकारी बनाउन "बजेट व्यवस्थापन तथा वित्तीय जवाफदेहिता" सम्बन्धी कानून निर्माण गर्न र संघीय संरचना अनुकुलको वित्तीय व्यवस्था सम्बन्धी कानून तर्जुमा गर्नु पर्ने आवश्यकता छ।

१९. त्रिवर्षिय खर्च संरचनालाई यथार्थपरक र सहभागितामूलक ढंगमा तयार गर्ने र त्यसैको आधारमा वार्षिक बजेट विनियोजन गर्ने प्रणालीलाई कडाईका साथ पालना गर्नु जरुरी देखिएको छ।

२०. ठूलाठूला आयोजनाहरूमा स्रोत प्रवाह गर्ने र पुँजीगत खर्चमा बृद्धि गर्ने उद्देश्यले प्रारम्भ गरिएको वहुवर्षीय ठेक्का व्यवस्थापन प्रणालीलाई जुनसुकै प्रकृतिका स-साना आयोजनामा समेत बहुवर्षीय ठेक्काको माग गर्ने प्रचलनलाई नियन्त्रण गर्न जरुरी छ।

२१. ठूला र मध्यमखालका आयोजनाहरूको सम्भाव्यता अध्ययन गरी आयोजना बैंक बनाउन प्रोत्साहन गर्नु पर्ने र यसरी तयार भएका आयोजनाको बैकबाट प्राथामिकीकरण गरी आयोजना छनौट गर्ने व्यवस्था मिलाउनु पर्ने देखिन्छ।

२२. विस्तृत परियोजना प्रतिवेदन तयार नभएका र परियोजना कार्यान्वयनको पूर्व तयारीका कार्यहरू (जग्गा प्राप्ति, वित्तीय व्यवस्था, बनको स्वीकृति, स्थानीय समन्वय, सीमाङ्कन आदि) पूरा नभएका आयोजनाहरूमा रकम विनियोजन नै नगर्ने नीति अवलम्वन गरी आयोजना छनौटमा गुणस्तर कायम गर्नु पर्ने देखिएको छ।

२३. राष्ट्रिय गौरवका र महत्वपूर्ण आयोजनाहरूको निर्माण कार्य द्रुत प्रक्रियाबाट सम्पन्न गर्ने नीति अवलम्वन गरी आयोजना कार्यान्वयन गर्न छुट्टै कानून निर्माण गर्नु पर्ने देखिएको छ।

२४. आयोजना कार्यान्वयनको लागि सम्बन्धित मन्त्रालयमा उच्च पदाधिकारी र आयोजना प्रमुख एवं जिम्मेवार प्राविधिक कर्मचारीलाई नै पूर्ण रूपमा जिम्मेवार बनाउने व्यवस्था गर्नु पर्ने देखिएको छ।

२५. आगामी आर्थिक वर्षको बजेट तर्जुमा गर्दा पुनर्निर्माण तथा पुनर्स्थापनासम्बन्धी कार्यक्रम, संविधानको कार्यान्वयनसम्बन्धी कार्यक्रम, भौतिक पूर्वाधार (उर्जा उत्पादन र अन्तरदेशीय प्रशारण लाईन, विमानस्थल निर्माण, लोकमार्गहरू स्तरोन्नती गर्ने कार्य, सडक सम्बन्धी पाँच वर्षीय कार्ययोजना, सिञ्चित क्षेत्र विस्तार र नदी नियन्त्रण, संघीय संरचनाको पूर्वाधार निर्माण जस्ता) सम्बन्धी कार्यक्रम, सामाजिक पूर्वाधार (शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाइ) सम्बन्धी कार्यक्रम, कृषि, उद्योग र पर्यटनसम्बन्धी कार्यक्रम, सेवा प्रवाह र सुशासन अभिबृद्धिसम्बन्धी कार्यक्रमलाई प्राथमिकता दिनुपर्ने देखिएको छ।

२६. अत्यावश्यक वस्तुहरू खासगरी पेट्रोलियम पदार्थ, औषधि तथा खाद्यान्न जस्ता वस्तुहरूको भण्डारण क्षमता विस्तार गर्ने। विपद्को समयमा आपतकालीन उद्धार तथा राहतको लागि आवश्यक पर्ने उपकरण तथा सामाग्रीहरू खरीद गरी उपयुक्त भण्डारणको व्यवस्था मिलाउने कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्नु पर्ने देखिएको छ।

# परिच्छेद १
# समष्टिगत आर्थिक तथा वित्तीय स्थिति

## १.१ समीक्षाको पृष्ठभूमि र सीमा

आर्थिक सुधारका कार्यक्रमहरूको निरन्तरता, लगानीमैत्री वातावरण निर्माण, तल्लो तहसम्म आर्थिक क्रियाकलापहरूको बिस्तार, स्थानीय उत्पादन र रोजगारी बृद्धिका माध्यमबाट समग्र अर्थतन्त्रलाई पुनर्जीवन प्रदान गरी उच्च आर्थिक बृद्धि हासिल गर्ने, भूकम्पको प्रभावबाट आइपरेको तत्कालिन आर्थिक सीथिलताबाट विचलित नभई विपदसँग जुध्न सक्ने क्षमता बृद्धिका साथै राष्ट्रिय स्रोत र साधनलाई पुनर्स्थापना र पुनर्निर्माणमा केन्द्रित गरी नागरिकको राज्यप्रतिको विश्वास अभिबृद्धि गर्ने उद्धेश्यले चालु वर्षको बजेट ल्याइएको थियो। त्यसैगरी आमजनताको जीवनस्तरमा गुणात्मक सुधार ल्याउने, भौतिक पूर्वाधार निर्माण कार्यलाई राष्ट्रिय अभियानको रूपमा लैजाने, सेवा प्रवाहलाई प्रभावकारी बनाउन शासकीय सुधार गर्ने, सामाजिक सुरक्षाको सुनिश्चितता गर्दै सन्तुलित विकास गर्ने र गरीवी घटाउने उद्देश्यहरू पनि बजेटले लिएको थियो।

भूकम्प पछिको पुनर्निर्माणले गति लिन नपाउँदै सीमानाकामा अवरोध आयो। आपूर्ति प्रणाली असहज बन्यो। नवगठित सरकारले अर्थतन्त्रमा परेको असर/प्रभावको यथार्थ स्थितिलाई जनता समक्ष राखी आफ्ना भावी कार्यक्रमहरूलाई प्रभावकारी रूपमा अघि बढाउन स्पष्ट कार्ययोजनासहितको स्वेतपत्र जारी गऱ्यो। रणनीतिक पूर्वाधार आयोजनाहरूको कार्यान्वयनलाई तिव्रता दिई पुँजीगत खर्च बढाउन र निजी क्षेत्रको लगानीलाई प्रोत्साहित गरी अर्थतन्त्रमा थप गतिशीलता ल्याउन केही महत्वपूर्ण नीतिगत निर्णयहरू पनि गरेको छ।

आर्थिक वर्षको प्रथम छ महिना बितिसकेको अवस्थामा मुलुकको समग्र अर्थतन्त्रको अवस्था, बजेटले लिएका उद्देश्य, नीति तथा कार्यक्रमहरूको प्रगति समीक्षा, छ महिनाको खर्चको अवस्था र राजस्व परिचालन एवं वैदेशिक सहायता उपयोगको विश्लेषण, बजेटका निर्धारित उद्देश्यहरू पूरा गर्ने दिशामा समीक्षा अवधिमा लिइएका नीतिगत अग्रसरता कार्यक्रमहरूको पुनर्प्राथमिकीकरणको आवश्यकता र त्यसका आधारहरू  र बजेट कार्यान्वयनमा देखिएका समस्याहरू पहिचान गरी सुधारका लागि सुझावसहित आर्थिक वर्ष २०७२/७३ को बजेटको मध्यावधि समीक्षा प्रतिवेदन तयार गरिएको छ।

आपूर्ति व्यवस्थामा भोग्नु परेको असहज परिस्थितका कारण पहिलो छ महिना बजेट कार्यान्वयनका दृष्टिकोणले अत्यन्त कठिन भएपनि सीमा नाकाहरूमा अवरोध हटी आपूर्ति क्रमश: सहज बन्दै गएको र नीतिगत सुधारको परिणामस्वरूप आर्थिक वर्षको बाँकी अवधिमा आर्थिक गतिविधिको विस्तार, मूल्य नियन्त्रण, आयोजनाहरूको कार्यान्वयन, राजस्व परिचालन र बजेट खर्चमा उल्लेख्य उपलव्धि हासिल हुने अपेक्षा गरिएको छ।

यो समीक्षा चालु आर्थिक वर्ष २०७२/७३ को पहिलो छ महिनाको तथ्याङ्कमा आधारित छ। यी तथ्याङ्कहरू सम्बन्धित मन्त्रालय/निकाय, नेपाल राष्ट्र बैंक, महालेखा नियन्त्रक कार्यालय र स्थलगत अवलोकन, निरीक्षणबाट प्राप्त भएका हुन्।यी सीमाहरूका बावजूद प्राप्त तथ्याङ्क र विवरणहरूका आधारमा प्रस्तुत मध्यावधि समीक्षालाई यथार्थपरक, विश्लेषणात्मक एवं सुझावमूलक बनाउने प्रयास गरिएको छ।

## १.२ समष्टिगत आर्थिक तथा वित्तीय स्थितिको विश्लेषण

### १.२.१ विश्व अर्थतन्त्रको परिदृश्य

सन् २०१५ को तुलनामा सन् २०१६ मा विकसित मुलुकहरूका अर्थतन्त्रमा केही सुधार भएको र ब्राजिल, रसिया एवं मध्यपूर्वका केही मुलुकहरूको अर्थतन्त्रमा क्रमिक सुधार आएको छ। अन्तर्राष्ट्रिय मुद्रा कोषले गरेको प्रक्षेपणअनुसार अमेरिकी र युरो क्षेत्रको अर्थतन्त्र सन् २०१६ मा क्रमशः २.६ प्रतिशत र १.७ प्रतिशतले बढ्ने देखिएको छ। गत वर्ष यी अर्थतन्त्रहरूमा क्रमशः २.५ र १.५ प्रतिशतको मात्र बृद्धि भएको अनुमान छ। यसैगरी, उदीयमान तथा विकासोन्मुख देशहरूको अर्थतन्त्र सन् २०१५ को ४ प्रतिशतको तुलनामा २०१६ मा ४.३ प्रतिशतले बढ्ने प्रक्षेपण रहेको छ। दुई ठूला छिमेकी अर्थतन्त्रहरू मध्ये भारतीय र चीनियाँ अर्थतन्त्र सन् २०१५ मा ७.३ र ६.९ प्रतिशतले बढेको अनुमान रहेकोमा सन् २०१६ मा क्रमशः ७.५ र ६.३ प्रतिशत रहने प्रक्षेपण छ। यी परिदृश्यमा गत वर्ष ३.१ प्रतिशत रहेको विश्वको आर्थिक बृद्धिदर यस वर्ष ३.४ प्रतिशत रहने प्रक्षेपण रहेको छ।

अन्तर्राष्ट्रिय मुद्राकोषका अनुसार सन् २०१५ मा विकसित मुलुकहरूको मुद्रास्फीति दर ०.३ प्रतिशत रहेकोमा सन् २०१६ मा १.१ प्रतिशत रहने प्रक्षेपण छ। त्यसैगरी, उदीयमान तथा विकासशील देशहरूको मुद्रास्फीति दर सन् २०१५ मा ५.५ प्रतिशत रहेको तुलनामा सन् २०१६ मा ५.६ प्रतिशत रहने प्रक्षेपण छ। सन् २०१५ मा २.६ प्रतिशतले बढेको अनुमान गरिएको वस्तु तथा सेवाको विश्व व्यापार सन् २०१६ मा ३.४ प्रतिशतले बृद्धि हुने प्रक्षेपण रहेको छ।

### १.२.२ राष्ट्रिय अर्थतन्त्र

**वास्तविक क्षेत्र**

चालु आर्थिक वर्ष २०७२/७३ मा प्रमुख खाद्य बालीहरूमध्ये धानको उत्पादनमा कमी आउने तथा मकैको उत्पादनमा केही बृद्धि हुने अनुमान रहेको छ। समयमै हिउँदे वर्षा नभएकाले गहुँ लगायत हिउँदे बालीको उत्पादन अत्यन्त न्यून मात्र बृद्धि हुने अनुमान छ। बैशाख १२ गतेको भूकम्पका कारण अर्थतन्त्रमा परेको प्रतिकुल प्रभावबाट मुक्त हुन नपाउँदै असोज महिनादेखि शुरू भएको बन्द हडताल र सीमा अवरोधका कारण आर्थिक वर्षको पूर्वार्द्धमा उद्योग तथा सेवा क्षेत्र थप प्रभावित बन्न पुग्यो। राष्ट्रिय पुनर्निर्माण प्राधिकरणले औपचारिक रूपमा काम शुरू गरेकोले भूकम्पबाट क्षतिग्रस्त संरचनाहरूको पुनर्निर्माणमा तीव्रता आउने, भौतिक पूर्वाधार एवम् विकास निर्माणमा सरकारको पुँजीगत खर्च बृद्धि हुने तथा लगानीमैत्री वातावरण सिर्जना भई निजी लगानी आकर्षित हुने भएकोले पछिल्लो समयमा अर्थतन्त्रले गति लिने अनुमान रहेको छ। यी परिदृष्यहरूका आधारमा चालु आर्थिक वर्षमा मुलुकको समग्र आर्थिक बृद्धिदर करिब २.० प्रतिशत हुने प्रक्षेपण छ।

**कृषि क्षेत्र**

प्रमुख खाद्यान्न बालीहरू मध्ये धान लगाउँने समयमा मनसुन ढिला शुरू हुनुको साथै अपर्याप्त वर्षा हुनु, तराई-मधेश क्षेत्रमा बन्द हडताल तथा सीमा नाकाहरूमा अवरोधका कारण रासायनिक मल लगायत अत्यावश्यकीय कृषिजन्य सामग्रीहरूको आपूर्ति रोकिनु, सिंचाइ तथा कृषि प्रसार सेवा प्रभावित हुनु जस्ता कारणहरूबाट चालु आर्थिक वर्षमा धानको उत्पादनमा करीब १०.० प्रतिशतले ह्रास आउने अनुमान छ। हिउँदे बालीका लागि समेत मौसम अनुकुल नरहेका कारण गहुँ बालीको उत्पादन समेत प्रभावित हुने

अनुमान छ। वैशाख १२ गतेको भूकम्प अगावै धेरैजसो मकैबाली लगाई सकिएको तथा बेमौसमी मकैको उत्पादन राम्रो रहेकोले यसको उत्पादन ४.० प्रतिशतले बृद्धि हुने अनुमान रहेको छ। त्यसैगरी, व्यावसायिक पशुपंक्षी पालनमा कृषकहरूको आकर्षण बढ्दै गएकोले समग्र पशुपंक्षीजन्य उत्पादन केही बढ्ने अनुमान छ। यसरी विभिन्न प्रतिकुल परिस्थितिहरूको परिणामस्वरूप चालु आर्थिक वर्षमा समग्र कृषि क्षेत्रको उत्पादन करीब १.० प्रतिशतले मात्र बृद्धि हुने अनुमान रहेको छ।

#### गैर– कृषि क्षेत्र

तराई क्षेत्रमा जारी बन्द हडताल तथा नाका अवरोधका कारण अत्यावश्यक ईन्धन एवम् कच्चा पदार्थको अभावमा चालु आर्थिक वर्षको पूर्वार्द्धमा तराई क्षेत्रमा अवस्थित अधिकांश उद्योगहरू प्रायः बन्द अवस्थामा रहे भने देशका अन्य क्षेत्रमा अवस्थित उद्योगहरू पनि न्यून क्षमतामा सञ्चालित भए। भूकम्पपश्चात् शिथिल अवस्थामा रहेको पर्यटन क्षेत्र बन्द हडताल तथा राजमार्ग अवरोधका कारण पर्यटकको आगमन संख्या अत्यन्त कम भएको छ। यसका अतिरिक्त अत्यावश्यक ईन्धनको अभावमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय उडान कटौती भएकाले उच्च अनुकुल समयमा समेत पर्यटकहरूको आगमन अझै घट्न गई समग्र पर्यटन क्षेत्रमा नकारात्मक प्रभाव पर्ने देखिएको छ। यसको परिणामस्वरूप होटल तथा रेष्टुरेन्ट क्षेत्रको बृद्धि न्यून हुने अनुमान गरिएको छ। त्यसैगरी, यातायात तथा सञ्चार, स्वास्थ्य र अन्य सामुदायिक तथा व्यक्तिगत सेवा एवम् रियलस्टेट, सार्वजनिक प्रशासन र शिक्षा जस्ता क्षेत्रहरूमा सामान्य वृद्धि हुने देखिन्छ।

### १.२.३ मुद्रास्फीति

आर्थिक वर्ष २०७२/७३ मा वार्षिक औसत मुद्रास्फीति ८.५ प्रतिशत कायम रहने अनुमान गरिएकोमा पहिलो छ महिनासम्मको औसत मुद्रास्फीति ९.४ प्रतिशत रहेको छ। यस अवधिमा वार्षिक विन्दुगत उपभोक्ता मुद्रास्फीति १२.१ प्रतिशत रहेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो मुद्रास्फीति ६.८ प्रतिशत रहेको थियो। भूकम्पबाट क्षतिग्रस्त घर/भौतिक पूर्वाधारको पुनर्निर्माण/पुनःस्थापना कार्य शुरू भएकोले विभिन्न निर्माण सामाग्रीको माग अत्याधिक बढ्ने हुँदा माग पक्षबाट मूल्यमा चाप पर्ने देखिन्छ। यसैगरी, बन्द हडताल, कृत्रिम अभाव र आपूर्तिजन्य अवरोधका कारण मूल्य स्थितिमा चाप पर्न जाने सम्भावना रहेको छ। यस पृष्ठभूमिमा चालु आर्थिक वर्षमा वार्षिक औसत मुद्रास्फीति दर ९.५ प्रतिशत रहने संशोधित अनुमान रहेको छ।

### १.२.४ मौद्रिक स्थिति

#### मुद्राप्रदाय

विप्रेषण आप्रवाहमा भएको उल्लेख्य विस्तार तथा आयातमा आएको संकुचनका कारण आर्थिक वर्ष २०७२/७३ को छ महिनामा खुद वैदेशिक सम्पत्ति (विदेशी विनिमय मूल्याङ्कन नाफा/नोक्सान समायोजित) रु. १३९ अर्ब ७५ करोड (१८.७ प्रतिशत) ले बढेको छ। फलस्वरूप विस्तृत मुद्राप्रदाय ९ प्रतिशत र संकुचित मुद्राप्रदाय १७.१ प्रतिशतले बढेका छन्। आर्थिक वर्ष २०७१/७२ को सोही अवधिमा खुद वैदेशिक सम्पत्ति (विदेशी विनिमय मूल्याङ्कन नाफा/नोक्सान समायोजित) रु. ३४ अर्ब २६ करोड (५.७ प्रतिशत) ले र विस्तृत मुद्राप्रदाय र संकुचित मुद्राप्रदाय क्रमशः ५.८ प्रतिशत र १.६ बढेको थियो।

### १.२.५ कुल आन्तरिक कर्जा

आर्थिक वर्ष २०७२/७३ को छ महिनासम्ममा कुल आन्तरिक कर्जा १.१ प्रतिशतले बढेको छ। अघिल्लो वर्षको सोही अवधिमा उक्त कर्जा ३.९ प्रतिशतले बढेको थियो। समीक्षा अवधिमा तराईमा जारी आन्दोलन एवम् सीमानाकामा भएको व्यापार अवरोधका कारण निजी क्षेत्रतर्फको कर्जा विस्तार न्यून रहनुको साथै नेपाल सरकारको सञ्चिति मौज्दात उच्च रहेको कारण कुल आन्तरिक कर्जा न्यून रहेको हो।

### १.२.६ बैंक तथा वित्तीय संस्थाहरूको साधन परिचालनको स्थिति

#### निक्षेप संकलन तथा कर्जा प्रवाह

यस अवधिमा बैंक तथा वित्तीय संस्थाहरूको निक्षेप ६ प्रतिशत (रु. १ खर्व ९२ करोड) ले बढेको छ। अघिल्लो वर्षको सोही अवधिमा पनि यस्तो निक्षेप ६ प्रतिशत (रु. ८३ अर्ब ७६ करोड) ले बढेको थियो। आर्थिक वर्ष २०७२/७३ को छ महिनासम्ममा बैंक तथा वित्तीय संस्थाहरूको कर्जा तथा लगानी ४.३ प्रतिशत (रु. ६५ अर्ब ८९ करोड) ले बढेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो कर्जा तथा लगानी ९.५ प्रतिशत (रु. १२५ अर्ब ३९ करोड) ले बढेको थियो। यस अवधिमा कृषि, औद्योगिक, उत्पादन, निर्माण, थोक तथा खुद्रा व्यापारलगायतका प्रमुख क्षेत्रमा प्रवाहित कर्जाको बृद्धिदर अघिल्लो वर्षको तुलनामा न्यून रहेको छ। कृषि क्षेत्रतफको कर्जा गतवर्ष १२.६ प्रतिशतले बढेकोमा चालु वर्षको यही अवधिमा २ प्रतिशतले मात्र बढेको छ। यसैगरी, औद्योगिक उत्पादन, निर्माण तथा थोक एवम् खुद्रा व्यापार तर्फको कर्जा क्रमशः ५.४ प्रतिशत, ४.१ प्रतिशत तथा ४.४ प्रतिशतले मात्र बढेको छ। अघिल्लो आर्थिक वर्षको यही अवधिमा यी कर्जाहरू क्रमशः १५.३ प्रतिशत, १३.८ प्रतिशत र १३.४ प्रतिशतले बढेका थिए।

### १.२.७ धितोपत्र तथा बीमा व्यवसाय

नेप्से परिसूचक वार्षिक विन्दुगत आधारमा २६.७ प्रतिशतले बृद्धि भई २०७२ पौष मसान्तमा १,१८१.२८ विन्दुमा पुगेको छ। धितोपत्रको बजार पुँजीकरण वार्षिक विन्दुगत आधारमा ३३.२ प्रतिशतले बृद्धि भई २०७२ पुस मसान्तमा रु. १,२८२ अर्ब ८७ करोड कायम भएको छ। २०७२ पुस मसान्तमा कायम बजार पुँजीकरणको आर्थिक वर्ष २०७१/७२ को कुल गार्हस्थ्य उत्पादनसँगको अनुपात ६०.४ प्रतिशत रहेको छ। २०७१ पुस मसान्तमा यस्तो अनुपात ४९.६ प्रतिशत रहेको थियो। २०७२ पुस मसान्तमा कायम रहेको बजार पुँजीकरणमा बैंक तथा वित्तीय संस्थाहरू (बीमा कम्पनीहरू सहित) को अंश ८२.२ प्रतिशत रहेको छ भने उत्पादन तथा प्रशोधन क्षेत्रको २.५ प्रतिशत, होटलहरूको १.८ प्रतिशत, व्यापारिक संस्थाहरूको ०.१ प्रतिशत, जलविद्युत क्षेत्रको ५.५ प्रतिशत र अन्यको ७.८ प्रतिशत रहेको छ।

#### बीमा व्यवसाय

हाल सञ्चालनमा रहेका १७ निर्जीवन र ९ जीवन गरी कुल २६ बीमा कम्पनीहरूको कुल सम्पत्ति/दायित्व २०७२ असारमा रु.१२४ अर्ब ३० करोड रहकोमा २०७२ असोज मसान्तमा ५.३५ प्रतिशतले बृद्धि भई रु. १३० अर्ब ९५ करोड पुगेको छ।

## वाह्य क्षेत्र

### वैदेशिक ब्यापार

आर्थिक वर्ष २०७२/७३ को छ महिनाको अवधिमा कुल वस्तु निर्यात अघिल्लो वर्षको सोही अवधिको तुलनामा २७.२ प्रतिशतले ह्रास आई रु. ३१ अर्ब ५९ करोडमा सीमित भएको छ। अघिल्लो आर्थिक वर्षको सोही अवधिमा यस्तो निर्यात ३.९ प्रतिशतले ह्रास आएको थियो।

यस अवधिमा कुल वस्तु आयातमा २५.७ प्रतिशतले कमी आई रु. २ खर्ब ७७ अर्ब ७९ करोड रहन गएको छ। अघिल्लो आर्थिक वर्षको सोही अवधिमा यस्तो आयात १२ प्रतिशतले बृद्धि भएको थियो। यस प्रकार समीक्षा अवधिमा कुल व्यापार घाटा २५.५ प्रतिशतले कमी आई रु. २ खर्ब ४६ अर्ब २० करोड रहन गएको छ। कुल व्यापारमा २५.९ प्रतिशतले कमी आई रु. ३ खर्ब ०९ अर्ब ३८ करोड पुगेको छ। अघिल्लो आर्थिक वर्षको सोही अवधिमा व्यापार घाटा १४.५ प्रतिशत र कुल वैदेशिक व्यापार १०.१ प्रतिशतले बृद्धि भएको थियो।

### शोधनान्तर स्थिति

वस्तु आयात घट्नु, अनुदान रकम बढ्नु र विप्रेषण आप्रवाहमा उच्च बृद्धि भएकाले समीक्षा अवधिमा चालु खाता उच्च बचतमा रहन गएकाले आर्थिक वर्ष २०७२/७३ को छ महिनाको अवधिमा शोधनान्तर स्थिति रु. १ खर्ब ३९ अर्ब ७५ करोडले बचतमा रहेको छ। अघिल्लो आर्थिक वर्षको सोही अवधिमा यस्तो बचत रु. ३४ अर्ब २६ करोड रहेको थियो। यस अवधिमा विप्रेषण आप्रवाहमा अघिल्लो वर्षको यही अवधिको ३.९ प्रतिशतको बृद्धिको तुलनामा १७.३ प्रतिशतले बृद्धि भई रु. ३ खर्ब २३ अर्ब ६९ करोड पुगेको छ।

### विदेशी विनिमय सञ्चिति

चालु आर्थिक वर्षको मध्यावधि समयमसम्म कुल विदेशी विनिमय सञ्चिति रु. ९८८ अर्ब ४० करोड पुगेको छ। आर्थिक वर्ष २०७२/७३ को छ महिनाको आयातलाई आधार मान्दा विदेशी विनिमय सञ्चितिको विद्यमान स्तरले २१.७ महिनाको वस्तु आयात र १७.६ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त रहने देखिन्छ।

### आर्थिक पुनरुद्धारका लागि गरिएका प्रयासहरू

- बैंकदरलाई विद्यमान ८ प्रतिशतबाट घटाई ७ प्रतिशत कायम गरिएको छ।
- इजाजतप्राप्त क, ख र ग वर्गका वित्तीय संस्थाहरूले आफ्नो कुल कर्जा सापटीको न्यूनतम क्रमशः ५ प्रतिशत, ४.५ प्रतिशत र ४ प्रतिशत कर्जा तोकिएको विपन्न वर्गमा प्रवाह गर्नुपर्ने व्यवस्था गरिएको छ।
- गरिबीको गहनता तुलनात्मक रूपमा बढी भएका पर्सा, बारा, रौतहट, सर्लाही, महोत्तरी, धनुषा, सिराहा र सप्तरीका दक्षिणी सीमावर्ती ११४ वटा गाउँ विकास समिति र ४ वटा नगरपालिकाहरूमा कृषि तथा साना व्यवसायमा आधारित आयमूलक क्रियाकलापलाई प्रोत्साहित गर्न बैंक तथा वित्तीय संस्थाहरूलाई १ प्रतिशत ब्याजदरमा विशेष पुनर्कर्जा सुविधा उपलब्ध गराउँने व्यवस्था गरिएको छ।
- बैंक तथा वित्तीय संस्थाहरूले भूकम्प पीडितहरूलाई घर निर्माणका लागि काठमाडौं उपत्यकामा रु.२५ लाखसम्म र उपत्यका बाहिर रु. १५ लाखसम्मको कर्जा २ प्रतिशत सम्मको ब्याजदरमा उपलब्ध गराउँने

र त्यसको लागि बैंक तथा वित्तीय संस्थाहरूलाई नेपाल राष्ट्र बैंकबाट शून्य ब्याजदरमा पुनर्कर्जा सुविधा उपलब्ध गराउँने व्यवस्था कार्यान्वयनमा ल्याइएको छ।

- भूकम्पबाट पूर्ण रूपमा घर क्षति भएका आफ्ना सदस्यहरूलाई आवासीय घर निर्माणको लागि 'घ' वर्गका लघुवित्त संस्थाहरूले सामूहिक जमानीमा रु. ३ लाखसम्म कर्जा प्रवाह गरेमा शून्य ब्याजदरमा पुर्नकर्जा प्रदान गर्ने व्यवस्था मिलाइएको छ।
- भूकम्पबाट भएको क्षति, दक्षिणी सीमा नाकामा देखिएको अवरोध तथा आपूर्ति प्रणालीको असहज परिस्थितिबाट कृषि, पर्यटन, उद्योग, व्यावसायलगायत अर्थतन्त्रमा पर्न गएको असरलाई न्यूनीकरण गर्दै आर्थिक गतिशीलता बढाउन आर्थिक पुनरुद्धार कोष स्थापना गरी ब्याज अनुदान तथा पुनर्कर्जा सुविधाको व्यवस्था कार्यान्वयनमा ल्याइएको छ।

# परिच्छेद २
# बजेट खर्च र स्रोत परिचालनको विश्लेषण

## २.१ खर्च विश्लेषण

### २.१.१ वार्षिक बजेट विनियोजन

चालु आर्थिक वर्ष २०७२/७३ का लागि कुल रू. ८ खर्व १९ अर्व ४६ करोड ८८ लाख ८४ हजार बजेट विनियोजन गरिएको छ। यसको विवरण तालिका २.१ मा प्रस्तुत गरिएको छ।

तालिका २.१: बजेट व्यवस्था

(रू.हजारमा)

| बाँडफाँट | विनियोजन रकम | कुल विनियोजनमा प्रतिशत |
|---|---|---|
| चालु | ४८४२६६३७५ | ५९.०९ |
| पुँजीगत | २०८८७७२४२ | २५.४९ |
| वित्तीय व्यवस्था | १२६३२५२६७ | १५.४२ |
| कुल | ८१९४६८८८४ | १००.०० |

चालु आर्थिक वर्षको बजेटलाई गत आर्थिक वर्षको बजेटसँग तुलना गर्दा विनियोजनको तुलनामा ३२.५८ प्रतिशत र यथार्थ खर्चको तुलनामा ५५.६३ प्रतिशतले बृद्धि भएको देखिन्छ। भूकम्पपछिको पुनर्निर्माणका लागि ठूलो रकम विनियोजन गर्नु परेकोले बजेटको आकार बढेको हो।

**समष्टिगत खर्च स्थिति**

चालु आर्थिक वर्षको प्रथम ६ महिनामा रू. १ खर्व ७९ अर्व ७६ करोड ६ लाख खर्च भएको छ। यो रकम कुल बजेटको २१.९४ प्रतिशत हो। कुल खर्चमध्ये चालु खर्च रू. १ खर्व ४० अर्व २९ करोड २ लाख, पुँजीगत खर्च रू. १५ अर्व ५५ लाख र वित्तीय व्यवस्थातर्फ रू. २४ अर्व ४६ करोड ४९ लाख खर्च भएको छ। यो खर्च विनियोजित बजेटको तुलनामा चालु, पुँजीगत र वित्तीय व्यवस्थातर्फ क्रमशः २८.९८, ७.१८ र १९.३७ प्रतिशत रहेकोछ। समीक्षा अवधिको चालु, पुँजीगत र वित्तीय तर्फको खर्च र गत आर्थिक वर्षको सोही अवधिको खर्च बीचको तुलनात्मक विवरण तालिका २.२ मा प्रस्तुत गरिएको छ।

तालिका २.२: समष्टिगत खर्चको तुलनात्मक स्थिति

(रकम रू.लाखमा)

| विवरण | विनियोजन | | पहिलो छ महिनाको खर्च | | गत आ.व.को तुलनामा चालु आ.व.को परिवर्तन % | बजेटको तुलनामा खर्च प्रतिशत | |
|---|---|---|---|---|---|---|---|
| | २०७१/७२ | २०७२/७३ | ०७१/७२ | ०७२/७३ | | ०७१/७२ | ०७२/७३ |
| चालु | ३९८९५१२ | ४८४२६६३ | १२३४९०३ | १४०२९०२ | १३.६० | ३०.९५ | २८.९८ |
| पुँजीगत | ११६७५५० | २०८८७७२ | १४७०६९ | १५००५५ | २.०२ | १२.६० | ७.१८ |
| वित्तीय व्यवस्था | १०२३९३८ | १२६३२५२ | २३७४६८ | २४४६४९ | ३.०२ | २३.१९ | १९.३७ |
| जम्मा | ६१८१००० | ८१९४६८८ | १६१९४४० | १७९७६०६ | ११.०१ | २६.२० | २१.९४ |

बजेटको आकार बढेसँगै गत आर्थिक वर्षको प्रथम छ महिनाको तुलनामा चालु आर्थिक वर्षको सोही अवधिमा खर्चको रकम केही बढेको देखिन्छ। गत आर्थिक वर्षको तुलनामा यस आर्थिक वर्ष मा चालुतर्फ १३.६० प्रतिशत, पुँजीगततर्फ २.०२ प्रतिशत र वित्तीय व्यवस्थातर्फ ३.०२ प्रतिशत बृद्धि भएको छ। गत आर्थिक वर्षको ६ महिनाको कुल खर्चको तुलनामा यो आर्थिक वर्षमा कुल खर्च ११.०१ प्रतिशतको बृद्धि भएको छ। अपेक्षा गरे वमोजिमको खर्च हुन नसके तापनि लामो समयको असहज परिस्थितिका बावजुद समग्र खर्चमा भएको बृद्धिलाई भने सकारात्मक रूपमा नै लिनु पर्दछ।

गत आर्थिक वर्षको पहिलो छ महिनामा विनियोजित बजेटको तुलनामा कुल खर्च अनुपात २६.२० प्रतिशत रहेकोमा चालु आर्थिक वर्षको सोही अवधिमा यस्तो अनुपात २१.९४ प्रतिशत रहेको छ। चालु खर्च बजेटको ३०.९५ प्रतिशत रहेकोमा यो आर्थिक वर्ष २८.९८ प्रतिशत, पुँजीगत खर्च अनुपात १२.६० प्रतिशत रहेकोमा यो वर्ष ७.१८ प्रतिशत र वित्तीय व्यवस्था २३.१९ प्रतिशत रहेकोमा यो वर्ष १९.३७ प्रतिशत रहेको छ। यसरी विश्लेषण गर्दा चालु आर्थिक वर्षको पहिलो छ महिनामा अघिल्लो वर्षको सोही अवधिको तुलनामा कुल खर्च, चालु खर्च, पुँजीगत खर्च र वित्तीय व्यवस्थातर्फ क्रमशः ४.२६, १.९८ र ५.४२ र ३.८३ प्रतिशत विन्दुले कमी भएको छ। तराई-मधेशको आन्दोलन एवं बन्द हडताल, आपूर्ति प्रणालीमा देखिएको असहज अवस्था, ईन्धन र निर्माण सामग्रीको अभाव, राष्ट्रिय पुनर्निर्माण प्राधिकरण गठनमा ढिलाई जस्ता कारणले पुँजीगत खर्च उल्लेखनीय रूपमा हुन नसकेको अवस्था छ।

आर्थिक वर्षको शुरूको दिन नै सम्बन्धित मन्त्रालय/निकायहरूलाई खर्च गर्ने अख्तियारी दिइएको थियो। साथै वित्तीय स्रोतको उपलव्धतामा कुनै कमी आउँन नदिने प्रतिवद्धता पनि गरिएको हो। यस्तो अवस्थामा पनि पहिलो छ महिनामा कुल बजेटको एक चौथाई पनि खर्च हुन सकेन। यसमा परिस्थितिजन्य कारणहरू मात्रै जिम्मेवार नभई बजेट कार्यान्वयन गर्ने निकायहरूमा अपेक्षित सक्रियता, समन्वय, प्रवर्तनकारी सोँच र कार्यशैलीको अभाव पनि उत्तिकै जिम्मेवार रहेको देखियो।

**स्तम्भ चित्र २.१ः समीक्षा अवधिको खर्चको तुलनात्मक स्थिति**

(प्रतिशतमा)



### २.१.२ निकाय/मन्त्रालयगत खर्च स्थिति

समीक्षा अवधिको विभिन्न निकाय/मन्त्रालयहरूको खर्चको तुलना गर्दा विनियोजनको अनुपातमा चालु खर्च तर्फ प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय १७४.९५ प्रतिशत, परराष्ट्र मन्त्रालय ८१.७२ प्रतिशत र सामान्य प्रशासन मन्त्रालयले ५८.३८ प्रतिशत खर्च गरेका छन्। पूर्ण रूपमा घर क्षति भएका भूकम्प पीडितलाई जाडो याममा न्यानो कपडा खरिद गर्न प्रधानमन्त्री दैवी प्रकोप राहत कोषमार्फत रु. ६ अर्व २ करोड ५६ लाख खर्च भएको कारण प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयको चालु तर्फ १७४.९५ प्रतिशत खर्च हुन गएको हो। **बजेटको ठूलो हिस्सा चालु खर्चतर्फ विनियोजन भएका कृषि, स्वास्थ्य, संघीय मामिला र स्थानीय विकास मन्त्रालय र शिक्षा मन्त्रालयको चालु खर्च क्रमशः ३६.१९ प्रतिशत, २४.४ प्रतिशत,२८.३७ प्रतिशत र ३३.५८ प्रतिशत मात्र भएकोले चालु खर्च ३० प्रतिशत पनि पुग्न नसकेको देखिन्छ।** यसरी चालु खर्चको अवस्था विश्लेषण गर्दा उपभोग प्रकृतिका साधारण खर्चहरू बढी भएको र पुँजी निर्माणमा योगदान पुऱ्याउँने चालु खर्च भने बढ्न सकेको देखिएन।

पुँजीगत खर्चतर्फ पहिलो, दोस्रो तथा तेस्रोमा क्रमशः न्याय परिषद् (६४.५९ प्रतिशत), उपराष्ट्रपतिको कार्यालय (४०.५६ प्रतिशत) र अख्तियार दुरूपयोग अनुसन्धान आयोग (३१.८९ प्रतिशत) रहेका छन्। पुँजीगत खर्च तर्फ धेरै विनियोजन भएका मन्त्रालयहरूको पुँजीगत खर्च कम भएको देखिएको छ। भूकम्प पछिको पुनर्निर्माणका लागि विनियोजित पुँजीगत बजेट यस अवधिमा खर्च हुन नसकेको, अर्थ, उद्योग, उर्जा, संस्कृति पर्यटन तथा नागरिक उड्डयन, परराष्ट्र, वातावरण, विज्ञान तथा प्रविधि, वाणिज्य तथा आपूर्ति र रक्षा मन्त्रालयहरूको पुँजीगत खर्च ५ प्रतिशत भन्दा कम भएको र धेरै पुँजीगत खर्च विनियोजन भएका मन्त्रालयहरू भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको ११.९८ प्रतिशत, शहरी विकास मन्त्रालयको ९.९४ प्रतिशत, सिंचाइ मन्त्रालय १२.२७ प्रतिशत, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको ११.५ प्रतिशत र स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको १४.४७ प्रतिशत पुँजीगत बजेट मात्र छ महिनाको अवधिमा खर्च हुन सकेको छ। **समग्रमा पुँजीगत खर्चमध्ये पुननिर्माणका लागि छुट्याइएको रकम र ठूला पूर्वाधार निर्माण गर्ने मन्त्रालयहरूको खर्च कम भएका कारणले पुँजीगत तर्फको कुल खर्च प्रतिशत न्यून देखिएको हो।** विभिन्न निकायहरूको खर्चको विवरण अनुसूची- ५ मा उल्लेख गरिएको छ।

### २.१.३ कार्यगत खर्चको स्थिति

समीक्षा अवधिमा विनियोजित बजेट रकमको तुलनामा सबैभन्दा बढी सामान्य सार्वजनिक सेवा तर्फ रू. ६३ अर्व ५४ करोड २५ लाख, शिक्षा क्षेत्रमा रू. ३३ अर्व ७ करोड ८२ लाख, आर्थिक मामिला क्षेत्रमा रू. ३० अर्व ५ करोड १३ लाख खर्च भएको छ। यो कुल खर्चको क्रमशः ३५.३४ प्रतिशत, १८. ४० प्रतिशत र १६.७१ प्रतिशत हुन आउँछ। यी तीन क्षेत्रमा मात्र कुल खर्चको ७०.४५ प्रतिशत खर्च भएको छ।

### २.१.४ प्राथमिकताका आधारमा खर्च स्थिति

समीक्षा अवधिमा पहिलो प्राथमिकताको क्षेत्रमा २२.३७ प्रतिशत, दोस्रोमा २५.०९ प्रतिशत र तेस्रोमा २.०७ प्रतिशत खर्च भएको छ। पहिलो प्राथमिकताको क्षेत्रमा गत वर्षको सोही अवधिको तुलनामा ४.० ९ प्रतिशत, दोश्रो प्राथमिकताको क्षेत्रमा ५.४२ प्रतिशत र तेस्रो प्राथिमकताको क्षेत्रमा १.६२ प्रतिशत विन्दुले कमी आएको छ। **प्राथमिकताको हिसावले पहिलो प्राथमिकताको बृद्धि प्रतिशत दोस्रोभन्दा कम देखिएकोले**

**प्राथमिकता निर्धारणबमोजिम खर्च गर्न सकेको देखिएन।** प्राथमिकताका आधारमा तुलनात्मक खर्च स्थितिको विवरण तालिका नं २.३ मा देखिएको छ

तालिका २.३: प्राथमिकताको आधारमा तुलनात्मक खर्च स्थिति

(रू.लाखमा)

| प्राथमिकता | बजेट विनियोजन | | पुस महिनासम्मको खर्च | | कुल बजेटको तुलनामा खर्च प्रतिशत | |
|---|---|---|---|---|---|---|
| | २०७१/७२ | २०७२/७३ | २०७१/७२ | २०७२/७३ | २०७१/७२ | २०७२/७३ |
| पहिलो (P1) | ५२७३८२२ | ७०७१४०१ | १३९५५५२ | १५८१६४१ | २६.४६ | २२.३७ |
| दोस्रो (P2) | ७०९८५० | ८३६६८९० | २१६६०२ | २१००३४ | ३०.५१ | २५.०९ |
| तेस्रो (P3) | १९७३२८ | २८६३९७ | ७२८६ | ५९३१ | ३.६९ | २.०७ |
| **जम्मा** | ६१८१००० | ८१९४६८९ | १६१९४४० | १७९७६०६ | २६.२० | २१.९४ |

## २.१.५ रणनीतिक स्तम्भहरूको आधारमा खर्च स्थिति

रणनीतिक स्तम्भहरूको आधारमा विश्लेषण गर्दा समीक्षा अवधिमा साधारण प्रशासनमा ३५.२५ प्रतिशत, सामाजिक सेवाको क्षेत्रहरूमा पहुँच, उपयोग र गुणस्तर अभिबृद्धिमा १४.८८ प्रतिशत र जलवायु परिवर्तनका नकारात्मक असरहरू कम गर्नमा १३.३३ प्रतिशत खर्च भएको देखिएको छ। गत आर्थिक वर्षमा ती स्तम्भहरूमा क्रमशः ३४.५९, १६.६५ र १२.८३ प्रतिशत खर्च भएको थियो। आम जनताको चासोका विषय विशेषतः "सार्वजनिक तथा अन्य क्षेत्रहरूमा सुशासन अभिबृद्धि", विकास प्रकृयामा निजी, सरकारी र सहकारी क्षेत्रको योगदान अभिबृद्धि गरी फराकिलो र समावेशी आर्थिक बृद्धि "भौतिक पूर्वाधार विकास गर्ने" जस्ता स्तम्भहरूमा सबैभन्दा कम क्रमशः ६.५७, ८.७३ र १०.० प्रतिशत मात्र खर्च भएको देखिन्छ। यी क्षेत्रहरूमा खर्च अनुपात गत आर्थिक वर्षको भन्दा कम देखिन्छ। रणनीतिक स्तम्भहरूको आधारमा खर्च स्थिति तालिका नं. २.४ मा दिइएको छ।

तालिका २.४: रणनीतिक स्तम्भहरूको बजेट तथा खर्चको तुलनात्मक स्थिति

(रू.लाखमा)

| रणनीतिक स्तम्भ | २०७२/७३ को बजेट | २०७२ पुस सम्मको खर्च | खर्च % |
|---|---|---|---|
| विकास प्रक्रियामा निजी, सरकारी र सहकारी क्षेत्रको योगदान अभिबृद्धि गरी दिगो, फराकिलो र समावेशी आर्थिक बृद्धि | ११९२०६३ | १०४०९७ | ८.७३ |
| भौतिक पूर्वाधार विकास | १८६०३०६ | १८६१५५ | १०.० |
| सामाजिक सेवाका क्षेत्रहरूमा पहुँच, उपयोग र गुणस्तर अभिबृद्धि | ९४६७१५ | १४०८८९ | १४.८८ |
| सार्वजनिक तथा अन्य क्षेत्रहरूमा सुशासन अभिबृद्धि | १६५९४० | १०८९९ | ६.५७ |
| लक्षित वर्ग, क्षेत्र र समूहको आर्थिक र सामाजिक सशक्तिकरणमा अभिबृद्धि | १७६६१२ | २३२७८ | १३.१८ |
| जलवायु परिवर्तनका नकारात्मक असरहरू कम गर्ने काम | ११८७५६ | १५८३४ | १३.३३ |
| साधारण प्रशासन | ३७३४४९७ | १३१६४५४ | ३५.२५ |
| **जम्मा** | ८१९४६८९ | १७९७६०६ | २१.९४ |

**आर्थिक वर्ष २०७२/७३ को कुल बजेटको तुलनामा रणनीतिक स्तम्भहरूको खर्च अनुपात प्रतिशत**




### २.१.६ वैदेशिक सहायतामा सञ्चालित आयोजनाहरूको खर्च स्थिति

वैदेशिक अनुदान अन्तर्गत सञ्चालित कार्यक्रम/ आयोजनाहरूमा चालु आर्थिक वर्ष रु. १ खर्व १० अर्व ९२ करोड ९४ लाख बजेट विनियोजन भएकोमा समीक्षा अवधिमा रु. ५ अर्व ९० करोड २३ लाख अर्थात विनियोजनको ५.३२ प्रतिशत मात्र खर्च भएको छ। गत आर्थिक वर्षको यसै अवधिमा वैदेशिक अनुदान सहायता अन्तर्गत जम्मा रु. ६ अर्व १७ करोड १३ लाख खर्च भएको थियो।

वैदेशिक ऋण सहायता अन्तर्गत सञ्चालित कार्यक्रम/आयोजनाहरूमा चालु आर्थिक वर्ष रु. ९४ अर्व ९६ करोड ४७ लाख बजेट विनियोजन भएकोमा समीक्षा अवधिमा जम्मा रु. २ अर्व ९१ करोड ७ लाख अर्थात ३.०७ प्रतिशत मात्र खर्च भएको छ। गत आर्थिक वर्षको यसै अवधिमा वैदेशिक ऋण सहायता अन्तर्गत जम्मा रु. २ अर्व ४१ करोड ९७ लाख खर्च भएको थियो। वैदेशिक ऋणको उपयोग पनि गत आर्थिक वर्षको पहिलो छ महिनाको खर्च भन्दा ३.४४ प्रतिशतले कम भएको छ।

यसै गरी वैदेशिक सहायता तर्फको गैर नगद खर्चतर्फ चालु आर्थिक वर्षमा रु. ८५ अर्व ७६ करोड २० लाख विनियोजन भएकोमा समीक्षा अवधिमासम्ममा रु. १० करोड ११ लाख मात्र खर्चको प्रतिवेदनमा समावेश गरिएको छ। सोझै भुक्तानी तर्फको समयमा प्रतिवेदन हुन नसकेको कारण यस्तो स्थिति देखिएको हो। गत आर्थिक वर्षको सोही अवधिमा यसको प्रगति शुन्य देखिएको थियो।

### २.१.७ शीर्षकगत खर्च स्थिति

समीक्षा अवधिमा भएको शीर्षकगत खर्च रकमलाई विनियोजित रकमसँग तुलना गर्दा सबैभन्दा बढी सरकारी निकाय/बोर्डलाई अनुदान खर्चमा विनियोजित रकमको ७९.५३ प्रतिशत खर्च भएको छ। मन्त्रालय/निकायहरूलाई गरिएको विनियोजनका अलावा अर्थ मन्त्रालयबाट भूकम्प पीडितलाई न्यानो कपडा वितरण गर्न यस शीर्षकबाट थप निकासा गरिएकाले यो रकम बढी देखिएको हो। दोस्रो र तेस्रोमा क्रमशः औषधि उपचार खर्चमा ७३.८३ प्रतिशत अन्य सामाजिक सहायतामा ५८.९३ प्रतिशत खर्च भएको छ। यस्तै विनियोजित रकमको तुलनामा सबैभन्दा कम भवन खरीदमा ०.०८ प्रतिशत, सफ्टवेयर निर्माण र खरीदमा ०.२९ प्रतिशत र संस्थानमा शेयर लगानीमा ०.४६ प्रतिशत मात्र खर्च भएको छ। शीर्षकगत खर्चको तुलनात्मक विवरण अनुसूची-३ मा उल्लेख गरिएको छ।

## २.२ स्रोत परिचालन विश्लेषण

### २.२.१ राजस्व परिचालन

चालु आर्थिक वर्षको बजेटमा राजस्वको अंशबाट मात्र ५८ प्रतिशत योगदान रहने गरी रु.४ खर्व ७५ अर्ब १ करोड राजस्व परिचालन गर्ने गरी स्रोत व्यवस्थापन गरिएको थियो। राजस्वको यो अनुमान गत वर्षको संशोधित लक्ष्यको तुलनामा १२.४ प्रतिशत र यथार्थ असुलीको तुलनामा १७.१ प्रतिशतले बढी हो।

### २.२.२ राजस्व संकलनको अवस्था

- राजस्वको वार्षिक लक्ष्य रू. ४ खर्व ७५ अर्व १ करोड २१ लाख मध्ये समीक्षा अवधिसम्ममा लक्ष्य रु. २ खर्व १६ अर्व ५९ करोड ६३ लाख रहेकोमा रू.१ खर्व ६४ अर्व ३२ करोड ७७ लाख असुली भई लक्ष्यको तुलनामा ७५.८७ प्रतिशत र वार्षिक लक्ष्यको ३४.५९ प्रतिशत मात्र असुली भएको छ। यो असुली गत आर्थिक वर्ष २०७१/७२ को यसै अवधिको तुलनामा १४ प्रतिशतले कम रहेको छ।
- समीक्षा अवधिमा संकलित राजस्व मध्ये कर राजस्वतर्फ रु.१ खर्व ४८ अर्व ३६ करोड ८६ लाख अर्थात लक्ष्यको तुलनामा ७५.२२ प्रतिशत र गैर कर राजस्व तर्फ रु. १५ अर्व ९५ करोड ९१ लाख अर्थात लक्ष्यको तुलनामा ८३ प्रतिशत संकलन भएको छ।
- समीक्षा अवधिमा संकलित कर राजस्वको शीर्षकगत योगदानलाई तलको चित्रमा प्रस्तुत गरिएको छ।

चित्रः कर राजस्वको शीर्षकगत योगदान




कर राजस्व संरचनाको विश्लेषण गर्दा मूल्य अभिबृद्धि कर ३२.७१ प्रतिशत, आयकर २८.४० प्रतिशत, भन्सार महसुल १८.५५ प्रतिशत र अन्तःशुल्क १४.९१ प्रतिशत रहेको छ। गत वर्षको यसै अवधिमा संकलन भएको राजस्व रु. १ खर्व ९० अर्व ५२ करोड ६ लाखमा मूल्य अभिबृद्धि कर ३१.९२ प्रतिशत आयकर २२.४५ प्रतिशत, भन्सार महसुल २०.८३ प्रतिशत र अन्तशुल्क १४.३९ प्रतिशत रहेको थियो। तसर्थ, समीक्षा अवधिमा गत वर्षको तुलनामा मूल्य अभिवृद्धि कर र आयकरतर्फ योगदान बढेको,

भन्सारको घटेको तथा अन्तःशुल्को योगदान खासै परिवर्तन नभएको अवस्था छ। घर जग्गा रजिष्ट्रेशनमा लाग्ने कर र सवारी साधन करको योगदान समेत गत वर्षको यसै अविधको भन्दा केही घटेको देखिन्छ।

### २.२.३ शीर्षकगत राजस्व संकलनको अवस्था

**मूल्य अभिबृद्धि करः**

मूल्य अभिबृद्धि कर तर्फ रू.१ खर्व ४० अर्व ८९ करोड १६ लाखको लक्ष्य छ। समीक्षा अवधिमा रू.६५ अर्व ८८ करोड १३ लाखको लक्ष्य रहेकोमा रू.४८ अर्व ५३ करोड ०८ लाख असुली भई लक्ष्यको तुलनामा ७३.६६ प्रतिशत र वार्षिक लक्ष्यको ३४.४४ प्रतिशत प्रगति भएको छ। यो असुली गत आर्थिक वर्षको यसै अवधिको तुलनामा १२.८२ प्रतिशतले कम रहेको छ। संकलित मूल्य अभिबृद्धि करमा पैठारीको योगदान ५२.७२ प्रतिशत र आन्तरिक उत्पादन, बिक्री र सेवाको योगदान ४७.२८ प्रतिशत रहेको छ।

**आयकरः**

आयकर तर्फ रू.१ खर्व ०९ अर्व ०७ करोड ४७ लाख लक्ष्य रहेको छ। समीक्षा अवधिमा रु.४८ अर्व ०१ करोड ६६ लाखको लक्ष्य रहेकोमा रू. ४२ अर्व १४ करोड १९ लाख असुली भई लक्ष्यको तुलनामा ८७.७६ प्रतिशत र वार्षिक लक्ष्यको ३८.६४ प्रतिशत प्रगति भएको छ। यो असुली गत आर्थिक वर्षको यसै अवधिको तुलनामा ८ प्रतिशतले बढेको छ। संकलित आयकर राजस्वमा आयकर, बहालको आयकर र व्याजको आयकरको योगदान क्रमशः ८८.२० प्रतिशत ३.५६ प्रतिशत र ८.२४ प्रतिशत रहन गएको छ।

**अन्तःशुल्कः**

अन्तःशुल्क तर्फ रू.६५ अर्व ८१ करोड १९ लाख लक्ष्य रहेको छ। समीक्षा अवधिमा रू.३० अर्व २१ करोड १३ लाखको लक्ष्य रहेकोमा रू.२२ अर्व १२ करोड २३ लाख असुली भई लक्ष्यको तुलनामा ७३.२२ प्रतिशत र वार्षिक लक्ष्यको ३३.६१ प्रतिशत प्रगति भएको छ। यो असुली गत आर्थिक वर्षको यसै अवधिको तुलनामा ११.८६ प्रतिशतले कम रहेको छ। संकलित अन्तःशुल्कमा पैठारी र आन्तरिक उत्पादनको योगदान क्रमशः ४०.४५ प्रतिशत र ५९.५५ प्रतिशत रहेको छ।

**भन्सार महसुलः**

भन्सार महसुल तर्फ रू. ८३ अर्व २९ करोड १८ लाखको लक्ष्य रहेको छ। समीक्षा अवधिसम्ममा रू.३८ अर्व ३१ करोड ४२ लाखको लक्ष्य रहेकोमा रू. २७ अर्व ५२ करोड १३ लाख असुली भई लक्ष्यको तुलनामा ७१.८३ प्रतिशत र वार्षिक लक्ष्यको ३३.०४ प्रतिशत प्रगति भएको छ। यो असुली गत आर्थिक वर्षको यसै अवधिको तुलनामा २४.२३ प्रतिशत कम रहेको छ। संकलित भन्सार महसुलमा पैठारी महसुलको योगदान ९४.२९ प्रतिशत रहेको छ।

**शिक्षा सेवा शुल्कः**

शिक्षा सेवा शुल्क तर्फ रू. ६४ करोड ६८ लाखको लक्ष्य रहेको छ।समीक्षा अवधिमा रू. ३६ करोड ७९ लाखको लक्ष्य रहेकोमा रू. २९ करोड ४५ लाख असुली भई लक्ष्यको तुलनामा ८०.०६ प्रतिशत र वार्षिक लक्ष्यको ४५.५३ प्रतिशत प्रगति भएको छ। यो असुली गत आर्थिक वर्षको यसै अवधिको तुलनामा १०.४७ प्रतिशतले बढेको छ।

**स्वास्थ्य सेवा करः**

स्वास्थ्य सेवा कर तर्फ वार्षिक रू.८२ करोड ८७ लाखको लक्ष्य रहेको छ। समीक्षा अवधिसम्ममा रू. ५० करोड ५९ लाखको लक्ष्य रहेकोमा रू. ४० करोड ३० लाख असुली भई लक्ष्यको तुलनामा ७९.६६ प्रतिशत र वार्षिक लक्ष्यको ४८.६२ प्रतिशत प्रगति भएको छ। यो असुली गत आर्थिक वर्षको यसै अवधिको तुलनामा १७.४३ प्रतिशतले कम रहेको छ।

**घर जग्गा रजिष्ट्रेशनमा लाग्ने करः**

घर जग्गा रजिष्ट्रेशनमा लाग्ने कर तर्फ रू. १२ अर्ब १ करोड १० लाखको लक्ष्य रहेको छ। समीक्षा अवधि सम्ममा रू. ५ अर्ब ९८ करोड २९ लाखको लक्ष्य रहेकोमा रू.३ अर्ब ९२ करोड २९ लाख असुली भई लक्ष्यको तुलनामा ६५.५७ प्रतिशत र वार्षिक लक्ष्यको ३२.६६ प्रतिशत प्रगति भएको छ। यो असुली गत आर्थिक वर्षको यसै अवधिको तुलनामा १५.१८ प्रतिशतले कम रहेको छ।

**सवारी साधन करः**

सवारी साधन कर तर्फ रू. ६ अर्व ४५ करोडको लक्ष्य रहेको छ। समीक्षा अवधिसम्ममा रू. ३ अर्व ९७ करोड ०८ लाखको लक्ष्य रहेकोमा रू.२ अर्व ८८ करोड ४३ लाख असुली भई लक्ष्यको तुलनामा ७२.६४ प्रतिशत र वार्षिक लक्ष्यको ४४.७२ प्रतिशत प्रगति भएको छ। यो असुली गत आर्थिक वर्षको यसै अवधिको तुलनामा १५.९३ प्रतिशतले कम रहेको छ।

### २.२.४ चालु आर्थिक वर्षको समीक्षा अवधिमा हासिल भएका मुख्य मुख्य उपलव्धिहरू

- केन्द्रीय राजस्व बोर्डको गठनसम्बन्धी अवधारणापत्र स्वीकृत गरी कानूनी व्यवस्था तथा संरचना कानून निर्माणको लागि विज्ञहरू छनौट गर्ने काम भइरहेको छ। कर कानूनलाई सरल बनाउन एकीकृत कर संहिता तर्जुमाका लागि अवधारणापत्र स्वीकृत भई विज्ञहरूद्वारा काम शुरू भइसकेको छ।
- मुलुक संघीय संरचनामा गएको सन्दर्भमा संघ, प्रदेश र स्थानीय निकायहरूको आर्थिक कार्यप्रणाली सम्वन्धी व्यवस्थाको लागि कानूनको मस्यौदा तयारी गर्ने कार्य शुरू गरिएको छ।
- राजस्व प्रशासनमा एकीकृत विद्युतीय कर प्रणालीको स्थापनाका लागि कार्यदल गठन भई अन्तिम प्रतिवेदन प्राप्त हुने अवस्थामा रहेको छ।
- भन्सारका कार्यप्रकृयालाई कम्प्यूटर प्रणालीमा स्तरोन्नति गर्न साविकको विगतको आसिकुडा++ प्रणालीलाई वेभमा आधारित आसिकुडा वर्ल्ड प्रणालीमा रुपान्तरण गरिएको छ। मेची भन्सार कार्यालयबाट परीक्षणको रूपमा यो प्रणालीको थालनी गरिएको छ।
- राजस्व छुटसम्बन्धी विषयलाई पारदर्शी बनाउन र विवरणलाई एकिकृत गर्न राजस्व छुट सम्वन्धी Software तयार भई भन्सार विभागमा परीक्षणको रूपमा कार्यान्वयनमा ल्याइएको छ।
- वर्तमान असहज अवस्थाबाट न्यून भएको राजस्व परिपूरण गर्ने गरी तयार गरिएको राजस्व परिचालनको वैकल्पिक कार्ययोजना (Back-Up Plan) स्वीकृत गरी कार्यान्वयनमा ल्याइएको छ।
- मूल्य अभिबृद्धि करको थ्रेसहोल्डमा गरिएको पुनरावलोकनको कार्यान्वयन गर्न दर्ता खारेजीसम्बन्धी कार्यविधि तयार भएको छ।
- वार्षिक रु. ४० लाखभन्दा बढी करयोग्य आय हुने व्यक्तिले आय विवरण पेश गर्नुपर्ने व्यवस्थाको कार्यान्वयनको लागि प्रणाली विकासको थालनी गरिएको छ।

- रु. ५ करोड भन्दा माथिको कारोबार गर्ने करदाताले रु.१ लाख भन्दा बढीको खरिद तथा बिक्री विवरण कर विवरण साथ पेश गर्नुपर्ने व्यवस्थाको कार्यान्वयन गरी कर जोखिम व्यवस्थापन शुरू गरिएको छ।
- संशोधित क्योटो अभि-सन्धिको प्रावधानअनुरूप भन्सार ऐनमा परिमार्जनको कार्य शुरू गरिएको छ।
- राजस्व प्रशासनलाई नतिजामुखी बनाउनका लागि अर्थ सचिव र चार वटा विभागका विभागीय प्रमुखहरूका बीच र विभागीय प्रमुख र कार्यालय प्रमुखहरूका बीच कार्य सम्पादन सम्झौता सम्पन्न भएका छन्।
- विवादित कर रकमहरू सम्झौतामार्फत फछ्र्यौट गरी कर राजस्व परिचालनमा सकारात्मक बनाउन गत आर्थिक वर्षमा गठन भएको उच्चस्तरीय कर फछ्र्यौट आयोगको म्याद चालु वर्षको असोज मसान्तसम्म थप भएकोमा आयोग मार्फत १०६९ निवेदन फर्छ्यौट गरी रु. ९ अर्व ५४ करोड ५८ लाख कर वक्यौता मिलान भएको छ।
- रु. २० हजारसम्मका पूराना बक्यौताहरूको अपलेखन गर्ने आर्थिक ऐनको प्रावधान अनुसार समीक्षा अवधिमा ३४ हजार ५ सय ७० करदाताको रु. १५ करोड ४७ लाख २२ हजार बक्यौता अपलेखन गरिएको छ।
- चालु आर्थिक वर्षको यस समीक्षा अवधिसम्ममा ६७७४० करदाताहरूलाई करको दायरामा ल्याई करदाताको संख्या १३ लाख ५४ हजार ८ सय ३१ पुग्न गएको छ।
- सीमा नाकामा अवरोध भएयता बस तथा ट्रकका चेसीसहरू पैठारी भई भन्सार नियमावली, २०६४ को नियम ८ को उपनियम १७ बमोजिमको समयावधि भित्र बडी बनाउने प्रयोजनका लागि निकासी गर्न नपाएको र निकासी भएकाको बडी बनाई पैठारी गर्न नसकेकोमा बीरगञ्ज भन्सारबाट निकासी पैठारी हुनेको हकमा मात्र २०७२ चैत्र मसान्तसम्म म्याद थप गरिएको।

### २.२.५ राजस्व परिचालनमा देखिएका चुनौतीहरुः

समीक्षा अवधिमा राजस्व नीति तथा कार्यक्रमको कार्यान्वयनको क्रममा राजस्व परिचालनमा देहायका चुनौतीहरू देखापरेका छन्:

- भूकम्प पछिको पुनर्स्थापना र पुनर्निर्माणका लागि ठूलो आकारको बजेट ल्याई आर्थिक क्रियाकलापमा गतिशीलता सहितको विस्तारले राजस्व परिचालनमा सकारात्मक प्रभाव परी वित्तीय सवलीकरण हुने अपेक्षा गरिएको थियो। यसको सकारात्मक संकेत चालु वर्षको साउन महिनाको राजस्व परिचालनले देखिएको थियो। त्यस पछिका दिनहरूमा सीमा नाकाहरूमा देखिएको अवरोध र तराई मधेशमा भएको वन्द हडतालले आपूर्ति प्रणालीमा गम्भीर प्रभाव पर्न गई आर्थिक क्रियाकलापमा संकुचन आई राजस्व परिचालनमा नकारात्मक प्रभाव पर्न गएको छ।
- अनौपचारिक अर्थतन्त्रलाई औपचारिक अर्थतन्त्रमा परिणत गरी करको दायरामा ल्याउने काम पनि थप चुनौतिको रूपमा थपिएको छ।
- वैध व्यापारलाई प्रोत्साहन गरी व्यापार सहजीकरण तथा राजस्व संरक्षण कार्य कठिन भएको छ।
- आर्थिक क्रियाकलाप विस्तार र लगानी उत्प्रेरित गर्ने गरी राजस्व नीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयन गर्ने।

- हालसम्म न्यून भएको राजस्व परिपूरण गर्ने गरी तयार गरिएको वैकल्पिक कार्य योजनाको सफल कार्यान्वयन गर्ने।
- राजस्व चुहावटलाई बृहत् रूपमा निकायगत समन्वय गरी नियन्त्रण गर्ने र स्वेच्छिक कर सहभागिता मार्फत कर राजस्वमा अभिबृद्धि ल्याउने।

### २.२.६ राजस्व संकलनमा सुधारका सम्भावनाहरू

- राजस्व परिचालनको वैकल्पिक कार्य योजना (Back-Up Plan) को कार्यान्वयनबाट राजस्व संकलनमा सकारात्मक बृद्धि हुन सक्ने देखिन्छ।
- बक्यौता संकलनमा तदारुकता ल्याई राजस्व असुलीमा बढोत्तरी ल्याउन सकिने सम्भावना छ।
- वित्तीय उत्प्रेरणा र नियमनकारी छुटका प्रावधानले व्यवसायमा सहजीकरण हुने र अर्थतन्त्रमा थप गतिशीलता आई राजस्व असुलीमा सहयोग पुग्न सक्ने।
- पुननिर्माणको कार्य र ठूला आयोजनाको कार्यान्वयनमा तिव्रता आएमा राजस्व संकलनमा सकारात्मक प्रभाव पर्ने।

### २.२.७ राजस्व लक्ष्यको संशोधित अनुमान र त्यसका आधारहरू

राजस्वको लक्ष्य रु. ४ खर्ब ७५ अर्ब १ करोड २१ लाख कायम गर्दा आ.व २०७१/७२ को संशोधित लक्ष्यको १२.४ प्रतिशत र राजस्व असुलीको १७.१ प्रतिशतले बृद्धि हुने अनुमान गरिएको थियो।चालु आर्थिक वर्षमा भूकम्प पछिको पुनः निर्माणको कामले गति लिने हुँदा यसबाट पुँजीगत खर्च बृद्धि सँगसँगै राजस्व पनि बढ्ने अनुमानका साथ राजस्वको महत्वाकांक्षी लक्ष्य निर्धारण गरिएको थियो। चालु आर्थिक वर्ष. को पहिलो महिनाको राजस्व असुलीले त्यो कुराको सकरात्मक संकेत पनि दिएको थियो तर दोस्रो महिनादेखि शुरू भएको तराई मधेश आन्दोलन र सीमा नाका अवरोधका कारण उद्योग, व्यापार, पर्यटन, सामाजिक क्षेत्र लगायतका अर्थतन्त्रका सबै क्षेत्रहरू प्रभावित हुन पुगे। ६ महिनासम्मको वर्तमान असहज अवस्थामा सुधार भए पनि वर्षभरी नै सहज अवस्था रहने अपेक्षा गरी राखिएको राजस्वको लक्ष्य हासिल हुन सक्ने अवस्था देखिंदैन।

पहिलो ६ महिनाको राजस्वको लक्ष्य रु. २ खर्ब १६ अर्ब ५९ करोड ६३ लाख रहेकोमा रु. १ खर्ब ६४ अर्ब ३२ करोड ७७ लाख मात्र असुल भई लक्ष्यको तुलनामा ७५.८७ प्रतिशत र वार्षिक लक्ष्यको तुलनामा ३४.५९ प्रतिशत प्रगति भएको छ। यो असुली गत वर्षको यसै अवधिको तुलनामा १४ प्रतिशतले कम छ।यस अवधिसम्ममा रु. ५२ अर्ब २६ करोड ८६ लाख ८९ हजार राजस्व न्यून हुन गएको छ।आन्तरिक राजस्व तर्फ २०७२ पौष महिनासम्म पेश भएका मू. अ. कर विवरण, आ.व. २०७१/७२ का आय विवरण, चालु आ. व. का अनुमानित करको विवरण विश्लेषण गर्दा समेत चालु आ.व. को हालसम्म न्यून भएको राजस्व रु ५२ अर्ब २६ करोड ८६ लाख ८९ हजार परिपुरण हुन सक्ने सम्भावना नै देखिंदैन। अर्थ मन्त्रालयबाट स्वीकृत वैकल्पिक कार्ययोजनाको प्रभावकारी कार्यान्वयन गर्दा समेत वार्षिक रु. ४ खर्ब ३० अर्ब ३४ करोड ५१ लाख भन्दा बढी राजस्व उठने सम्भावना देखिंदैन।तसर्थ राजस्व तर्फको देहायअनुसारको संशोधित लक्ष्य निर्धारण हुनु पर्ने देखिन्छः

तालिका नं.२.०६ आर्थिक वर्ष २०७२/७३ को राजस्व तर्फको संशोधित लक्ष्य

रु. हजारमा

| राजस्व शीर्षक | वार्षिक लक्ष्य | संशोधित लक्ष्य |
|---|---|---|
| भन्सार महसुल | ८३,२९,१७,८७ | ७४,७८,७०,०० |
| मूल्य अभिबृद्धि कर | १,४०,८९,१६,५३ | १,२७,४३,००,०० |
| अन्तशुल्क | ६५,८१,१९,७८ | ५८,७५,००,०० |
| आयकर | १,०९,०७,४७,४३ | ९७,५७,००,०० |
| स्वास्थ्य सेवा कर | ८२,८७,७४ | ७४,५०,०० |
| शिक्षा सेवा शुल्क | ६४,६८,४८ | ५८,२०,०० |
| रजिष्ट्रेशन कर | १२,०१,१०,०० | १०,२०,००,०० |
| सवारी साधन कर | ६,४५,००,०० | ५,४८,००,०० |
| अन्य कर | ८,००,४२,१७ | ६,८०,००,०० |
| जम्मा कर राजस्व | ४,२७,०१,१०,०० | ३,८२,३४,४०,०० |
| गैर कर राजस्व | ४८००११०० | ४८,००,११,०० |
| **जम्मा राजस्व** | ४,७५,०१,२१,०० | ४,३०,३४,५१,०० |

## २.३ अन्तर्राष्ट्रिय आर्थिक सहायता परिचालन

### २.३.१ बजेटमा वैदेशिक सहायताको अवस्था

विकासको लागि आवश्यक स्रोतको न्यून पूर्ति गर्न वैदशिक **सहायताको परिचालन गरिन्छ।** चालु आर्थिक वर्षको बजेटमा वैदेशिक सहायता अन्तर्गत अनुदानबाट रु. १ खर्ब १० अर्ब ९२ करोड ९४ लाख (५३.८७%) र ऋणबाट रु. ९४ अर्ब ९६ करोड ४७ लाख (४६.१३%) गरी जम्मा रु. २ खर्ब ५ अर्ब ८९ करोड ४१ लाख परिचालन गर्ने लक्ष्य रहेको छ। यो कुल बजेटको २५ **प्रतिशत रहेको छ,** जुन गत वर्षको प्राप्त वैदेशिक सहायताको अनुमान भन्दा ६७.५० प्रतिशतले **बढी छ। भूकम्प** पछिको पुनर्निमाण र पुनर्स्थापनासंग **सम्बन्धित कार्यक्रमको** लागि वैदेशिक सहायतामा वृद्धि भएको हुँदा चालु आर्थिक वर्षमा गत वर्षको तुलनामा वैदेशिक सहायताको अंश अधिक रहन गएको हो।



### २.३.२ वैदेशिक सहायताको प्रतिवद्धता

समीक्षा अवधिसम्ममा विभिन्न विकास आयोजना कार्यान्वयनको लागि रु. १ खर्ब ८ अर्ब ४६ करोड ६१ लाख बराबरको वैदेशिक सहायताको प्रतिवद्धता प्राप्त भएको छ। यस मध्ये रु. १६ अर्ब ३६ करोड २१ लाख अनुदान (१५.०८%) र रु. ९२ अर्ब १० करोड ४० लाख बराबरको सहुलियतपूर्ण ऋण सहायता (८४.९२%) रहेको छ। प्राप्त वैदेशिक सहायता मध्ये बजेट सहायताको रूपमा रु. १६ अर्ब ८० करोड (१५.४८%) र बाँकी रु. ९१ अर्ब ६६ करोड ६० लाख (८४.५२%) परियोजना सहायताको रूपमा प्राप्त भएको छ। अघिल्लो आर्थिक वर्षको सोही अवधिमा वैदेशिक सहायताको प्रतिवद्धता रु.१ खर्ब ७२ अर्ब ८७ करोड १८ लाख रहेको थियो। जस मध्ये अनुदान तर्फ रु. ६५ अर्ब १२ करोड ३६ लाख (३७.६७%) र ऋण तर्फ रु. १ खर्व ७ अर्ब ७४ करोड ८१ लाख (६२.३३%) रहेको थियो। चालु आ.व.को कुल प्रतिवद्धता रकम रु. १ खर्व ८ अर्व ४६ करोड ६१ लाख मध्ये भूकम्प पछिको पुनर्निर्माणको लागि रु. ८९ अर्व ८८ करोड प्राप्त भएको छ।

**वैदेशिक सहायता प्रतिवद्धताको वर्तमान अवस्था**







समीक्षा अवधिमा वैदेशिक सहायतामा सञ्चालित विभिन्न परियोजना कार्यान्वयनको सिलसिलामा वैदेशिक सहायता व्यवस्थापन प्रणालीमा दातृ निकायबाट प्रविष्टी गरेको विवरणको आधारमा दाता मार्फत रु.११ अर्ब १९ करोड १२ लाख सोझै भुक्तानी भएको देखिन्छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो खर्च रु.१६ अर्ब ५५ करोड ४१ लाख रहेको थियो। नेपाल भारत सीमा क्षेत्रमा भएको अवरोधको कारण पेट्रोलियम पदार्थ लगायत निर्माण सामाग्री र अत्यावश्यक बस्तुहरूको आपूर्ति व्यवस्थामा देखिएको समस्याबाट विकास आयोजना कार्यान्वयनमा पर्न गएको प्रतिकुल असरले गर्दा समीक्षा अवधीमा कोष प्रणाली मार्फत भएको खर्च र दातृ निकाय मार्फत सोझै भुक्तानी भएको खर्च समेत न्यून भएको हो।

रकम रु. दशलाखमा

| सि.नं. | विवरण | आर्थिक वर्ष २०७१।७२ | | | आर्थिक वर्ष २०७२।७३ | | | बृद्धि प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| | | अनुदान | ऋण | जम्मा | अनुदान | ऋण | जम्मा | |
| १ | प्रतिवद्धता पहिलो ६ महिना | ६५१२४ | १०७७४८ | १७२८७२ | १६३६२ | ९२१०४ | १०८४६६ | (३७.२५) |
| २ | वार्षिक बजेट | ७३३८५९ | ४९५२८८ | १२२९१४७ | ११०९२९४ | ९४९६४७ | २०५८९४१ | ६७.५० |
| ३ | खर्च पहिलो ६ महिना (कोष प्रणाली मार्फत) | ६१७१३ | २४१९७ | ८५९१० | २९२२४ | ५९२८१ | ८८५०५ | ३.०२ |
| ४ | खर्च पहिलो ६ महिना (सोझै भूक्तानी तर्फ) | १६५५ | ० | १६५५ | १११९ | ० | १११९ | (३२.३९) |

### २.३.३ भूकम्प पश्चातको पुनर्निर्माणको लागि अन्तर्राष्ट्रिय सहायताको प्रतिबद्धता :

२०७२ बैशाख १२ गते गएको विनाशकारी भूकम्पको कारण देशले भोग्नु परेको जनधनको क्षतिको पुर्ननिर्माण र पुर्नस्थापनाको लागि अन्तर्राष्ट्रिय समुदायको आर्थिक तथा नैतिक सहायताको लागि ऐक्यबद्धता प्राप्त गर्न २०७२ आषाढ १० गते नेपालको पुनर्निर्माणको लागि अन्तर्राष्ट्रिय सम्मेलन (International Conference on Nepal's Reconstructions, ICNR) सम्मेलन आयोजना गरिएको थियो। सो अवसरमा सहभागी दातृ निकायहरूका प्रतिनिधिहरूबाट अमेरिकी डलर ४१०९ मिलियन अर्थात करिब रु. ४ खर्ब ३१ अर्ब ५० करोड नेपाली रुपैंया बराबरको ऋण तथा अनुदान सहायताको प्रतिवद्धता प्राप्त भएको थियो।

नेपालको पुनर्निर्माणको लागि अन्तर्राष्ट्रिय सम्मेलनमा प्राप्त भएको प्रतिवद्दता मध्ये समीक्षा अवधिमा जम्मा अमेरिकी डलर ८५६ मिलियन अर्थात नेपाली रुपैंया करिब रु. ८९ अर्ब ८८ करोड बराबरको ऋण तथा अनुदान सम्वन्धी सम्झौता सम्बन्धित दातृ निकायहरूसंग सम्पन्न भई सकेको छ। जस मध्ये अमेरिकी डलर ९२ मिलीयनअर्थात नेपाली रुपैंया करिब रु. ९ अर्ब ६५ करोड (१०.७४%) अनुदान सहायता छ र अमेरिकी डलर ७६४ मिलीयन अर्थात नेपाली रुपैंया करिब रु. ८० अर्ब २३ करोड (८९.२६%)ऋण सहायता रहेको छ। यस्तो सहायता सम्वन्धी विवरण अनुसूचीमा राखिएको छ।

समीक्षा अवधिमा भूकम्प पछिको पुनर्निर्माणको लागि १६० मिलियन अमेरिकी डलर अर्थात नेपाली रुपैयाँ करिव रु. १६ अर्ब ८० करोड  बजेट सहायताको रूपमा प्राप्त भएको छ र बाँकी ६९६.०७ मिलियन अमेरिकी डलर अर्थात नेपाली रुपैयाँ करिव रु. ७ खर्ब ३० अर्ब ८७ करोड परियोजना सहायताको रूपमा प्राप्त भएको छ।

### २.३.४ बैदेशिक सहायताको सोधभर्ना स्थितिः

**चालु आर्थिक वर्षको शुरूमा बैदेशिक सहायता तर्फ नेपाल सरकारको स्रोतबाट खर्च भई सोधभर्ना प्राप्त गर्नु पर्ने रकम रु.३७ अर्ब ८७ करोड ९५ लाख रहेकोमा समीक्षा अवधीमा रु.२३ अर्ब ४१ करोड ९ लाख (६१.८०%) सोधभर्ना प्राप्त भैसकेको छ। गत वर्षको सोही अवधिमा रु. २९ अर्ब  ६२ करोड ६२ लाख सोधभर्ना लिनु पर्ने रकम रहेकोमा केवल रु.९ अर्ब ९६ करोड १७ लाख (३३.६२%) मात्र शोधभर्ना प्राप्त भएको थियो।** वैदेशिक श्रोत तर्फ शोधभर्नाको रकम प्राप्त गर्न यस वर्ष गरिएको सघन प्रयासको फलस्वरूप उल्लेख्य रकम शोधभर्ना प्राप्त हुन आएको छ। जसबाट यस अघि समयमा शोधभर्ना प्राप्त हुन नसकी राष्ट्रिय कोषमा पर्ने गरेको चाप समीक्षा अवधिमा न्यून भएको छ।

### २.३.५ वैदेशिक ऋणको वर्तमान अवस्था

विकासको लागि आवश्यक स्रोतको न्यूनता पूर्ति गर्न वैदशिक सहायताको परिचालन गर्ने क्रममा समीक्षा अवधी (२०७२ पौष मसान्त) सम्ममा लिएको बहुपक्षीय वैदिशक ऋण रु. ३ खर्ब २२ अर्ब ५२ करोड २९ लाख र द्विपक्षीय बैदशिक ऋण रु. ३३ अर्ब ५७ करोड ५५ लाख गरी कुल बैदशिक ऋण रु.३ खर्ब ५६ अर्ब ९ करोड ८४ लाख रहेको छ। गत वर्षको सोही अवधी सम्ममा बहुपक्षीय वैदिशक ऋण रु. ३ खर्ब ३ अर्ब ७८ करोड ८० लाख र द्विपक्षीय बैदशिक ऋण रु. ३३ अर्ब ६५ करोड १० लाख गरी कुल बैदशिक ऋण रु. ३ खर्ब ३७ अर्ब ४३ करोड ९० लाख रहेको थियो।

### २.३.६ आन्तरिक ऋण परिचालन

- चालु आर्थिक वर्षमा आन्तरिक ऋण रु. ८८ अर्व परिचालन गर्ने लक्ष्य राखिएकोमा समीक्षा अवधिसम्ममा आन्तरिक ऋण उठाइएको छैन। आर्थिक वर्षको बाँकि अवधिमा श्रोत व्यवस्थापनको लागि आन्तरिक ऋण उठाउनु पर्ने देखिन्छ।

### २.३.६ अन्तर्राष्ट्रिय आर्थिक सहायता परिचालनमा देखा परेका प्रमुख समस्याहरू

- प्रत्येक वर्ष सहायता प्रतिवद्धता जसरी बढिरहेको छ सोही अनुपातमा सहायताको उपयोगमा बृद्धि हुन सकेको छैन।
- बैदेशिक श्रोततर्फ अझै पनि शोधभर्नाको रकम समयमै प्राप्त गर्न नसक्दा सरकारी कोषमाथि अनावश्यक भार पर्ने गरेको छ।
- विकास साझेदारबाट सहायता सूचना प्रणालीमा प्राप्त हुने सहायता सूचनाहरू समयमै प्राप्त नहुंदा सहायता सूचना प्रणालीलाई विकास सहायता परिचालनको निर्णय प्रक्रियाको भरपर्दो सूचनाको श्रोतको रूपमा उपयोग गर्न सकिएको छैन।
- बैदेशिक सहयोग रकम स-साना विकास आयोजनाहरूमा छरिएर परिचालन हुँदा कारोवार लागत खर्च बढेको छ भने एउटा दाता औसतमा ९ वटा निकायहरूसँग आवद्ध भई काम गर्ने गरेको पाइन्छ।
- आयोजना कार्यान्वयन क्षमतामा अपेक्षित सुधार आउँन नसक्नु, आयोजना प्रमुख र आयोजनाका अन्य कर्मचारीहरूको सरुवा, केही ठूला विकास आयोजना कार्यान्वयनमा शिथिलता, जग्गा अधिग्रहणमा कठिनाई, निर्णय प्रकृयामा ढिलाई, ठेक्काहरूमा बिलम्ब, स्थानीय अवरोध जस्ता समस्याहरूले सहायता प्रभावकारितामा प्रतिकुल असर पर्न गएको छ।

### २.३.७ अन्तराष्ट्रिय आर्थिक सहायता परिचालनलाई प्रभावकारी बनाउन गर्नु पर्ने सुधार

- कुन आयोजनाको कति रकम शोधभर्ना हुन बाँकी छ, सम्बन्धित दातासंग समन्वय गरी महालेखा नियन्त्रक कार्यालय तथा तालूक मन्त्रालयहरूमा त्रैमासिक रूपमा छलफल गरी शोधभर्नाको कारवाही प्रभावकारी रूपमा अघि बढाउनु पर्ने।
- बजेट व्यवस्थापन सूचना प्रणाली, बित्तीय व्यवस्थापन सूचना प्रणाली र सहायता व्यवस्थापन प्रणालीलाई एकीकरण गरी एकीकृत सूचना प्रणालीको विकास गर्ने।
- परियोजना व्यवस्थापन तथा वित्तीय व्यवस्थापनका विषयमा क्षमता विकासका कार्यक्रमहरू संचालन गर्ने।
- वैदेशिक सहायता व्यवस्थापन प्रणाली (Aid Management Platform- AMP) मा सबै प्रकारका सहायता रकम प्रविष्ट गरी नियमित रूपमा प्रतवेदन सार्वजिनक गर्ने।
- सोझै भुक्तानी हुने खर्च, बस्तुगत सहायता र प्राविधिक सहायताको मासिक प्रतिवेदन गर्ने र सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयले सो को लेखा राख्ने व्यवस्था मिलाउने।
- विकास सहायतामा संचालित परियोजनाको सघन स्थलगत अनुगमन गरि आयोजना कार्यान्वयनमा देखा परेका समस्याको आधारमा नीतिगत, कानुनी र प्रक्रियागत पृष्ठपोषण लिने व्यवस्था गर्ने।

# परिच्छेद-३
# क्षेत्रगत उपलब्धी विश्लेषण

मन्त्रालयहरूबाट प्राप्त विवरणको आधारमा क्षेत्रगत उपलब्धीलाई प्रस्तुत गरिएको छः

## ३.१ आर्थिक क्षेत्र

### ३.१.१ अर्थ मन्त्रालय

- भ्रमण खर्च नियमावली, २०६४ मा चौथो संशोधन गरिएको।
- महत्वपूर्ण पूर्वाधार एवं विकास आयोजनाहरूमा सार्वजनिक निजी-साझेदारी नीति अन्तर्गत लगानी जुटाई कार्यान्वयन गर्नका लागि सार्वजनिक-निजी साझेदारी नीति, २०७२ तर्जुमा गरिएको।
- नेपाल सरकारको लेखा निर्देशिका (Accounting Mannual) तयारी भएको।
- सार्वजनिक खर्च तथा उत्तरदायित्व सम्बन्धी दोश्रो मूल्यांकन (2nd PEFA Assessment) ले औंल्याएका सुझावहरूको कार्यान्वयन कार्ययोजना तयार गरी सोको कार्यान्वयन भइरहेको।
- गत वर्ष २ वटा मन्त्रालयमा Piloting गरिएको नेपाल सार्वजनिक क्षेत्र लेखा मानदण्ड (NEPSAS) अनुरूपको वित्तीय प्रतिवेदन तयार गर्ने कार्य चालु आ.ब.मा १६ वटा केन्द्रीय निकाय/ मन्त्रालयहरूमा विस्तार गरिएको।
- बढि राजश्व संकलन गर्ने १५ जिल्लामा राजश्व व्यवस्थापन सूचना प्रणाली (RMIS) संचालनमा आएको।
- भूकम्प पिडीतहरूका लागि न्यानो कपडा खरीद गर्न अनुदान दिन रु.६ अर्व २ करोड ५६ लाख निकासा दिइएको।
- सबै कोष तथा लेखा नियन्त्रक कार्यालयहरूबाट निवृत्तिभरण व्यवस्थापन सम्बन्धी पेन्सन पट्टा परिवर्तन गर्ने, थप पेन्सन रकम यकिन गर्ने लगायत पेन्सन व्यवस्थापन सम्बन्धी कामहरू शुरू गरिएको।
- भन्सार प्रशासनलाई विद्युतिय भन्सारमा रुपान्तरण गर्ने क्रममा UNCTAD सँग सम्झौता भई मेची भन्सार कार्यालयबाट ASYCUDA World शुरू भएको।

### ३.१.२ उद्योग मन्त्रालय

- बिदेशी लगानी आकार्षित गर्न बिदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐनको मस्यौदा तयारी कार्य भईरहेको।
- लगानी मैत्री बातावरण निर्माणका लागि बिशेष आर्थिक क्षेत्र बिधेयक र औद्योगिक ब्यबसाय बिधेयक संसदमा टेवुल गरिएको छ। भैरहवा बिशेष आर्थिक क्षेत्र संचालन गर्ने कार्यविधि संशोधन प्रक्रियामा रहेको छ। विभिन्न स्थानमा १६ वटा सिमेन्ट उद्योगको लागि खानीस्थलसम्म पहुंच मार्ग तथा १२ वटा सिमेन्ट उद्योगको लागि विद्युत उपकेन्द्र तथा प्रसारण लाइन निर्माण सम्बन्धी कार्य कार्यन्वयनमा रहेको।
- महिला उद्यमशिलता बिकास गर्न महत्वपुर्ण भुमिका निभाउदै आएका महिला उद्यमशिलता कोषबाट बिना धितोमा ऋण प्रवाह कार्यक्रमलाई थप २० जिल्लामा बिस्तार गरिएको।

- कचंनपुरको दैजीमा औद्योगिक क्षेत्र बिकास गर्न सम्भाव्यता अध्ययन भइरहेको र भैरहवाको विशेष आर्थिक क्षेत्र संचालन ल्याउने प्रयास भईरहेको। बुटवलको तिनाउ कोरिडोरमा औद्यागिक क्षेत्र स्थापनाको लागि डि.पि.आर. सम्बन्धि कार्य भइरहेको। तराई मधेशका जिल्लाका उपयुक्त स्थानमा थप औद्यिगिक कोरिडोरको विकास गर्ने सिलसिलामा पथलैया-बिरगन्ज र सिर्सिया-परवानीपुरमा सम्भाब्यता अध्यनको कार्य शुरू भएको। भूकम्प मापन केन्द्रलाई आधुनिक प्रविधि र यन्त्र उपकरणले सुसज्जित बनाउन नयाँ उपकरण खरिद रमौजुदा उपकरणलाई डिजिटल प्रविधिमा स्तोरन्नती गर्ने कार्य भईरहेको।

### ३.१.३ कृषि विकास मन्त्रालय

- कृषि प्रसार कार्यक्रममा हालसम्म १६६८ हेक्टरमा खाधान्न बालीको वीज वृध्दि कार्यक्रमका लागि करीब १ लाख ८९ हजार IRD कीट वितरण भएको। त्यसै गरी करीब १३८० विभिन्न विषय सम्वध्द कृषकस्तर तालिम ३५ वटा र बाली उपचार शिविर लगायतका कार्यक्रमहरू संचालन गरिएको।
- स्याउ प्याकेजिंगका लागि १६ हजार कार्टुन उपलव्ध गराइएको। कृषकस्तर तालिम ६० वटा संचालन गरिएको। २० वटा जिल्लाहरूमा घरबगैचा कार्यक्रम संचालनमा रहेको।
- किसानलाई उपलब्ध गराईने मोवाईल फोनको स्पेसिफिकेशन तयार गर्ने कार्य भैरहेको तथा किसान सिमकार्ड जारी गर्ने सम्वन्धमा नेपाल टेलिकम संग अन्तिम समझौता सम्पन्न भएको।
- नेपाल व्यापार एकिकृत रणनीतिले पहिचान गरिएका उपजहरू प्रवर्द्धनका लागि मसुरो अलैचि अदुवा चिया/कफी विकास कार्यक्रमहरू स्वीकृत भै संचालनमा रहेको।
- यस अवधिमा १ लाख १५ हजार ८२९ मे.टन. रासायनिक मल र ७७१ मे.टन. प्रांगारिक मल अनुदानमा वितरण गरिएको छ । त्यसै गरी गंहुको ४ हजार ४ सय ५४ मे.टन.विउ विजन वितरण विक्रि वितरण गरिएको।
- प्रत्येक प्रत्येक गाउ विकास समितिमा १/१ जना कृषि तथा पशु प्राविधिक व्यवस्था गर्ने निर्देशिका, २०७२ र चिया अक्सन निर्देशिका, २०७२ सुन्तला वगैचा सुदृढीकरण अभियान कार्यक्रम संचालन कार्यविधि, २०७० (संशोधन २०७२) तयार भएको।
- प्रत्येक गाउ विकास समितिमा १/१ जना कृषि वा पशु प्राविधिक व्यवस्था गर्ने कार्यक्रम अन्तरगत ७५ वटै जिल्लाबाट गाविस छनौट गरी O&M को कार्य छनौटको मोडालिटी तयार गर्ने कार्य भै रहेको।
- आगामी वर्ष थप ६ हजार मेट्रीक टन माछा उत्पादन गरिने कार्यक्रम अन्तरगत तराईका २० जिल्लाहरूमा २८९७ हेक्टर पोखरी निर्मोणका लागि २९३८ माछा पालक कृषकहरूबाट प्रास आवेदनको स्थलगत निरीक्षण कार्य भै रहेको।
- शीतघर र खाद्यान्न भण्डारण स्थापना एवं संचालनका लागि व्याज अनुदान र डिमाण्ड शुल्क र मू.अ.कर छुट दिने कार्यक्रम अन्तरगत कार्यविधि तयार गरी स्वीकृत प्रदान गर्ने क्रममा रहेको। कृषि विमा प्रिमियम अनुदान वापतको रकम भुक्तानी दिने कार्य भै रहेको।
- तराई मधेसका १२ जिल्लाहरूमा धान उत्पादनको पकेट क्षेत्र विकास गर्ने कार्यक्रम अन्तरगत पछिल्लो असहज परिस्थितिको कारण अपेक्षित रूपमा काम हुन नसकेको।

### ३.१.४ श्रम तथा रोजगार मन्त्रालय

- २ हजार ३ सय ६२ जनालाई तालिम प्रदान गरिएको।
- भूकम्पबाट क्षतिग्रस्त संरचनाहरूको पुननिर्माणका लागि आवश्यक पर्ने सिप लगायतका तालिमहरू सचालन भइरहेको।
- समाजिक सुरक्षा बिधेयक, २०७१ ब्यबस्थापिका-संसदमा दर्ता गरिएको। नेपालमा काम गर्ने बिदेशी नागरिकहरूको श्रम स्वीकृत सम्बन्धि अभिलेख कम्पयुटरराइज्ड गरिएको।
- हलियाहरूलाई स्वरोजगार सिपमुलक तालिम प्रदान गरिएको। श्रम ऐन २०७२ मन्त्रीपरिषदबाट स्वीकृत भई ब्यबस्थापिका संसदमा दर्ता भएको। ५ वटा श्रम कार्यालयहरूमा एकद्वार सेवाको अवधारणा अन्तर्गत भवन निर्माण भईरहेको।

### ३.१.५ पशुपंक्षी विकास मन्त्रालय

- ८ लाख ४९ हजार पशुपंक्षीको उपचार कार्य ४ लाख ५३ हजार पशुपंक्षीमा खोप सेवा संचालन र १ लाख २८ हजार पशुपंक्षीमा प्रयोगशाला सेवा पुर्याइएको। नश्ल सुधारका लागि पशुमा कृत्रिम गर्भाधान कार्य २०१०७३ संख्यामा भएको।
- प्रत्येक गाउ विकास समितिमा १/१ जना कृषि वा पशु प्राविधिक व्यवस्था गर्ने कार्यक्रम अन्तरगत ७५ वटै जिल्लाबाट गाविस छनौट गरी O&M को कार्य छनौटको मोडालिटी तयार गर्ने कार्य भै रहेको।

### ३.१.६ राष्ट्रिय योजना आयोगको सचिवालय

- चौधौ योजनाको आधारणापत्र तयारी सम्बन्धी कार्ययोजना तयार भएको।
- चालु आर्थिक वर्षबाट बजेट तथा कार्यक्रमको स्वीकृति प्रक्रियालाई सरलीकरण गरिएको।
- राष्ट्रिय गौरवका आयोजनहरूको प्रगति स्थिति तयार भएको र प्रथम चौमासिक अवधिको राष्ट्रिय विकास समस्या समाधान समितिको वैठक बसी आयोजना कार्यान्वयलाई तिव्रता दिन विभिन्न नीतिगत निर्णयहरू गरिएको।

### ३.१.७ संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय

- भूकम्पले क्षति पुऱ्याएका ऐतिहासिक सम्पदा, मठ मन्दिर, गुम्बा मस्जिद र संरचनाहरूलाई तिनको मौलिक तथा सांस्कृतिक स्वरूप कायमै राख्ने गरी आधुनिक प्रविधिका साथ निर्माण गर्ने सन्दर्भमा सम्पदा संरक्षणको लागि १०४ वटा कार्यक्रम समावेश गरिएकोमा २० वटाका लागि टेण्डर आह्वान गरिएको, २० वटा टेण्डर आह्वानको प्रकृयामा रहेको र ४० वटाको ड्रइङ्ग डिजाइन तयार गरिएको।
- भूकम्प प्रभावित क्षेत्रहरूको सुरक्षा परीक्षण (Safety Audit) गराई स्वदेशी तथा विदेशी पर्यटकहरूलाई नेपालको पर्यटकीय स्थलहरू सुरक्षित रहेको सन्देश दिन लाङ्गटाङ्ग, खुम्बु, मनास्लु पदमार्ग सुचारु गराउँने कार्य भईरहेको।
- **भैरहवा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थलः** गत वर्षको Mobilization रकमबाट १ हजार ८ सय मि. Top Soiling काट्ने काम सम्पन्न भएको र ८०० मि. Second LayerTop Base को काम भएको। १४० बिगाहा जग्गा अधिग्रहण गर्न मन्त्रिपरिषदबाट स्वीकृति प्राप्त भएको छ भने विमानस्थलमा यान्त्रिक उपकरण जडान कार्य गर्न अन्तर्राष्ट्रिय टेण्डरको लागि Shopping List तयार गरिएको।

चालु आर्थिक वर्षमा जग्गा खरिद, Design and Supervision, Airport Upgrading, Dedicated Line विस्तार हुन नसकेको।

- **निजगढ अन्तर्राष्ट्रिय विमानस्थलः** उक्त विमानस्थलको हालसम्म ८४ बिगाहा जग्गा अधिग्रहण गर्न Concrete Pillar गाड्ने कार्य सम्पन्न भएको। चालु आर्थिक वर्षमा जग्गा अधिग्रहणको लागि रू. ५० करोड विनियोजन गरिएकोमा हालसम्म कुनै रकम खर्च हुन नसकेको। यो अवधिमा फिल्डमा नापनक्सा सम्बन्धी कार्य सम्पन्न भई मालपोत र नापी कार्यालयबाट भिडान गर्ने कार्य बाँकी रहेको। Social Impact Study र Environment Impact Assessment को लागि परामर्शदाता छनौट गर्ने कार्य भइरहेको। निर्माण कार्यको Modality र वित्तीय श्रोतको सुनिश्चितता नभएका कारण यो आयोजनाले गति लिन नसकेको।
- **पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थलः** धावन मार्ग विस्तारको लागि थप ५५० रोपनी जग्गा अधिग्रहण गर्ने कार्यमध्ये हालसम्म ४५१ रोपनी जग्गाको अधिग्रहणको सूचना भएकोमा २७५.८ रोपनी जग्गाको मुआब्जा वितरण गरिएको। थपजग्गा अधिग्रहण कार्य सुचारु रहेको।
- **पशुपति क्षेत्र विकास कोषः** यो अवधिमा विद्युतीय शवदाह गृहको स्ट्रक्चर निर्माण कार्य सम्पन्न गरी हालसालै संचालनमा ल्याएको। भण्डारखाल वगैचाको विकास र भष्मेश्वर सत्तलको संरक्षण कार्यको बोलपत्र मूल्याङ्कन कार्य सम्पन्न भएको।
- **लुम्विनी क्षेत्र विकास कोषः** यो अवधिमा कर्मचारीको तालावन्द कार्यक्रमले कार्य वातावरण अनुकुल हुन नसकेको कारण गुरुयोजना अनुसारका केही कार्यहरू शुरूवात हुनु वाहेक अन्य उपलव्धी नभएको।

### ३.१.८ वन तथा भू-संरक्षण मन्त्रालय

- वृक्षारोपण गर्ने क्षेत्रको लागि क्षेत्र छनौट गर्ने, नदी उकास क्षेत्रको पहिचान एंव जग्गामा आय आर्जनका लागि विरुवा रोपण तथा संरक्षणको लागि क्षेत्र छनौट तथा कार्ययोजनाको कार्य शुरू गरिएको।
- भूकम्प प्रभावित जिल्लाहरूमा काठ उत्पादन, आपूर्ति एवं व्यवस्थापन निर्देशिका, २०७२ तयार गरी स्वीकृतिका लागि मन्त्रीपरिषदमा पेश गरिएको।
- भूकम्प प्रभावित जिल्लाहरूमा भूकम्पवाट भत्केका घरका काठ र काठ जन्य सामग्री ओसार पसार स्थान्तरण गर्ने कार्यविधि २०७२ स्विकृत भएको। अतिक्रमित ७५० हे. क्षेत्र हटाई व्यवस्थापन गर्ने कार्यको कार्ययोजना शुरू भईसकेको।
- बन विकास गुरुयोजनाको अन्तिम मस्यौदा तयारी भई सरोकारवाला निकायहरूसँग जिल्लास्तरमा अन्तरक्रिया भइरहेको।
- प्रस्तावित क्षेत्रमा जमिनको स्थायित्वको लागि बाँस रोपण कार्य शुरू गरिएको छ र अतिक्रमित क्षेत्र हटाई व्यवस्थापन गर्ने कार्यको कार्ययोजना बमोजिम काम शुरू गरिएको।
- विभिन्न क्षेत्रमा १३२ गोटा नर्सरी स्थापना भै २ करोड २५ लाख गोटा वाँस लगायत विभिन्न रुख, काष्ट, तथा वहुउपयोगी प्रजातिका बिरुवा उत्पादनको कार्य भईरहेको।
- छिटो बढ्ने व्यावसायिक उपयोगका रुखहरू रोप्न प्रोत्साहित गर्ने सिलसिलामा यस अवधिमा ५२ हजार तेजपात, ३१ हजार लौठसल्ला, ३ सय जैतुन, २३ हजार टिमुरका बिरुवा उत्पादन

भैरहेको। वन पत्ल्याउने सम्वन्धी मार्गदर्शन, २०६४ अनुसार पत्ल्याउने (थिनिङ्ग) गर्ने कार्य भइरहेको।

- **राष्ट्रपति चुरे तराई-मधेश संरक्षण विकास समितिः** समीक्षा अवधिमा गुरुयोजना निर्माणका लागि सरोकारवाला र विज्ञहरूसंग चुरे संरक्षण तथा विकास गुरुयोजना मस्यौदामा छलफल गरिएको। ३१ जिल्लाको भूगर्भ, धरातलीय अबयबका (Slop, Altitude, Aspect, Drainage Density) विभिन्न पक्ष समेटिएका आधारभूत नक्सा तयार पारिएको। त्यस्तै चुरे क्षेत्रका नदी प्रणालीगत प्रकोपजन्य तथा संवेदनशील क्षेत्र देखिने प्रारम्भिक नक्सांकन तयार गरिएको र चुरे पहाड क्षेत्रको अस्थिरता आंकलनका प्रारम्भिक आधार तयार पारिएको। संस्थागत विकास, नीति तथा कार्यविधि तर्जुमा अन्तर्गत सांगठनिक स्वरूपको संरचना, आर्थिक नियमावली र प्रशासनिक नियमावली स्वीकृत भई लागु भएको, नदीजन्य पदार्थ उत्खनन तथा संकलन कार्यविधि, २०७१ जारी गरिएको। चुरे क्षेत्रमा बन व्यवस्थापन कार्ययोजना तयारी गर्ने नीतिगत आधार तथा कार्यविधि तयार, योजना तर्जुमा, कार्यान्वयन तथा अनुगमन कार्यविधि २०७२ तर्जुमा, चुरे संरक्षण क्षेत्र विकास निर्माणका आयोजनाहरू संचालन गर्दा अवलम्वन गर्नुपर्ने मापदण्डहरू जारी गरिएको।

### ३.१.९ वाणिज्य मन्त्रालय

- काठमाण्डौमा नेपाल चीन तिब्बत आर्थिक तथा ब्यापार मेला सम्पन्न गरिएको।
- नेपाल उद्योग वाणिज्य महासंघ र कृषि उद्यम केन्द्रसंग साझेदारी गरी लागत साझेदारीमा अदुवाको सुरक्षित भण्डारण, अदुवा अलैची बिउ बितरण र सुर्खेतमा जडिबुटि संकलन केन्द्रको भवन निर्माणको तयारी कार्य अन्तिम चरणमा पुगेको।
- उपभोक्ता मैत्री Website निर्माण, बजार अनुगमनको निरन्तरता, LP gas डिपो प्रमाणीकरण भवन पुन निर्माणको कार्य अगाडी बढाउन बोलपत्र आव्हान भएको। Shed बिस्तारको लगि ठेक्का लागिसकेको छ। Trade Portal को Toolkit प्रयोगको सम्झौता अन्तिम चरणमा पुगेको।

### ३.१.१० भूमिसुधार तथा व्यवस्था मन्त्रालय

- मालपोत कार्यालयहरू १६ मा कम्प्यूटर प्रविष्ट डाटाहरूको परीक्षण गर्न प्राविधिक तथा आर्थिक प्रस्ताव मूल्याङ्कन, २८ वटा कार्यालयहरूको निरीक्षण तथा अनुगमन, श्रेस्ता बाईन्डिङ्ग तथा तामेली व्यवस्थापन अन्तर्गत ८ वटा कार्यालयमा कार्य सम्पन्न भएको छ। ३ वटा कार्यालयमा कार्य सुचारु रहेको तथा मालपोत कार्यालय स्याङजाको क्षतिग्रस्त जग्गाधनि श्रेस्ता तयार गर्न स्थलगत रूपमा गई हाल सम्म ३० गा.वि.स. मा सम्पन्न गरिएको। दुर सम्वेदन विधिबाट ५ सिट नक्शा अद्यावधिक गरिएको, १४ सिट नक्सा पुनः छपाई भएको, ७ सिट १:१०००० को नक्सा कम्पाइलेसन गरिएको, ९९ सिट Topographic Database लाई नयाँ National Standard मा परिमार्जन गरिएको, ३३ सेट Municipality wise database तयार भएको र जनगणना एटलास तयार गर्ने कार्य सम्पन्न भएको छ। मुक्त कमैया परिवारलाई जग्गा खरिद र घर निर्माणको लागि क्रमशः ४७ र ५७ परिवारलाई अनुदान उपलब्ध गराइनुको साथै १२ वटा सीप विकास कार्यक्रम सम्पन्न भएको र ३६ परिवारलाई ऋण लगानी गरी १० परिवारबाट ऋण असुली कार्य सम्पन्न भएको। सिनियर नापी, GIS तालिम, Diploma in Geomatics Engineering र Master in Land Administration को कोर्ष सञ्चालनमा रहेको। ६४ हेक्टर गाउँब्लक नापी, १० हजार ३ सय

जग्गा दर्ता श्रेस्ता पुर्जा तयारी तथा वितरण र विगतमा नापनक्शा सम्पन्न क्षेत्रको ८ हजार ७ सय जग्गा दर्ता गर्ने कार्य सम्पन्न भएको।

### ३.१.११ सहकारी तथा गरिबी निवारण मन्त्रालय

- गरिव घर परिवार सर्वेक्षण सम्पन्न भईसकेका २५ जिल्लाहरूमा गरिव पहिचानको प्रारम्भिक लिष्ट तयार भएको। जिल्लास्थित IT Officer र Focal Person लाई अभिमुखिकरण सम्बन्धी गोष्ठि नेपालगञ्जमा सम्पन्न भएको र भन्सार छुट सुविधा सिफारिश सम्बन्धी कार्यविधि २०६८ बमोजिम वितरण गरिने भएकोले सहकारी संघसंस्थामा आवद्ध किसानहरूलाई बीउ पुँजी अनुदान उपलब्ध गराउन सार्वजनिक सूचना आह्वान गरिएकोमा सहकारी विभाग र विभिन्न डिभिजन सहकारी कार्यालयहरूमा दर्ता भई हालसम्म २०३ वटा संस्थाहरूबाट परियोजना प्रस्ताव प्राप्त भई प्रारम्भिक जाँच कार्य शुरू भएको। COPOMIS को मंसिरसम्म Usrer level को तालिम ३ ठाउँमा १३९ जना र पुषमा प्रशिक्षक प्रशिक्षण (TOT) तालिम काठमाडौंमा १९ जना गरी १५८ जनालाई तालिम प्रदान गरिएको। सहकारी नीति कार्यान्वयन कार्ययोजनामा सहकारी सम्वन्धी आयोजनाहरूको विवरण संलग्न गर्ने कार्य भएको।
- गुनासो सुनुवाई प्रक्रियाका लागि गुनासो सुनुवाई मार्ग दर्शन, २०७२ को छपाई सम्बन्धी प्रक्रिया अगाडि बढेको र अपूर्ण फारामहरूको लिष्ट तयार गरी जिल्लामा पठाई सकिएको। परिचयपत्रको ढाँचा र विषेशताहरूको प्राविधिक समितिमा छलफल भई टुंगो लगाउँने प्रक्रियामा रहेको। सहकारी संस्थाहरूमा Overall software System Design को लागि Live Operation / Testing को कार्य उपत्यकाका ५ सहकारी संस्थाहरूमा भईरहेको र कार्यदल गठन भई COPOMIS को सञ्चालन निर्देशिका तयारी कार्य भईरहेको ।

## ३.२. भौतिक पूर्वाधार

### ३.२.१ संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय

- राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोग गठन सम्बन्धमा उक्त आयोगको क्षेत्राधिकार र अन्य निकायसंगको सम्बन्ध आदि विषयमा परामर्शदाताबाट अध्ययन गराई प्रारम्भिक मस्यौदा प्रतिवेदन प्राप्त भएको। गरिबसंग विश्वेश्वर कार्यक्रम कार्यान्वयन निर्देशिका (दोश्रो संशोधन), २०६६ स्वीकृत भई ३८ जिल्लाका ९५ गाविसमा कार्यक्षेत्र विस्तार गरी ७५ वटै जिल्लामा जिल्ला समन्वयकर्ता तोकिएको। भूउपयोग नीतिको प्रभावकारी कार्यान्वयन गर्न बस्ती विकास, शहरी योजना तथा भवन निर्माण सम्बन्धि भवन निर्माण मापदण्ड स्वीकृत भई नगरपालिकाहरूबाट कार्यान्वयन भैरहेको।
- आगामी दुई वर्षभित्रमा सार्बजनिक तुइनहरूलाई झोलुङ्गे पुलहरूले प्रतिस्थापन गर्ने नेपाल सरकारको निर्णय अनुरूप तुईनलाई विस्थापित गरी चालु आर्थिक वर्षमा १० वटा झोलुङ्गे पुल निर्माण सम्पन्न गर्ने गरी काम भैरहेको।
- सामाजिक सुरक्षा भत्ता बैंकिङ प्रणालीबाट वितरण गर्ने कार्यको विस्तार भै रहेको। भूकम्प प्रभावित जिल्लामा बैंकिङ प्रणाली विस्तार गर्ने सम्बन्धमा दातृ निकाय तथा बैकिङ संस्थाहरूसंग छलफल भैरहेको। गरिबीको गहनता तुलनात्मक रूपमा बढी रहेका पर्सा, बारा, रौतहट, सर्लाही, महोत्तरी, धनुषा, सिराहा र सप्तरीका दक्षिणी सीमावर्ती ११४ वटा गाउँ विकास समिति र ४ वटा

नगरपालिकामा स्थानीय आर्थिक–सामाजिक पूर्वाधार विकास तथा आय आर्जन र सचेतना अभिबृद्धिका लागि विशेष कार्यक्रम संचालन गर्ने कार्यविधी तयार भै स्विकृतिको क्रममा रहेको।

- "विकासको लहर, सुविधा सम्पन्न सहर" को नारा सहित निर्माण गर्ने अभियान शुरू गर्न सहरी विकासको २० वर्षे दीर्घकालीन कार्ययोजना बनाई आगामी आर्थिक वर्षदेखि कार्यान्वयन गर्ने तयारी भइरहेको। उपत्यकाभित्र नगरपालिकाहरूले तोकेको स्थानहरूमा भूमिगत तथा बहुतले पार्किङ्ग स्थल निर्माण गर्न निजी क्षेत्रलाई प्रोत्साहन गर्न सार्वजनिक नीजि साझेदारीमा काठमाडौंको पूरानो बसपार्कमा बहुउद्देश्यीय भवन निर्माणको प्रारम्भिक कार्यको थालनी गरिएको।

### ३.२.२ सिंचाइ मन्त्रालय

- सुनसरीमा सुनसरी खोला सिंचाई आयोजनाको निर्माणचालु आर्थिक वर्ष २०७२/७३ देखि प्रारम्भ गरिएको।
- हालसम्म १ हजार ३ सय ७७ हेक्टर जमिनमा थप सिंचाइ सूविधा पुऱ्याइएको। काली-गण्डकी तिनाउ डाइभर्सन आयोजनाको विस्तृत अध्ययन प्रयोजनको लागि (Expression of Interest (EOI) प्रकाशन गरिएको।
- मझौला सिंचाई आयोजना अन्तर्गत ७५ वटै जिल्लामा ६ सय ४३ वटा योजानाहारु क्रमागतमा रहेकोमा ३५ वटा यस आर्थिक वर्षमा सम्पन्न गरि करिव १ हजार ७ सय ८० हेक्टरमा सिंचाई सुबिधा पुर्याउने लक्ष्य सहित कार्य भइरहेको। मुगु, डोल्पा, हुम्ला, जुम्ला र सुर्खेत जिल्लामा ४७ वटा योजनाहरू क्रमागतमा रहि केहि योजना यस यस आर्थिक वर्षमा सम्पन्न गर्ने गरि कार्य भइरहेको।
- सेति महाकाली सिंचाई विकास कार्यक्रम अर्न्तगत सुदुर पश्चिमाञ्चल क्षेत्रका सबै जिल्लाहरूमा ७६ वटा योजनाहरू क्रमागतमा रहि केहि योजना यस आर्थिक वर्षमा सम्पन्न गर्ने गरि कार्य भइरहेको। कर्णालीका ५ जिल्लाका १६ वटा क्रमागत योजनाहरूलाई निरन्तरता दिइएको छ भने १३ वटा नयाँ योजनाहरूको कार्य शुरू भएको र १२ वटा नयाँ योजनाहरूको अध्ययन कार्य शुरू भएको।
- विभिन्न जिल्लाका ५ वटा आयोजनाहरूको Project Appraisal Report स्विकृत भएको। सतह भूमिगत सिँचाइको सम्भावना नभएका टार क्षेत्रमा नयाँ प्रविधिमा आधारित सिँचाइ प्रणालीको विकासलाई निरन्तरता दिइक्रमागतमा रहेका आयोजनाहरूमा थोपा, फोहरा तथा पोखरी निर्माण कार्य भईरहेको।
- संभाब्य नयाँ आयोजनाहरू निर्माणको लागि सर्भे तथा अध्ययन गर्ने कार्य भईरहेको।
- व्यावसायिक कृषि उपज, खासगरी तरकारी खेतीको पकेट क्षेत्रमा ७ हजार १ सय स्यालो ट्युबवेल जडान गर्ने कार्य शुरू भएको।
- सुनकोशी, कालीगण्डकी र ठूलीगाड कैलाली जस्ता इण्टर वेशिन वाटर ट्रान्सफर आयोजनाहरूका साथै कन्काई र रासी बाँध जलाशययुक्त योजनाहरूको अध्ययन कार्य भईरहेको। महाकाली, कर्णाली, बबई र भेरी किनारको नदी कटान नियन्त्रण गरी सो बाट भएको क्षतिको पुननिर्माण कार्य भइरहेको।

**सिक्टा सिँचाइ आयोजनाको** लागि चालु आ.व. को प्रथम ६ महिनाको ३३ प्रतिशत बित्तिय प्रगती र ५७.१७ प्रतिशत भौतिक प्रगती भएको।

- जग्गा खरिद, मुल नहरमा माटोको कार्य, मुल नहरमा स्ट्रक्चर निर्माण, गेट लगायत हाईड्रो मेकानिकल कार्य सम्पन्न भएको, डुंडुवा शाखा नहर तथा सिक्टा लिंक नहर निर्माणको लागि पुर्ब योग्यता निर्धारणको

लागि परेका प्रस्तावहरूको मुल्यांकन भईरहेको, डुँडुवा शाखा नहरको उपशाखा, प्रशाखा नहर तथा सिंचित क्षेत्रको विकास कार्यको लागि डिजाईन एवम् लागत अनुमान तयार गर्ने कार्यको लागि परामर्शदाताबाट आशयपत्र माग गरिएको।

- **रानी -जमरा -कुलरिया सिँचाइ आयोजना**को मूल तथा फिड नहरमा ब्यारेल निर्माणको कार्य, स्याटोलिङ प्लान्टको निर्माण कार्य एवं नदि नियन्त्रणको कार्य भई रहेको छ भने लम्की तर्फको कमान्ड एरिया बढाउने कार्यको लागि परामर्शदाता छनौट गर्ने कार्य भइ रहेको।
- पहुंच मार्गको निर्माण कार्य, Site map निर्माण कार्य, भबन निर्माण कार्य, सामाजिक तथा बाताबरण बिकास अन्तर्गत Livelihood कार्यक्रमको लागि आयोजना अध्ययन गर्ने कार्य भईरहेको तथा केहि उप आयोजनाहरूको ठेक्का सूचना प्रकाशन गरिएको छ भने सुरुङ निर्माण कार्यको लागि Material test गर्ने कार्य सम्पन्न भएको। त्यस्तै साइट क्याम्प निर्माण भइरहेको भने TBM Selection/Design सम्बन्धी कार्य जारी रहेको। संरचना निर्माणको लागि आबश्यक पर्ने स्थानको भोगाधिकारको लागि बन प्रबेश अनुमति प्राप्त भई रुख बिरुवा हटाउने कार्य भइरहेको।

**सुनसरी मोरङ सिंचाई आयोजना**

**चालु आर्थिक वर्षको लागि यस आयोजनामा रु. ४४ करोड ९५ लाख बजेट विनियोजन भएकोमा २०७२ पौष मसान्त सम्म रु.१२ करोड ३० लाख खर्च भएको छ । वालुवा सफा गर्ने ड्रेजर मेसिन खरिद गर्नको लागि खरिद प्रक्रिया पनि शुरू भएको छैन भने अन्य मर्मत तथा निर्माण कार्यको खरिद प्रक्रिया पनि सम्पन्न भएको छैन।**



**५० वर्ष पहिले सिमेण्ट र इटा जडान गरि निर्माण भएको यो आयोजनाको मूख्य नहरमा रहेका अधिकांश संरचनाहरू हाल जिर्ण हुंदै गएको देखिन्छ । कोशी नदीले वहावको धार परिवर्तन गरेको र नदिको पिंध गहिरिदैं गएको कारणबाट नहरमा पर्याप्त पानी ल्याउन कठिनाइ हुन गएको छ । हाल कोशी पुलभन्दा केही माथिबाट Channelization गरी इन्टेकसम्म पानी लगिएको छ। हिंउद याममा नहरमा पानी लैजान समस्या बढ्दै जाने देखिन्छ।**

- **भेरी-बबई डाइभर्सन वहुउद्देश्यीय आयोजनाः** यस आयोजनामा चालु आर्थिक वर्षको प्रथम ६ महिनाको लागि रू. ३९ करोड ४२ लाख ५ हजार बजेट विनियोजन भएकोमा समीक्षा अवधीमा रू. ५ करोड ५२ लाख २३ हजार खर्च भई बित्तिय प्रगती १४.०१ प्रतिशत मात्र भएकोमा भौतिक प्रगती भने९० प्रतिशत भएको। बन्द, हडताल, आन्दोलन र नाकाबन्दीका कारण ईन्धन एवं निर्माण सामग्री लगायतको अभावका कारण कार्यक्रम संचालनमा बाधा भएको।

### ३.२.३ सूचना तथा संचार मन्त्रालय

- नेपाली नागरिकको सुसूचित हुने मौलिक हकको सुनिश्चिता र सुचनाको हकको कार्यान्वयनका लागि राष्ट्रिय सूचना आयोगको क्षमता अभिबृद्धिको लागि संगठन तथा व्यवस्थापन सर्वेक्षण भइ दरबन्दी थप गर्ने कार्य सम्पन्न भएको।

- रेडियो नेपाल र नेपाल टेलिभिजनलाई गाभेर सार्वजनिक सेवा प्रसारक संस्थाका रूपमा स्थापना गरी संचालन गर्न आवश्यक कानूनी र संस्थागत संरचना तयार गर्न कार्यदल गठन भइ प्रारम्भिक प्रकृया अगाडी बढाइएको।
- संचार गृह र विद्युतीय संचार माध्यमहरूको आगामी वर्षको रोयल्टी दस्तुरमा ५० प्रतिशत छुट दिनुका साथै नवीकरण शुल्क पुरै मिन्हाको लागि मन्त्रीपरिषदमा प्रस्ताव पेश भएको।
- हुलाक सेवा विभागलाई समय सापेक्ष एवं व्यावसायिक संस्थाको रूपमा विकास गरी स्थानीय तहमा केन्द्र सरकारको सेवा वितरण आधार निकायको रूपमा विकास गर्न कार्यदल गठन भइ प्रारम्भिक कार्य अगाडी बढाइएको।
- मध्य पहाडी लोकमार्गमा अप्टिकल फाइबर बिच्छ्याइ स्मार्ट सिटी निर्माण कार्यको थालनी गर्न काठमाण्डौ देखि पाँचथरको चियो भन्ज्यांग सम्म Optical Fiber बिच्छ्याउन नेपाल दुर संचार कम्पनी संग परियोजना प्रस्ताव माग गरिएको र बांकी कामको लागि परामर्शदाताबाट आर्थिक तथा प्राविधिक प्रस्ताव माग गरी मूल्याकंनको कार्य सम्पन्न भैसकेको।
- नेपाली चलचित्रको विकासलाई प्रोत्साहन गर्न आधुनिक सुविधायुक्त चलचित्र नगरी निर्माण कार्यलाइ निरन्तरता दिन वातावरणा प्रभाव मूल्यंकनको लागि प्रकृया प्रारम्भ भएको।

### ३.२.४ भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय

- तराई मधेश रणनीतिक महत्वका र सहरी सडकहरूको ५ कि.मी. कालोपत्रे एवं १५ कि.मी. ग्रावेल गर्ने कार्य सम्पन्न गर्नुका साथै मिथिला क्षेत्र सडक सुधार अन्तर्गत ५ कि.मी. कालोपत्रे गरिएको।
- भेरी कोरिडोरको दुनै-मरिम-तिन्जे-धोको २.५ कि.मि. ट्र्याक निर्माण सम्पन्न भएको छ। सुर्खेत-जुम्ला सडकको १० कि.मि. सडक कालोपत्रे सम्पन्न भएको।
- जाजरकोट दुनै डोल्पा सडकको कुल ११७ कि.मि. मध्ये हालसम्म १०१ कि.मि. ट्र्याक निर्माण सम्पन्न भएको र खुलालु लैफु सिमिकोट (हुम्ला) सडकको कुल १९६ कि.मि. मध्ये ४५ कि.मि. ट्र्याक निर्माण सम्पन्न भएको।
- महाकाली लोकमार्गको दार्चुला-टिंकर. ४२ कि.मि. ट्र्याक निर्माण सम्पन्न भएको छ। बाह्रै महिना सवारी साधन चल्न नसकेका ५३ हजार किलोमिटर सडकमा ५०० वटा पुलहरूको निर्माण सुचारु रहेको र हाल सम्म ५ वटा पुल निर्माण सम्पन्न भएको।
- **पुष्पलाल लोकमार्ग** (मध्य पहाडी लोकमार्ग) मा चालु आर्थिक वर्षमा ६० कि.मि. कालोपत्रे, ३० कि.मि. ग्रावेल र १२ वटा पुल निर्माण गर्ने लक्ष्य रहेकोमा हालसम्म १२ कि.मि. कालोपत्रे, ५ कि.मि. ग्रावेल र १ वटा पुल निर्माण कार्य सम्पन्न भएको छ। चालु आ.व.को भौतिक तथा वित्तीय प्रगति क्रमशः २६ र ३० प्रतिशत रहेको।
- **काठमाण्डौ तराई मधेस फास्ट ट्र्याकमा** चालु आर्थिक वर्षमा रु.९९ करोड २७ लाख २३ हजार विनियोजन रहेकोमा समीक्षा अवधिसम्म रु.६७ लाख ६२ हजार खर्च भएको।
- **उत्तर दक्षिण लोकमार्ग (कोशी कोरिडोर)** को संखुवासभा-बसन्तपुर-किमाथाङ्कासम्मको १६२ कि.मि. सडक निर्माण गर्ने लक्ष्य रहेको। यस कोरिडरको कुल लागत रु.७ खर्ब ५० अर्ब रहनुका साथै चालु आ. व. मा २० कि.मि. ट्र्याक खोल्ने भौतिक लक्ष्य रहेकोमा समीक्षा अवधिसम्म ४.५ कि.मि. ट्र्याक खोल्ने कार्य सम्पन्न भएको।

- **उत्तर दक्षिण लोकमार्ग (कालीगण्डकी कोरिडोर)** को गैडाकोट देखि मुस्ताङ्गको कोरलासम्म कुल लम्बाई ४३५ कि. मि. रहेको यस कोरिडरको कुल लागत रु.१० अर्ब रहको। चालु आ. व. मा २ कि.मि. ट्र्याक खोल्ने र २० कि. मि. ग्रावेल गर्ने भौतिक लक्ष्य रहेकोमा समीक्षा अवधिसम्म ०.७ कि.मि. ट्र्याक खोल्ने कार्य सम्पन्न भएको।
- **उत्तर दक्षिण लोकमार्ग (कर्णाली कोरिडर)** को खुलालु– सिमिकोट (हुम्ला) खण्डमा करिब २०० कि.मि. र हिल्सा– सिमिकोट खण्ड (हुम्ला) ८८ कि.मि. सडक निर्माण गर्ने लक्ष्य रहेको छ। कुल लागत रु.११ अर्ब रहको। चालु आ.व. मा २० कि.मि. ट्र्याक खोल्ने भौतिक लक्ष्य रहेकोमा समीक्षा अवधिसम्म २ कि.मि. ट्र्याक खोल्ने कार्य सम्पन्न भएको।
- उत्तर दक्षिण तीनवटा लोकमार्गहरूलाई समग्रमा चालु आर्थिक वर्षमा रू. ८५ करोड ९९ लाख ४२ हजार विनियोजन रहेकोमा समीक्षा अवधिसम्म रू.२१ करोड ११ लाख ६० हजार खर्च भएको।यस आयोजनाको समग्रमा चालु आर्थिक वर्षमा भौतिक तथा तथा वित्तीय प्रगति क्रमशः २७.५० र ३४.८६ प्रतिशत रहेको।
- हुलाकी राजमार्गमा चालु आर्थिक वर्षमा ४५ कि.मि. कालोपत्रे, १८ वटा पुल निर्माण गर्ने भौतिक लक्ष्य रहेकोमा हालसम्म २५ कि.मि. कालोपत्रे गर्ने कार्य सम्पन्न भएको।
- रेलवे तथा मेट्रो विकास आयोजनाको लागि आर्थिक वर्ष २०७२/७३ मा रु. १ अर्ब ५४ करोड ४४ लाख ८७ हजार विनियोजन गरिएकोमा समीक्षा अवधिसम्म रू. ३ करोड ४० लाख १० हजार खर्च भएको। चालु आर्थिक वर्षमा पूंजीगत अध्ययन तथा परामर्श र सार्वजनिक निर्माण सम्बन्धी कार्यहरू गर्ने भौतिक लक्ष्य रहेकोमा सो सम्बन्धी कार्य भइरहेको। चालु आ.व.को भौतिक तथा वित्तीय प्रगति क्रमशः २५.३० र ९.३८ प्रतिशत रहेको।
- पूर्व पश्चिम राजमार्गको स्तरोन्नति गरी ४ लेनको बनाउने, बर्दिवास जलेश्वर, गण्डक नहर चनौट कृष्णनगर, वसन्तपुर कटहरिया कावाहीगोठ पिपराडी पदम रोड र तराई सहरी सडकको निर्माण, सम्पूर्ण नेपालगञ्ज क्षेत्रलाई समेट्ने वृहत चक्रपथ निर्माण, सुदूर र मध्य-पश्चिमाञ्चल विकास क्षेत्रमा रहेका जडिबुटी उत्पादनस्थल र प्रशोधन केन्द्रहरू सम्म पुग्ने बाटो निर्माण, महाकाली नदीको पुलको डिजाईन, प्रादेशिक सडकहरूको विस्तृत आयोजना प्रतिवेदन अध्ययन, थानकोट नौविसे सुरुङ्ग मार्ग निर्माणको लागि सर्वे र डिजाईन हुन नसकेको।

**धरान-चतरा सडक**

सुनसरी जिल्लाको धरान उपमहानगरपालिका देखि शुरू भई चतरा स्थित कोशी नदीको पुल हुंदै धार्मिक क्षेत्र वराहसम्म पुग्ने यो सडक पर्यटकिय तथा रणनीतिक दृष्टिकोणबाट अत्यन्त महत्वपूर्ण सडक खण्डको रूपमा रहेको छ। चतरा गाइघाट सिन्धुली हेटौंडा सडक सन्चालनको लागि यस सडकको निर्माण कार्य हुनु जरुरी छ। यस सडकको धरानदेखि ३.५ किलोमिटर भाग पिच भइसकेको छ भने बांकी चतरा कोशी पुलसम्मको खण्ड पिच गर्नयोग्य अवस्थामा रहेको छ। कोशी पुलदेखि वराह क्षेत्रसम्मको ६ किलोमिटर खण्ड भने सडकको चौडाइ बढाउने कार्य प्रारम्भिक वातावरणिय अध्यन कार्य सम्पन्न गरेपछि मात्र गर्न निर्देशन भए अनुसार हाल स्थगित रहेको छ।


धरान-चतरा सडक खण्डको बेस निर्माण गर्ने तयारी

वहूवर्षिय ठेक्काको सहमति प्राप्त गरी निर्माण कार्य सम्पन्न गर्न सम्झौता समेत भइसकेको छ । तर चालु आर्थिक वर्षमा जम्मा रु. १० लाख मात्र बजेट विनियोजन भएकोले थप श्रोत व्यवस्थापन गरी निर्माण कार्य सम्पन्न गर्नुपर्ने आवश्यकता रहेको देखिन्छ।

### ३.२.५ उर्जा मन्त्रालय

- उत्तरगंगा जलाशययुक्त जलविद्युत आयोजनाको वातावरण अध्ययन कार्यको लागत अनुमान तयार हुनुका साथै आयोजनाको Topographical Survey र नक्शा तयार गर्ने कार्य ४० प्रतिशत सम्पन्न भएको। आँधीखोला जलाशययुक्त जलविद्युत आयोजनाको River Discharge Measurement सम्पन्न गरिएको। टावर निर्माण अन्तर्गत १०६ वटा टावर फाउण्डेशन, १०१ वटा टावर इरेक्शन, ३२.५ कि.मि. Conductor Stringing गर्ने कार्य सम्पन्न गरिएको। नलसिङगाड जलविद्युत आयोजनाको विस्तृत आयोजना Bathymetry Survey कार्य सम्पन्न भएको।
- माथिल्लो अरुण जल विद्युत आयोजनाको पहुँच मार्गको विस्तृत इञ्जिनियरिङ डिजाइन र निर्माण सुपरीवेक्षण सम्बन्धी कार्यका लागि मूल्यांकनका आधारहरू तयार भइरहेको। इखुवाखोलाको विस्तृत डिजाइनको प्राप्त आशयपत्रहरूको मूल्यांकन कार्य भइरहेको। सुनकोशीको वातावरणीय तथा सम्भाव्यता अध्ययन सम्वन्धमा कार्य विवरण लागत अनुमानर EOI Document तयार भईरहेको। शहरी क्षेत्रमा सौर्य ऊर्जा जडान गर्नको लागि लागत अनुमान तयार भई बोलपत्र कागजात तयारीको क्रममा रहेको।
- ढल्केवर-मुजफ्फरपुर ४०० के.भी. क्रसवोर्डर प्रसारण लाइन हाललाई १३२ के.भी. मा चार्ज हुने गरी ८० मे.वा. को हाराहारीमा विद्युत आयात हुने क्रममा रहेको। कुशाहा-कटैया १३२ के.भी. तथा परवारनीपुर-रक्सौल क्रसवोर्डर प्रसारण लाइन आगामी सेप्टेम्वर २०१६ भित्र निर्माण सम्पन्न भई थप १०० मे.वा. विद्युत आयात हुने क्रममा रहेको रबर्दघाट-गोरखपुर ४०० के.भी. क्रसवोर्डर प्रसारण लाइनको अध्ययन कार्य भइरहेको।
- नलसिङगाड जलविद्युत आयोजनाको Construction Power को विस्तृत सम्भाब्यता अध्ययन कार्य अन्तिम चरणमा रहेको। साथै Updating Of Feasibility Study Report, Detailed Engineering Survey & Design and EIA Study का लागि सूचिकृत परामर्शदाताहरूको छनौट प्रकृया अन्तिम चरणमा रहेको र पहुँच सडक, साइट अफिसको निर्माणको ठेक्का लागिसकेको।
- ब्रम्हदेव-पञ्चेश्वर पहुँच सडकको सम्भाव्यता अध्ययनको कार्य सम्पन्न भै EIA अध्ययन प्रतिवेदन वातावरण मन्त्रालयबाट प्राप्त राय सुझावका आधारमा परिमार्जन गर्ने क्रममा रहेको र सोको विस्तृत वातावरणीय योजना (Detail management Plan) प्रतिवेदन प्राप्त हुने क्रममा रहेको। भारतबाट प्राप्त Line ofCredit (LOC) अन्तर्गत मोदी-लेखनाथ १३२ के.भी. प्रसारण लाइन, सोलु कोरिडोर १३२ के.भी. प्रसारण लाइन तथा कोशी कोरिडोर २२० के.भी. प्रसारण लाइन निर्माणका विभिन्न चरणहरूमा रहेको।
- **माथिल्लो तामाकोशी जलविद्युत** आयोजनामा प्रशारण लाइन निर्माण अन्तर्गत १२७ टावरहरू मध्ये पुस मसान्त सम्म २२ टावरहरूको निर्माण सम्पन्न भइरहेको छ भने ५५ वटा टावरहरूको जग निर्माण सम्पन्न भएको।
- प्रथम ६ महिनाको अवधिमा तोकिएको लक्ष्यको तुलनामा भौतिक प्रगति २३.५ प्रतिशत वित्तीय तर्फ ९४.६ प्रतिशत भएको।
- मुख्य सिभिल ठेकेदारले गत बैशाख महिनाको भूकम्पले क्षतिग्रत बनाएको विद्युतगृह देखि बाँधस्थल सम्मको प्रवेशमार्ग खोल्ने क्रममा काभ्रेको नजिक रहेको ठाडो भीरमा १६० मिटर सुरुङ मार्ग खोल्ने कार्य भईरहेको। यस आयोजनाको निर्माण कार्य केही समय रोकिए पनि पुनः काम सुचारु भएको।

- आयोजनाको ३ वटा मुख्य लट (प्रशारण लाइन, हाइड्रोमेकानिकल र इलेक्ट्रोमेकनिकल) मध्ये हाइड्रो मेकानिकल र इलेक्ट्रो मेकनिकलको निर्माण र जडान कार्य हुन नसकेको।
- **बूढीगण्डकी जलविद्युत आयोजनाः** आयोजनाको वित्तीय प्रगति १.१९ प्रतिशत र भौतिक प्रगति २० प्रतिशत भएको। Detail Engineering Design, Tender Document, EIA Report को FinalReport प्राप्त भएको र सो उपर Review गर्ने काम भईरहेको। गोरखा र धादिङ जिल्लाका मालपोत/ नापी कार्यालयबाट डुवानमा पर्ने जग्गाको क्षेत्रफल एकिन गर्ने कार्य भईरहेको। आयोजना स्थल सीउरेनीटारको Compound Wall, कार्यालय तथा आवास निर्माणको सम्झौता भई कार्य शुरू भएकोछ। प्रस्तावित चक्रपथको Detailed Engineering Survey, Design and Estimate of Ring Road around BGHEP in Gorkha & Dhading, RFP Document को मुल्यांकन कार्य भईरहेको।
- **पश्चिम सेती जलविद्युत आयोजनाः** लगानी बोर्डको मिति २०७१/१२/३० मा सम्पन्न सत्रौ बैठकको निर्णयानुसार China Three Gorges International Corporation को बैदेशिक लगानी स्वीकृत भई Geology र Hydrology सम्वन्धी Survey भइरहेको। आयोजनाको सम्भाव्यता अध्ययन नै भइनसकेकाले यसको भौतिक तथा वित्तीय प्रगतिहुन नसकेको। यो आयोजना प्राविधिक तथा आर्थिक रूपमा सम्भाव्य देखिएको भए पनि जग्गा प्राप्ति, प्रशारण लाइन र पुनर्वाससम्बन्धी समस्या देखिएको।

### ३.२.६ सहरी बिकास मन्त्रालय

- विराटनगर, जनकपुर, वीरगंज, भैरहवा, नेपालगंज र धनगढीमा आवश्यक सहरी पुर्वाधारहरूको विस्तार गर्ने क्रममा सतह नाला ४७.५ कि.मि. सम्पन्न, Sewer Line १७ कि.मि. सम्पन्न र Treatment Plant को ५५ प्रतिशत कार्य सम्पन्न भएको। Distribution Line १०० कि.मि. मध्ये ११ कि.मि. सम्पन्न, ठकुरी गाउँ, कुप्स डाँडा र देवीस्थानको ३ वटा Reservoir Tank निर्माण कार्य ९५ प्रतिशत सम्पन्न भएको। देवीस्थान पनौतिमा Raw water Treatment Plant को २२ प्रतिशत कार्य सम्पन्न भएको।
- धरान नगरपालिकाको खानेपानी प्रणाली निर्माण, सुधार तथा विस्तार कार्यको पाइपहरू खरिद गर्ने कार्य सम्पन्न भएको।
- आवासको लागि छुटयाइएको जमीनमा मात्र वस्ती विकास गर्ने गरी सहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभूत निर्माण मापदण्ड, २०७२ मन्त्रिपरिषदबाट स्वीकृत गराई कार्यान्वयनमा ल्याइएको।
- Auto Village (सुविधायुक्त वसपार्क) निर्माणका लागि Intent of Contract Award जारी भएको। भूकम्पकबाट विस्थापित जनसमुदायको पुनर्स्थापनाको लागि विभिन्न स्थानमा अस्थाई शिविर निर्माण गरी बसोवासको व्यवस्था गरिएको। उच्च हिमाली जिल्लामा ५० वटा सामूहिक आवास निर्माण गर्न मन्त्रिपरिषदबाट निर्णय भईसकेको तथा बोलपत्र आह्वानका लागि तयारी भइरहेको।
- तराईम धेशमा ठूला पुर्वाधारका आयोजना तथा कार्यक्रमहरू संचालन गर्नुका साथै आधुनिक सुविधा सम्पन्न १० वटा नयाँ सहर निर्माणको सम्भाव्यता अध्ययनगर्ने परामर्शदाताको कार्यक्षेत्र (TOR) तयार गरिएको।
- सिद्धार्थनगर नगरपालिकामा १०.८६६ कि.मि. र नेपालगंज नगरपालिकामा ३७ कि.मि. सतही नाला निर्माण कार्य सम्पन्न भएको। सहरी सडकको ७.७ कि.मि. मध्ये हालसम्म ५.०९ कि.मि.

सम्पन्न भएको। हिमाली र पहाडी क्षेत्रमा एकीकृत र व्यवस्थित बस्ती विकासको योजना कार्यान्वयन गर्न संभाव्यता अध्ययन र योजना तर्जुमाको कार्य शुरू गरिएको।

- सुदूर पश्चिमाञ्चलका धनगढी, अत्तरीया, भिमदत्त र झलारी नगरपालिकाहरूमा एकीकृत सहरी पुर्वाधार विकास कार्यक्रम लागु गर्न दातृ निकायसंग ऋण सम्झौता गर्ने प्रकृया अगाडी बढाइएको छ। मध्य पहाडी लोकमार्गमा १० वटा आधुनिक सहरको पूर्वाधार निर्माण गर्न परामर्शदाताहरू Site मा परिचालन भएका र १० वटै सहरहरूको Inception Paper प्राप्त भएको छ। जनता आवास कार्यक्रमलाई विस्तार गर्ने क्रममा ३८ वटा आवास इकाईको निर्माण कार्य सम्पन्नभइ ८७ वटा निर्माणाधिन अवस्थामा रहेको।

## ३.३. सामाजिक पूर्वाधार

### ३.३.१ स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

- मातृ स्वास्थ्य र बाल स्वास्थ्यमा महत्वपूर्ण योगदान पुऱ्याउँदै आएका मातृ स्वास्थ्य कार्यकर्ताहरूको पोशाक भत्तामा रू १ हजार थप गरी रू ६ हजार उपलब्ध गराईएको।
- निशुल्क औषधि वितरण कार्यलाई थप प्रभावकारी र सुलभ बनाउन औषधि खरीद गरी आपूर्तीगर्ने कार्यलाई निरन्तरता दिईएको।
- जन्म देखि २८ दिनसम्मको नवजात शिशुको सरकारी स्वास्थ्य संस्थामा निशुल्क उपचार गर्न सबै अस्पतालहरूमा नवजात शिशु उपचार र पोषणका लागि कार्य संचालन निर्देशिका तयार भएको।
- सरकारी स्वास्थ्य शिक्षण संस्थाबाट अध्यापन गरिने एम.डी. र एम.एस. लगायत स्नातकोत्तर तहको पढाइ संचालन शुरू भएको।
- सरकारी अस्पताल र स्वास्थ्य संस्थाहरूबाट निशुल्क प्रदान गरिने औषधीको गुणस्तरीयता परीक्षणका लागि औषधिको नमुना परिक्षण गर्ने कार्य गरिएको।
- पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान विधेयक संसदबाट पास भएको।
- मृगौंला र पाठेघरको क्यान्सर रोगको सरकारी स्वास्थ्य संस्थाहरूमा वर्षमा एकपटक निशुल्क स्वास्थ्य परीक्षण व्यवस्थाका लागि औषधि तथा सामाग्री खरिद भै जिल्लाहरूमा पठाउने प्रकृयामा रहेको। पाठेघर क्यान्सरको पूर्व परीक्षण गर्ने कार्यका लागि तालिम दिन शुरू गरिएको।
- योगदानमा आधारित स्वास्थ्य बीमा सञ्चालनमा हाल रहेका क्रियाकलापहरूलाई एकिकृत र दोहोरो नपर्ने गरी सबै नेपालीलाई स्वास्थ्यको सामाजिक सुरक्षा कार्यक्रममा आबद्ध गर्ने विषयमा ईलाम, बाग्लुङ्ग र कैलाली गरि ३ जिल्लाहरूमा सामाजिक सुरक्षा कार्यक्रम प्रारम्भ भएको र थप १० जिल्ला छनौटको प्रकृयामा रहेको।
- भूकम्प प्रभावित १४ वटा जिल्लामा एक गाउँ एक डाक्टर कार्यक्रम क्रमशः लागु गर्न ४० जना डाक्टरलाई खटाई पठाएको।
- सबै सरकारी अस्पताल तथा स्वास्थ्य चौकीहरूमा औजार तथा उपकरण सहितको पूर्वाधार र आवश्यकता अनुसार स्वास्थ्यकर्मीको व्यवस्था गर्ने विषयमा औजार तथा उपकरणको व्यवस्थापन गर्नेप्रकृया चालु रहेको।
- नवगठित नगरपालिकाहरूमा कम्तिमा पनि १५ शैय्याको अस्पताल स्थापना गर्ने विषयमा नगरपालिकासंगको सहकार्यमा कम्तिमा १५ सैयाको अस्पताल स्थापना गर्न संचालन मापदण्ड बनाउने कार्य प्रकृयामा रहेको।

- सामुदायिक अस्पताललाई दिईने अनुदानलाई व्यवस्थित बनाउन मापदण्ड बनाउने कार्य प्रकृयामा रहेको।
- काठमाण्डौ उपत्यकाका केन्द्रीय अस्पतालबाट विभिन्न स्थानमा सेटेलाइट सेवा संचालन गर्न लागत अनुमान सहितको कार्यक्रम माग गरिएको।
- भरतपुर क्यानसर अस्पतालको सेटेलाइट सेवा नेपालगन्ज र धरानमा संचालन गर्न कमिटि बनाएर प्रकृया अगाडी बढाइएको।
- सबै सरकारी अस्पतालहरूमा आइसीयु र एनआइसीयु सेवा क्रमशः विस्तार गर्ने विषयमा CHD र FHD को संयुक्त प्रयासमा नारायणी, महाकाली, मेची, कोशी, सगरमाथा, जनकपुर, भक्तपुर, लुम्बिनी, भेरी र सेती गरी १० वटा अस्पतालहरू छनौट भएका छन। अस्पतालमा नवजात शिशु स्याहार स्टेवलाईजेसनका ३० वटा ईकाइ स्थापना भएको।
- सन् २०१७ भित्र नेपाललाई पूर्ण खोप सेवा पाएको देश घोषणा गर्ने गरी खोप ऐन, २०७२ पारित भएको। हाल सम्म १६ जिल्ला /१००० गा.वि.स. पुर्ण खोप सम्पन्न भैसकेका क्षेत्र घोषणा भइसकेको।
- भरतपुर अस्पतालमा मदन भण्डारी ट्रमा सेण्टर स्थापनाका लागि २ करोड रकम निकासा दिइएको।

### ३.३.२ शिक्षा मन्त्रालय

- शिक्षकहरूको दरबन्दी पुनरावलोकन मिलान र व्यवस्थापनका लागि शिक्षा ऐनमा नै संसोधन प्रस्ताव गरिएको। २०७२ कार्तिक देखि २०७३ बैशाख सम्म TECS तर्फ ८० वटा र निजी TECS तर्फ ८० वटा र निजी क्षेत्रमा ५० वटा संस्थाहरू स्थापना गरी ६ हजार जनाको प्राविधिक एस.एल.सी./ डिप्लोमा तहको कक्षाका लागि प्रकृया शुरू गरिएको।
- आ.व. २०७२/७३ को नतिजामा आधारित छोटो अवधिको तालिम चौथो चरण (२०१६) को १५ हजार जनाको तालिम संचालनका लागि तालिम प्रदायक संस्था छनोट गर्ने कार्य अन्तिम चरणमा रहेको।
- प्रत्येक क्षेत्रमा नमुनाको रूपमा कम्तीमा एक एक वटा सुविधा सम्पन्न आवासीय विद्यालय विकास गरि सञ्चालन गर्ने क्रममा सिरहा, रौतहट, बाँके, कपिलवस्तु, कैलाली जिल्ला छनौट गरिएको। फिडर छात्रावासका विद्यार्थीका लागि छात्रावृत्ति ४०० जना विद्यार्थीलाई प्रति विद्यार्थी वार्षिक रु. ४० हजारका दरले कुल रु. १ करोड ६० लाख बजेट व्यवस्था भएको। दुवै प्रकारका विद्यार्थीहरूका लागि प्रति एकाइ रु. १० हजारका दरले व्यवस्थापन खर्च उपलब्ध गराएइको।
- ग्रामीण र दुर्गम क्षेत्रका १०० सामुदायिक विद्यालयहरूमा परीक्षणको रूपमा ब्रोडव्याण्ड इण्टरनेटका माध्यमबाट अंग्रेजी, विज्ञान र गणित विषयको अध्यापन विद्यालय छनोट भैसकेको। प्रसारण सामग्री र प्रसारणका लागि आवस्यक प्रविधि र व्यवस्थापन सम्बन्धी कार्य भै रहेको। भूकम्प र द्वन्द प्रभावित विद्यार्थीलाई लक्षित गरी SLC सहयोग सामग्री रेडियो मार्फत प्रसारण भैरहेको।

### ३.३.३ खानेपानी तथा सरसफाई मन्त्रालय

- ३०७ गाविस १२ वटा न.पा. तथा ६ जिल्लाहरूलाई खुल्ला दिसामुक्त क्षेत्र घाषणा गरिएको।
- जलवायु परिवर्तन प्रभाव न्युनिकरण तथा उपयुक्त प्रविधि प्रबर्धन आयोजनाको उपभोक्ताहरूसंग निर्माण कार्यको सम्झौता भएको।

- काठमाण्डौ उपत्यकामा खानेपानी आपूर्ति गर्नका लागि निर्माणाधिन मेलम्ची खानेपानी आयोजनाको २७५०० मिटर सुरुङ्ग निर्माण गर्नुपर्नेमध्ये हालसम्म १३७५५ मीटर सुरुङ्ग निर्माण भएको र पानी प्रशोधन केन्द्र निर्माणतर्फ १३५९८ घनमीटर कंक्रिट ढलान कार्य सम्पन्न भएको।
- यासोक र पकरवास जस्ता सुख्खा क्षेत्रमा खानेपानी आपूर्ति कार्यको सेवा खरिदका लागि  बोलपत्र स्वीकृत भएको। रामेछाप बृहत आयोजनाको DPR Appraisal भैरहेको।
- मेलम्ची खानेपानी आयोजना सम्पन्न हुनु अघि काठमाण्डौ उपत्याकाको सहरी क्षेत्रमा धारा तथा ट्याङ्करबाट पानी वितरण गरिने समय तालिका निर्धारण गरी सार्वजनिक गर्ने र तराइ मधेसका जिल्लाहरूमा खानेपानीमा देखिएको आर्सेनिक समस्या समाधान सम्बन्धी विशेष कार्यक्रम सन्चालन हुन नसकेको।

### ३.३.४ जनसंख्या तथा वातावरण मन्त्रालय

- भूकम्प प्रभावित क्षेत्रमा २४ हजार धुँवा रहित चुलो वितरणको प्रकृया शुरू गरिएको। लघु तथा साना जलविद्युत आयोजनाबाट ९५९ किलोवाट विद्युत उत्पादन भएको।
- धुलिखेल अस्पताल, महाराजगञ्ज शिक्षण अस्पताल तथा ओशो तपोवन क्षेत्रमा सोलार जडान प्रकृया शुरू गरिएको।
- ५४ वटा नगरपालिका क्षेत्रमा Solar Street Light  जडान प्रकृया शुरू गरिएको। ५९ वटा सामुदायिक एफ एम मा सौर्य जडान प्रकृया शुरू गरिएको।

### ३.३.५ महिला, बालवालिका तथा समाज कल्याण मन्त्रालय

- महिलामाथि हुने सबै प्रकारका लैङ्गिक हिंसाको अन्त्य गर्ने सन्दर्भमा ९ हजार ३ सय ६३ जनालाई अनुशिक्षण आधारभूत नेतृत्व विकास सम्बन्धी, २ हजार ८ सय ३० जनालाई व्यावसाय खर्च अनुदान सम्बन्धी तथा ३ हजार ७ सय ८७ जनालाई सीप विकास सम्बन्धी तालिम प्रदान गरिएको। त्यसैगरी २ सय ४० जनालाई जीवनोपयोगी सम्बन्धी, ५ हजार १ सय ३० जनालाई सीप तथा व्यवसायिक सम्बन्धी एवं ५ हजार ७ सय ६० जनालाई व्यवसाय स्थापना खर्च अनुदान सम्बन्धी तालिम दिनुका साथै ४६ समूहलाई निगरानी समूह परिचालन तथा प्रशिक्षण गरिएको।
- काठमाडौं उपत्यकालाई सडक बालबालिका मुक्त क्षेत्र बनाउनसडक बालबालिका उद्धार संरक्षण तथा व्यवस्थापन मार्गदर्शन स्वीकृत भई लागु भएको।
- जोखिमपूर्ण अवस्थामा रहेका २ हजार १ सय ९०जना बालबालिकाको आपतकालीन उद्धार गरी राहत, पुनर्मिलन तथा पुनर्स्थापना गरिएको।

### ३.३.६ युवा तथा खेलकुद मन्त्रालय

- काठमाडौं मूलपानी स्थित क्रिकेट मैदान सम्याउने कार्य भइरहेको, रिटेनिङ वालको निर्माण कार्य सम्पन्न भएको। डिभिजन  स्तरको अन्तर्राष्ट्रिय क्रिकेट खेल संचालन गर्न किर्तिपुर मैदानमा मिडिया ब्लकको दोस्रो तल्ला सम्म ढलान कार्य भएको ३०० मीटर कम्पाउण्ड वाल निर्माण भएको। जीम हलको छाना हाल्ने बाहेकको अन्य कार्य भएको, भ्यूटावर को ढलान सम्पन्न भएको ४५ मीटर ड्रेन निर्माण भएको।
- सातौं राष्ट्रिय खेलकुद प्रतियोगिताको लागि ७२ जिल्लामा खेलाडी छनौट कार्य सम्पन्न भएको।

- दशरथ रंगशालाको पुननिर्माणका लागि NDT Test र DPR तयारीको लागि परामर्श सेवाको सूचना प्रकाशन भएको।
- ललितपुरको च्यासलमा फुटबल मैदान निर्माण गर्ने कार्यको DPR तयरीको कार्य भइरहेको।
- एक निर्वाचन क्षेत्र एक खेल मैदान निर्माण कार्य अगाडि बढाउन जिल्ला खेलकुद विकास समितिहरूलाई रकम निकासा दिइएको।

## ३.४. सार्वजनिक सेवा प्रवाह र सुशासन

### ३.४.१ अख्तियार दुरूपयोग अनुसन्धान आयोग

- भ्रष्टाचार नियन्त्रणका लागि चेतनामूलक सूचनाहरू प्रकाशन तथा प्रशारण र पोष्टर पम्प्लेटको छपाई तथा वितरण गरिएको। विभिन्न मन्त्रालय/ निकायहरू विच समन्वय गर्न फोकल प्वाइन्ट वैठकहरू आयोजना गरिएको। क्षेत्रीय तथा सम्पर्क कार्यालय मार्फत भ्रष्टाचार विरुद्ध जनचेतनामूलक सामुदायिक शिक्षा कार्यक्रम तथा अन्तरकृया गोष्ठी आयोजना गरिएको। साथै भ्रष्टाचारजन्य क्रियाकलापहरूको अनुसन्धानलाई ब्यापकता दिइ दोषी उपर कानूनी कारवाहीको प्रक्रिया अगाडि बढाइएको।

### ३.४.२ निर्वाचन आयोग

- निर्वाचन सम्बन्धी एकीकृत कानूनको मस्यौदा तयारीको लागि परामर्शदाता नियुक्त भई कार्य प्रारम्भ भएको।राजनीतिक दल सम्बन्धी कानूनको मस्यौदा तयारी भई राजनीतिक दलहरूसँग छलफल गर्ने क्रममा रहेको। समीक्षा अवधिमा १ लाख ६३ हजार ५ सय १५ जना मतदाताको नामावली संकलन भएको। स्थानीय निकायको निर्वाचनको लागि आवश्यक कानूनको संशोधन मस्यौदा तयार भएको। मोरङ र दैलेख निर्वाचन कार्यालय भवन निर्माण कार्य सम्पन्न भएको। आयोगको केन्द्रिय कार्यालय र जिल्ला निर्वाचन कार्यालय वीच डाटा सम्पर्क स्थापना भएको।

### ३.४.३ लोक सेवा आयोग

- आयोगबाट गरिने सम्पूर्ण विज्ञापनहरूको दरखास्त फाराम Online मार्फत लिने कार्य सञ्चालन गरिएको।

### ३.४.४ महालेखा परीक्षकको कार्यालय

- विभिन्न ६४ जिल्लाहरूको लेखा परीक्षण कार्य सम्पन्नभई ११ जिल्लामा लेखा परीक्षण कार्य भइरहेको। कार्यालयको भाडामा लिइएको भवनमा नेटवर्किङ् र इन्टरनेट जडान कार्य सम्पन्न भएको।

### ३.४.५ प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय

- भूकम्पपछिको पुनर्निर्माणका लागि भूकम्पबाट क्षतिग्रस्त संरचनाहरूको पुनर्निर्माण सम्बन्धी ऐन, २०७२ बमोजिम राष्ट्रिय पुनर्निर्माण प्राधिकरणको गठन भई प्राधिकरणले कार्य आरम्भ गर्नुका साथै २०७२ माघ २ गते सम्माननीय राष्ट्रपतिज्यूले काठमाडौंको रानीपोखरी र सम्माननीय प्रधानमन्त्रीज्यूले ललितपुरको खोकनाबाट पुनर्निर्माण महाअभियान प्रारम्भ गर्नुभएको।

- भूकम्प पिडीतहरूलाई प्रधानमन्त्री दैवी प्रकोप उद्धारकोष मार्फत प्रति परिवार रु. १० हजारका दरले स्थानीय स्तरबाट उपलब्ध गराइएको।
- लगानी बोर्डबाट ७५० मेगावाटको पश्चिम सेती जलविद्युत आयोजनामा China Three Gorges International Corporation को बैदेशिक लगानी स्वीकृत भई Geology र Hydrology सम्वन्धी Survey भईरहेको र तामाकोशी-३ (६५० मे.वा.) जलविद्युत आयोजना सार्वजनिक-निजी साझेदारी मोडेलमा विकास गर्ने प्रक्रियाका लागि आयोजनासँग सम्बन्धित दस्तावेजहरूको द्रुत मूल्याङ्कन गरी आयोजनाको कार्यान्वयन योजना र वित्तीय व्यवस्थाका विषयहरूमा कार्य भइरहेको।
- सुदूरपश्चिम क्षेत्रको समग्र आर्थिक, सामाजिक विकास सम्बन्धि मध्यकालीन दृष्टिकोण (vision) तथा विषयगत (Sectoral) विकास नीति र दीर्घकालीन योजना तर्जुमाको कार्यले गति लिन नसकेको। कर्णाली रोजगार कार्यक्रमका साथै कर्णाली क्षेत्रका लागि लक्षित सामाजिक सुरक्षा लगायतका कार्यहरू कार्यान्वयन हुन नसकेको।

### ३.४.६ कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय

- नेपालको संविधान बमोजिम नयाँ कानूनको तर्जुमा गर्न विज्ञहरूको समूहलाई कार्यादिश दिई तर्जुमाको कार्य प्रारम्भ भएको। साथै विभिन्न मन्त्रालयहरूले तर्जुमा गर्नुपर्ने कानूनहरूको पहिचान गरी त्यसको सूची मन्त्रालयहरूमा पठाइएको।

### ३.४.७ गृह मन्त्रालय

- यस अवधिमा ७४ वटा जिल्ला प्रशासन कार्यालय र १० वटा इलाका प्रशासन कार्यालयबाट कम्प्यूटर प्रणालीद्वारा नागरिकता वितरण भैरहेको। केन्द्रिय सर्भरमा १ करोड ५० लाख नागरिकताको अभिलेख भण्डारण गरिएको। विपत व्यवस्थापन सम्बन्धी एकीकृत पोर्टल संचालनमा ल्याइएको। नुवाकोटमा केन्द्रीय कारागार र बाँकेको नौवस्तामा क्षेत्रीय कारागार निर्माणको प्रारम्भिक कार्य शुरू गरिएको। अध्यागमन प्रशासनलाई कागजरहित बनाउनका लागि Online Visa आवेदनलाई सहज बनाउन आवश्यक पर्ने मेशिन उपकरण थप गर्नका लागि खरिद सम्झौता भएको।
- प्रहरी प्रधान कार्यालयमा साइवर अपराध र अन्य अपराधसँग सम्बन्धित Digital Device हरूको परिक्षण गर्नको निमित्त Digital Forensic Lab को स्थापना गरिएको। Criminal Information Record System (CIRS) स्थापना गरी हालसम्म १५ लाख अपराधिक डाटालाई व्यवस्थित गर्ने कार्य भैरहेको।

### ३.४.८ परराष्ट्र मन्त्रालय

- Machine Readable Passport (MRP) लाई Online System मार्फत सञ्चालन गर्नका लागि विभिन्न ११ वटा नियोग/दूतावासहरू र राहदानी विभागमागरी ५० वटा Online Enrollment Station स्थापना गरिएको। सीमा व्यवस्थापन गर्नका लागि नेपाल-भारत बीच संयुक्त रूपमा Boundry Working Group (BWG) को गठन भई कार्य प्रारम्भ भएको।
- नेपाल र भारतको सम्बन्धको समग्र पक्ष अध्ययन गरी द्विपक्षीय सम्बन्धलाई अझ फराकिलो र सुदृढ तुल्याउनका लागि चार सदस्यीय Eminet Persons Group (EPG) को गठन भएको।

### ३.४.९ रक्षा मन्त्रालय

- युवालाई अनुशासित, मर्यादित मुलुकप्रति समर्पित गराउँने उद्देश्यले २ हजार युवाहरूलाई विभिन्न स्थानमा राष्ट्रिय सेवा तालिम दिने कार्य भइरहेको। नेपाली सेनाको संस्थागत क्षमता बृद्धि गर्न स्वदेशमा ५०० वटा तालिममा करिव १६१५० जना र विदेशमा संचालन भएको १०२ वटा तालिममा १४५ जनाको सहभागीता भएको।

### ३.४.१० शान्ति तथा पुननिर्माण मन्त्रालय

- मृतक तथा बेपत्ता पारिएका व्यक्तिका हकदार, जनआन्दोलनका घाइते लगायतका द्वन्द पीडितलाई राहत प्रदान गरिएको। द्वन्दका कारण क्षति भइ पुनर्निर्माण गर्न माग भएका १ हजार ४ सय ५० आयोजनाको निर्माण कार्य सुचारु रहेको। द्वन्दका कारण पुनर्निर्माण गर्न माग भएका २ हजार ५ सय २२ आयोजनाको निर्माण कार्य सुचारु रहेको।

### ३.४.११ सामान्य प्रशासन मन्त्रालय

- निजामती प्रशासन संयन्त्रको पुनः संरचनाको लागि संक्रमणकालीन व्यवस्थापन कार्ययोजना तयार भएको। सार्वजनिक सेवा प्रभावकारी बनाउन विद्युतीय शासन प्रणालीको उपयोग र विस्तारको लागि Automation Website Online Complaints कार्यान्वयनमा आएको।
- निजामती कर्मचारी कल्याणकारी कोष स्थापना र कर्मचारी स्वास्थ्य विमाको कार्यक्रम कार्यान्वयनको लागि निर्देशिका तयार भएको। सार्वजनिक प्रशासनका सबै सेवाहरूलाइ संघ र प्रदेशको संरचनामा विस्तार र स्थानान्तरण गर्न विशेषज्ञता, छनोट र अवसर समेतलाई आवश्यक गृहकार्य गर्न Concept Paper Draft तयार भै छलफलमा रहेको।

### ३.४.१२ सार्वजनिक सस्थान व्यवस्थापन

- सार्वजनिक संस्थानमा समीक्षा अवधिमा शेयर लगानीमा रु.८ अर्ब १९ करोड ६१ लाख र ऋण लगानिमा रु. ५ करोड ४५ लाख लगानी भएको।
- नेपालको दूरसञ्चार कम्पनी लिमिटेडको कर्मचारी घटाई ठीक आकारमा राख्न स्वेच्छिक अवकाश योजना लागु गर्न सहमति दिइएको। सार्वजनिक संस्थान निर्देशन वोर्डको कार्यसम्पादनको अवस्था, वर्तमान कानूनी संरचना एवं संस्थागत व्यवस्था तथा सार्वजनिक संस्थानमा नियुक्त हुने प्रमुख कार्यकारी अधिकृतको योग्यता, नियुक्तिको प्रक्रिया, कार्य सम्पादन मूल्याङ्कन र अवकाश लगायतका समसामयिक विषयमा अध्ययन गरी सुझाव दिन पूर्व सचिवको संयोजकत्वमा गठित समितिले आफ्नो सुझाव दिएको।
- नेपाल आयल निगमको मौज्दात क्षमता चार महिनाको माग धान्ने गरी बढाउन आवश्यक पर्ने संरचना निर्माण गर्न आवश्यक पर्ने जग्गा कानुनी रीत पुऱ्याई अधिग्रहण गर्ने सम्बन्धमा थप कारवाही गरी सो व्यवस्था मिलाउन वाणिज्य तथा आपूर्ति मन्त्रालयमा पठाइएको।

विभिन्न मन्त्रालय/निकायहरूबाट प्राप्त विवरणहरूको विश्लेषण गरी हेर्दा प्राप्त उपलब्धीहरू सन्तोषजनक देखिएनन्। यस्तो हुनुमा आधारभूत रूपमा सम्पादन गर्नु पर्ने कार्यसम्पादन हुन नसकेर वा प्रतिवेदन नभएर हो यसमा सुधार हुनु पर्ने देखिन्छ।

# परिच्छेद ४
# सुधारका प्रयास

## ४.१ बजेट कार्यान्वयनलाई तिव्रता दिन गरिएका प्रयासहरू

चालु आर्थिक वर्षको बजेटको प्रभावकारी कार्यान्वयनका लागि देहायका प्रयासहरू गरिएका छन्:

- चालु आर्थिक वर्षकोलागि २०७२ असारमा व्यवस्थापिका-संसदमा बजेट प्रस्तुत भई २०७२ साउन १ गते नै सबै क्षेत्रगत मन्त्रालय/निकायहरूलाई अख्तियारी पठाइएको।
- सबै मन्त्रालय र संवैधानिक निकायले आ-आफ्नो वार्षिक कार्यक्रम र कार्ययोजना साउन १५ गते भित्रै सार्वजनिक गर्नु पर्ने व्यवस्था गरिएको।
- स्थानीय निकायहरूबाट सञ्चालन गर्ने कार्यक्रम बाहेक सबै विकास कार्यक्रमहरूको चौमासिक विभाजन सहितको वार्षिक कार्यक्रम राष्ट्रिय योजना आयोगको स्वीकृतिमा र जिल्ला स्तरीय कार्यक्रमको हकमा चौमासिक विभाजन सहितको कार्यक्रम राष्ट्रिय योजना आयोगको स्वीकृति लिई २०७२ साउन १५ गते भित्र अनिवार्य कार्यान्वयन गर्ने निकायमा पठाउने व्यवस्था मिलाइएको।
- LMBIS प्रणालीबाट नै चौमासिक विभाजन सहितको वार्षिक कार्यक्रमको प्रिन्ट गर्न सकिने र त्यसैलाई राष्ट्रिय योजना आयोगले स्वीकृत गर्ने प्रणालीको विकास गरी कार्यक्रम स्वीकृतिको प्रक्रिया सरलीकृत गरिएको।
- स्वीकृत कार्यक्रमको ठेक्कापट्टा सम्झौता २०७२ मंसीर मसान्त भित्र सम्पन्न गरि सक्नु पर्ने व्यवस्था गरिएको।
- तलबी प्रतिवेदन सम्बन्धित निकायबाट पारित नगरी/नगराई तलब भत्ता वापतको रकम भुक्तानी नदिने व्यवस्थालाई अनिवार्य रूपमा पालना गराउँने र यो व्यवस्था शिक्षकहरूको तलब, भत्ता अनुदानमा पनि अनिवार्य गरिएको।
- त्रिवर्षीय खर्च प्रक्षेपणभित्र परेका एक वर्ष भन्दा बढी अवधिसम्म सञ्चालन हुने आयोजनाहरूको निर्माण कार्य एवं वस्तु र सेवाको खरिदको हकमा त्रिवर्षिय प्रक्षेपित अंकमा नबढ्ने गरी राष्ट्रिय योजना  आयोगको सहमतिमा बहुवर्षीयठेक्का (Multi-Year Contract) सम्झौता गर्न सकिने व्यवस्था गरिएको।यस्तो ठेक्का सम्झौता भएपछि सोको जानकारी अर्थ मन्त्रालयमा अनिवार्य रूपमा दिनुपर्ने व्यवस्था मिलाइएको।
- अख्तियारी प्राप्त बजेटको प्रभावकारी कार्यान्वयनको लागि समय सीमा सहितको कार्य तालिका बनाई कार्य सम्पादन गर्ने व्यवस्था मिलाइएको। अर्थ मन्त्रालयले बजेट कार्यान्वयन स्थितिको निरन्तर अनुगमन गरी कम प्रगति देखिएका आयोजनाहरूको विनियोजित बजेट विनियोजन ऐनको परिधिभित्र रही राम्रो प्रगति भएका अरू आयोजनातर्फ आवश्यकता अनुसार रकमान्तर गर्न सकिने व्यवस्था गरिएको।
- वैदेशिक सहायतामा संचालित आयोजनाहरूको बजेट खर्चलाई आयोजनाले गरेको खर्च, कार्यान्वयनबाट प्राप्त नतिजा र समयमै वित्तीय तथा लेखा परीक्षण प्रतिवेदन सम्बन्धी कार्य सम्पादन

गरे नगरेको र शोधभर्ना हुनु पर्ने रकम शोधभर्ना नभएकोमा सम्बन्धित आयोजना प्रमुख र लेखा प्रमुखलाई प्रचलित कानून अनुसार जिम्मेवार गराउँने व्यवस्था मिलाइएको।

- कर्णालीका सबै जिल्ला, बाजुरा, दार्चुला, बझाङ्ग, दैलेख, मुस्ताङ्ग, जाजरकोट र रूकुम जिल्लाहरूमा सञ्चालन हुने रू.१ करोड रूपैंयाँ भन्दा माथिका विकास कार्यक्रमहरूको लागि आवश्यकता अनुसार वहुवर्षीय ठेक्का प्रणाली अवलम्बन गर्ने व्यवस्था गरिएको।
- रू. ६० लाख भन्दा माथिको ठेक्का पट्टा विद्युतीय वोलपत्र (e-tendering) को माध्यमबाट गर्नु पर्ने व्यवस्था अनिवार्य गरिएको।
- रू. २५ करोडभन्दा बढी रकम विनियोजन भएका आयोजनाहरूको भौतिक तथा वित्तीय प्रगतिको अनुगमन माननीय अर्थ मन्त्रीको नेतृत्वमा रहेको उच्च स्तरीय समितिले द्वैमासिक रूपमा गर्ने व्यवस्था मिलाइएको।
- सरकारी कार्यालयहरू र अनुदान जाने निकायहरूको आम्दानी खर्चको विवरण मासिक रूपमा प्रकाशन गर्नुपर्ने र स्थानीय निकायलाई जाने सशर्त र निःशर्त अनुदान र राजस्व आम्दानी रकमको विवरण छुट्टै होर्डिङ्ग बोर्ड बनाई सर्वसाधारणले देख्ने गरी राख्नुपर्ने व्यवस्था गरिएको।
- विकास आयोजनाको वित्तीय र भौतिक प्रगति चौमासिक रूपमा सार्वजनिक गर्नुपर्ने व्यवस्थाको पालना गराउँने व्यवस्था गरिएको।
- सार्वजनिक निकायमा स्वदेशी वस्तुको उपयोग गर्ने सम्बन्धी निर्देशिका, २०६९ अनुसार मालसामान तथा वस्तु खरीद गर्ने व्यवस्था मिलाइएको।

## ४.२ नयाँ सरकार गठन भएपछि चालिएका कदमहरू

### ४.२.१ देशको वर्तमान आर्थिक अवस्था र नेपाल सरकारको तत्कालको कार्यदिशा सम्बन्धी श्वेतपत्र

२०७२ असोज महिनामा नयाँ सरकार गठन भइसकेपछि वर्तमान सरकार गठन हुँदाको समयको मुलुकको आर्थिक अवस्था र सरकार गठन पूर्व नै शुरू भएको वन्द, हडताल, आन्दोलन र सीमानाकामा भएको अवरोधबाट मुलुकको अर्थतन्त्र तथा जनताको दैनिक जीवनमा परेको प्रतिकुल प्रभाव र सरकारको तत्कालको कार्यदिशाका वारेमा नेपाली दिदीवहिनी तथा दाजुभाइलाई जानकारी गराउँने उद्देश्यले २०७२ मंसिर ८ गते श्वेतपत्र जारी गरिएको छ। यसको पहिलो भागमा अर्थतन्त्रको अवस्था अन्तर्गत खासगरी आर्थिक बृद्धि, लगानी, सार्वजनिक खर्च, राजस्व संकलन, वैदेशिक व्यापार, सार्वजनिक ऋण आदिको यथार्थ अवस्था चित्रण गरिएको छ। दोश्रो भागमा, सीमा नाकामा भएको अवरोध र आपूर्ति प्रणालीमा विद्यमान असहज परिस्थितिबाट मुलुकको आर्थिक तथा सामानजिक क्षेत्रमा पारेको प्रभावको क्षेत्रगत समीक्षा प्रस्ततु गरिएको छ। यसमा मूलतः कृषि, उद्योग, सेवा, पूर्वाधार विभाग तथा निर्माण, मौद्रिक तथा वित्तीय क्षेत्र, आन्तरिक र वाह्य व्यापार, जलविद्युत तथा अन्य उर्जा, सामाजिक सेवा, सार्वजनिक वित्तका क्षेत्रमा असहज स्थितिले पारेको प्रभावको यथार्थ मूल्याङ्कन गर्ने प्रयास गरिएको छ।तत्कालको कार्यदिशा अन्तर्गत केही नयाँ नीति तथा कार्यक्रमहरू समेत घोषणा गरिएको छ। समष्टिगत आर्थिक पक्ष अन्तर्गत स्रोतको उच्चतम परिचालन गर्ने, उत्पादन बृद्धि र वितरण व्यवस्था सहज बनाउन आवश्यक परेमा कार्यक्रमहरूको पुनर्प्राथमिकिकरण गर्ने र सरकारको लगानी खाद्य

सुरक्षा, जलविद्युत, वैकल्पिक उर्जा, रणनीतिक पूर्वाधार पर्यटन पूर्वाधार, शिक्षा, स्वास्थ्य तर्फ केन्द्रित गर्ने नीति लिइएको छ।

यसरी श्वेतपत्रले घोषणा गरेका नीति तथा कार्यक्रमहरूको कार्यान्वयनका लागि अर्थ मन्त्रालयहरूको समय सीमा र जिम्मेवार पदाधिकारी समेत किटान गरी कार्ययोजना तयार गरी सम्बन्धित मन्त्रालय र निकायहरूमा पठाइएको छ। कार्य योजना वमोजिम काम भए नभए सम्बन्धमा माननीय अर्थ मन्त्रीज्यूको संयोजकत्वमा अनुगमन समीक्षा गर्ने व्यवस्था मिलाइएको छ। २०७२ वैशाखको विनासकारी भूकम्प, सीमा नाकामा भएको अवरोध र वन्द हड्तालबाट सिर्जना भएको कठीन परिस्थितिको सामना गर्न र राष्ट्रिय अर्थतन्त्रमा परेको प्रतिकुल प्रभावलाई न्यून गरी अर्थतन्त्रलाई सवल र गतिशील बनाउन यो श्वेतपत्रले मार्ग प्रसस्त गरेको छ।

### ४.२.२ भूकम्प पछिको पुनर्निर्माणका लागि छुट्टै ऐन तर्जुमा एवं संरचनात्मक व्यवस्था

भूकम्पबाट प्रभावित क्षतिग्रस्त संरचनाहरूको पुननिर्माणको कार्य द्रुतगतिमा सम्पन्न गर्नका लागि छुट्टै ऐनको रूपमा भूकम्पबाट प्रभावित संरचनाहरूको पुननिर्माण सम्बन्धी ऐन, २०७२ जारी भएको छ। यो ऐन अन्तर्गत पुननिर्माण सम्बन्धी काम गर्न विशेष संयन्त्रको रूपमा राष्ट्रिय पुनर्निर्माण प्राधिकरणलाई पूर्णता दिइनुका साथै यसको संगठनात्मक संरचना स्वीकृत भई प्राधिकरणको नियमित कार्य सञ्चालनका लागि आवश्यक पर्ने बजेट निकासा दिइएको छ। राष्ट्रिय पुननिर्माण प्राधिकरणको गठन हुनुभन्दा अगाडि नेपाल सरकार मन्त्रिपरषद्को निर्णय वमोजिम राष्ट्रिय योजना आयोगलाई पुननिर्माण समेतको काम गर्ने जिम्मेवारी दिइएकोमा विभिन्न मन्त्रालयबाट प्रस्तावित करीव रु.४९ अर्ब वरावरको कार्यक्रम स्वीकृत भएको छ। पुनर्निर्माणको बजेट निकासाको प्रक्रियामा रहेको छ।

पुनर्निर्माण अन्तर्गतको महत्वपूर्ण Component को रूपमा रहेको भूकम्प पिडीतहरूको पूर्ण क्षति भएका घर निर्माण गर्न सरकारले अनुदान स्वरूप उपलव्ध गराउन लागेको रु. २ लाखको पहिलो किस्ता दिने सम्बन्धमा दातृ निकाय समेतको सहभागिता र सहयोगमा पिडीतहरूको पुनः Verification को कार्य शुरू भै सकेको छ। भूकम्प प्रभावित जिल्लागत रूपमा Verification को कार्य पूर्ण हुँदै जाँदा पीडितलाई अनुदान पनि उपलव्ध गराउँदै जाने गरी आवश्यक तयारी भइरहेको छ।

सार्वजनिक संरचना एवं ऐतिहासिक धरोहर र सम्पदाहरूको पुननिर्माण अभियानको रूपमा सञ्चालन गर्न सम्माननीय राष्ट्रपतिद्वारा रानीपोखरी र सम्माननीय प्रधानमन्त्रीज्यूबाट ललितपुरको बुङ्गमतीबाट पुनर्निर्माण महाअभियानको उद्घाटन गरिएको छ।

### ४.२.३ आर्थिक पुनरुद्धार कोषको स्थापना

भूकम्पबाट क्षतिग्रस्त उद्योग व्यवसायको भौतिक संरचनाको पुननिर्माण गर्नका लागि सहुलियत दरमा पुनर्कर्जा उपलव्ध गराउन र सीमा नाका अवरोधबाट सिर्जित असहज परिस्थितिका कारण कृषि, उद्योग, जलविद्युत तथा पर्यटन लगायत अर्थतन्त्रका उत्पादनशील क्षेत्रमा परेको प्रतिकुल असरलाई न्यूनीकरण गरी यी क्षेत्रहरूको पुनरुत्थान गर्नका लागि व्याज सहुलियत प्रदान गर्ने उद्देश्यले नेपाल सरकारले एक खर्व रुपैयाँको "आर्थिक पुनरुद्वार कोष" स्थापना गर्ने निर्णय गरेको छ।

यो कोषमा नेपाल सरकार, वाह्य विकास साझेदार र वैंक तथा वित्तीय संस्थाहरूले रकम जम्मा गर्न सक्ने व्यवस्था गरिएको छ। यो कोषको सञ्चालन नेपाल राष्ट्र वैंकले गर्ने छ। यो कोषको स्थापना र

सञ्चालन सम्बन्धी कार्यविधि नेपाल सरकार मन्त्रिपरिषदले २०७२।९।२१ मा स्वीकृत गरी सकेको छ।

व्याज अनुदान तथा पुनर्कर्जा सुविधा सम्बन्धी कार्यको समन्वय तथा अनुगमन गर्ने नेपाल राष्ट्र बैंकका डेपुटी गभर्नरको संयोजकत्वमा एउटा समिति रहने व्यवस्था गरिएको छ।

भूकम्प र अघोषित नाकावन्दीबाट नराम्ररी प्रभावित भएको निजी क्षेत्रको आर्थिक क्रियाकलापलाई गतिशिलता प्रदान गर्नुका साथै उद्योग व्यवसायीलाई यस कोषले ठूलो राहत दिने अपेक्षा गरिएको छ। यो कोषको स्थापनालाई सिङ्गो निजी क्षेत्रले उत्साहपूर्वक स्वागत गरेको छ।

### ४.२.४ पूर्वाधार आयोजना अनुगमन तथा निर्देशन उच्चस्तरीय समितिको गठन

पूर्वाधार आयोजनाहरू पहिचान गर्न, प्राथामिकता निर्धारण गर्न, आयोजनाहरूको पुनर्प्राथमिकिकरण गर्न, कार्यान्वयनका लागि समन्वय, सहजीकरण, स्रोत आंकलन, व्यवस्थापन र निर्देशन गर्न नेपाल सरकार (मन्त्रिपरिषद) ले मिति २०७२।०८।२४ मा उपप्रधान तथा भौतिक पूर्वाधार तथा यातायात मन्त्री, उपप्रधान तथा परराष्ट्र मन्त्री,उपप्रधान तथा उर्जा मन्त्री, अर्थ मन्त्री, सुचना तथा सञ्चार प्रविधि मन्त्री, राष्ट्रिय योजना आयोगका उपाध्यक्ष, अर्थ सचिव र मूख्य सचिवले तोकेको प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयका सचिव सदस्य रहने गरी "पूर्वाधार आयोजना अनुगमन तथा निर्देशन उच्चस्तरीय समिति" गठन गरेको छ ।

हाल सम्म समितिको देहाय बमोजिम महत्वपूर्ण निर्णयहरू गरेको छः

- समितिले गरेका महत्वपूर्ण निर्णयहरूमा कार्यान्वयनमा रहेका Critical Projects को सूची सम्बन्धित मन्त्रालयबाट प्राप्त गरी छलफल गर्ने, आधारभूत रूपमा एक वर्ष भित्र Load Shedding अन्त्य गर्ने ठोस कार्य योजना मन्त्रिपरिषद्मा पेश गर्ने, उर्जा मन्त्रालयबाट प्रस्तुत उर्जा संकट समाधान तथा उर्जा विकास सम्बन्धी रणनीतिक योजनालाई कार्यान्वयन गर्न समयसीमा र जिम्मेवार निकाय सहितको कार्ययोजना बनाउने, गिट्टी, ढुंगा, बालुवा जस्ता निर्माण सामाग्री सम्बिन्धत अयोजनाले नै उत्खनन् गरी लिन सक्ने र सोमा लाग्ने स्थानीय कर र उत्खनन् गर्ने क्षेत्रका सम्बन्धमा संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले नेपाल सरकारमा प्रस्ताव पेश गर्ने विषय रहेका छन्।
- कोशी कोरिडोर (खाँदबारी – किमाथांका १६२ कि.मि. खण्ड) को ट्र्याक ओपन गर्न बाकी ३८ कि मि खण्ड ट्र्याक ओपन गर्ने र सो सडकलाई २ लेनको राजमार्ग बनाउने प्रक्रिया अघि बढाउन र धरान– चतरा– गाइघाट - कटारी -सिन्धुली सडक (२ लेन) ३ वर्षमा सम्पन्न हुने गरी प्रक्रिया अघि बढाउन सडक विभागलाई स्विकृति दिने, सडक, रेल मार्ग तथा यातायात ब्यबस्था सम्बन्धि पांच वर्षे रणनीतिक योजनालाई स्वीकृतिको लागि भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले मन्त्रिपरिषदमा प्रस्ताब लैजाने निर्णय पनि समितिले गरेको छ।
- पूर्वाधार निर्माणका लागि आवश्यक पर्ने ठूला यन्त्र उपकरणहरू अभाब हुन गई पूर्वाधार निर्माण कार्यमा नकारात्मक प्रभाब परेको बर्तमान सन्दर्भमा त्यस्ता उपकरणहरू उपलब्ध गराउँने गरी सार्वजनिक-निजी साझेदारीमा Leasing Company स्थापना गर्न भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले आवश्यक ब्यबस्था मिलाउने, हालको वैकल्पिक उर्जा सम्बन्धी अनुदान नीतिले आम उपभोक्तामा उत्प्रेरणा जगाउन नसकेको हुँदा यसलाई समयानुकुल परिवर्तन गर्ने गरी एक समिति

बनाउने र सो समितिले तयार गरेको नीतिलाई जनसंख्या तथा वातावरण मन्त्रालयले नेपाल सरकार (मन्त्रिपरिषद्) मा प्रस्ताव लैजाने निर्णय उच्चस्तरीय समितिले लिएको छ।

- विभिन्न आयोजनाहरूको लागि वन क्षेत्रको Clearance र रुख कटानको अनुमति प्राप्त गर्ने कार्यमा ढिलाई भएका कारण आयोजना निर्माणको कार्यले गति लिन नसकेको गुनासो/समस्या बारम्बार आइरहेको हुनाले यो समस्याको निराकरणका लागि वन मन्त्रालयले नेपाल सरकार (मन्त्रिपरिषद्) मा प्रस्ताव लैजाने, आपूर्ति मन्त्रालयले ईन्धन भण्डारण क्षमता बिस्तार वा नयाँ भण्डारण निर्माण गर्ने सम्बन्धमा पूर्वको झापा देखि पश्चिमको कैलालीसम्म संभावना अध्ययन गरी कुन कुन ठाउँमा के कति क्षमताको स्टोरेज ट्यांक निर्माण गर्नुपर्दछ, सो को योजना तयार गरी प्रस्तुत गर्ने निर्णय लिएको छ।

उच्चस्तरीय समितिको निर्देशन अनसार कार्यान्वयनमा रहेका केही Critical Project को सूची विभिन्न मन्त्रालयबाट प्राप्त भएको र ती समस्या समाधान गर्न पहल भएको, वैकल्पिक उर्जामा दिइने अनुदान सम्बन्धी नीतिको मस्यौदा जनसंख्या तथा वातावरण मन्त्रालयले तयार गरी सहमतिका लागि अर्थ मन्त्रालयमा पठाएको, आधारभूत रूपमा  एक वर्ष भित्र Load shedding अन्त्य गर्न उर्जा संकटकाल तथा विकास सम्बन्धि रणनीति तर्जुमा गरी मन्त्रिपरिषद्मा पेश गर्ने तयारी भई रहेको छ। यसै गरी सहरी सौर्य सडक बत्ती सम्बन्धी कार्यविधि मन्त्रिपरिषदबाट स्वीकृत भई कार्यान्वयनमा आइ सकेको छ भने जनसहभागितामा आधारित स्थानीय सौर्य उर्जा कार्यक्रम संचालन सम्बन्धी कार्यविधि मन्त्रिपरिषद्मा पेश हुने चरणमा रहेको छ।

### ४.२.५ भूकम्पपीडित परिवारलाई न्यानो कपडा अनुदान

नेपाल सरकारले २०७२ मंसिर ८ गते जारी गरेको देशको वर्तमान आर्थिक अवस्था र नेपाल सरकारको तत्कालको कार्यदिशा सम्बन्धी श्वेतपत्रको बुंदा नं. ९८ मा उल्लेख भए वमोजिम पूर्णरूपमा घर क्षति भएका भूकम्पपीडित परिवारलाई जाडो याममा न्यानो कपडा खरिद गर्न प्रति परिवार रु.१० हजारका दरले अनुदान उपलव्ध गराउँने नेपाल सरकार निर्णय अनुसार रु. ६ अर्ब २ करोड ५६ लाख प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोष मार्फत निकासा दिइएको छ।

### ४.२.६ निजी क्षेत्रलाई राहतका लागि प्याकेज कार्यक्रम

सीमा नाकाहरूमा भएका अवरोधहरू, राजमार्ग अवरुद्ध र तराई-मधेश क्षेत्रमा भएका आन्दोलनबाट आपूर्ति प्रणालीमा आएको असहज अवस्थाबाट उद्योगधन्दाहरू बन्द भएका, उत्पादन घटेको, नोक्सानी बढदै गएको, कर विवरण र कर रकम बुझाउन पनि कठिन भएको, कोलकत्ता बन्दरगाह र भन्सार नाकाहरूमा लामो समयसम्म कन्टेनर रोकिंदा ठूला परिमाणमा डिटेन्सन, डेमरेज शुल्क बुझाउनु पर्ने जस्ता निजी क्षेत्रले भोग्नु परेका समस्या समाधान गर्न निजी क्षेत्र समेतको सहभागितामा राजस्व सचिवको अध्यक्षतामा गठित उच्चस्तरीय कार्यदलले दिएको सुझावको आधारमा देहायबमोजिमको व्यवस्था मिलाइएको छ।

**क. व्यापार सहजीकरण अन्तर्गत**

- लामो समयसम्म भन्सार नाकामा रोकिएका मालवस्तुहरूलाई नाका परिवर्तन (Re-routing) गरी आयात प्रक्रिया सरलीकृत पारिएको।

- वीरगञ्ज स्थित सुख्खा वन्दरगाहा भन्सार कार्यालय सञ्चालनमा ल्याइएको।
- वण्डेड वेयर हाउसका सुविधा अन्तर्गत निकासी गर्न पाउने अवधि १२ महिनाबाट थप गरी १८ महिना पुऱ्याइएको।
- कोलकाता वन्दरगाहमा लागेको विलम्व शुल्क, डेमरेज शुल्क लगायतका शुल्कहरू मिन्हा वा छुटको लागि वाणिज्य मन्त्रालय र परराष्ट्र मन्त्रालय मार्फत अनुरोध गरिएको।
- सुख्खा वन्दरगाह र वीरगञ्ज भन्सार कार्यालयका गोदाममा रहेका सामानमा लाग्ने विलम्व शुल्क र पार्किङ्ग शुल्क मिन्हा गरिएको।
- नेपाल आयात भएका वस तथा ट्रकहरूलाई बडी बनाउन विदेश निर्यात गर्न दिने सम्मम थप गरिएको।

**ख. वित्तीय उत्प्रेरणा र राहत प्याकेज सम्बन्धी**

- भूकम्प पीडितहरूको कर्जा पुनर्तालिकीकरण सम्पन्न गरिएको।
- नेपाल राष्ट्र वैंक तथा वित्तीय संस्थाहरू मार्फत कर्जा नोक्सानी व्यवस्थामा सरलीकरण, पुनर्तालीकीकरण वा पुनर्सरचनाको सुविधा, आम्दानी खर्च लेखाङ्कन गर्ने अवधि थप, किस्ता भुक्तानी हुने ग्रेस अवधि थप, ट्रष्ट रिसिप्ट कर्जा असूल गर्ने अवधि थप लगायतका विभिन्न नियमनकारी छुट तथा वित्तीय उत्प्रेरणाहरू प्रदान गरिएको।
- मूल्य अभिबृद्धि करको विवरण तथा कर वुझाउने अवधि डिफर्ड गरी २०७२ पुष २५ गते सम्म थप गरिएको।

### ४.२.७ नयाँ कानून निर्माण र विद्यमान कानूनहरूको संशोधन

वित्तीय स्थायित्व कायम गर्ने उद्देश्यले बैंक तथा वित्तीय संस्थाको संस्थापना, सञ्चालन, व्यवस्थापन, नियमन, निरीक्षण तथा सुपरिवेक्षण सम्बन्धी प्रचलित कानूनमा संशोधन र एकीकरण गरी समयानुकुल बनाइएको बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐनको विधेयक व्यवस्थापिका संसदमा पेश गरिएको छ। त्यस्तै सर्वसाधारणको निक्षेप, कर्जा लगानीलाई सुरक्षित गरी मुलुकको आर्थिक विकासको निमित्त बैंकिङ्ग तथा वित्तीय प्रणाली प्रतिको विश्वशनियता अभिबृद्धि गर्दै सर्वसाधारणको आर्थिक हितको संरक्षण, संवर्धन गर्नको लागी बनाइएको निक्षेप तथा कर्जा सुरक्षण ऐनको विधेयक व्यवस्थापिका– संसदमा पेश भएको छ। संशोधनको लागी व्यवस्थापिका– संसदमा पेश गरिएका नेपाल राष्ट्र बैंक ऐन २०५८, बैंकिङ्ग कसुर तथा सजाय ऐन, २०६४, कर्मचारी संचय कोष ऐन, २०१९ र लेखा परीक्षण ऐन, २०४८ पनि अर्थ समितिमा विचाराधीन अवस्थामा रहेका छन् ।

नेपालको संविधान, २०७२ अनुसार संघीयतालाई संस्थागत गर्नको लागी परिमार्जन, संशोधन एवं नयाँ तर्जुमा गर्नु पर्ने भनी कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयबाट लेखी आए बमोजिम अर्थ मन्त्रालयसँग सम्बन्धित आर्थिक कार्यविधि ऐन २०५५, आयकर ऐन २०५८, भन्सार ऐन २०६४, मूल्य अभिबृद्धि कर ऐन २०५२, अन्तःशुल्क ऐन २०५८ लगायत २० वटा ऐनहरू केही नेपाल ऐन संशोधन गर्ने विधेयक, २०७२ मा समावेश गरी कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयबाट व्यवस्थापिका– संसदमा पेश भएकोमा संसदबाट उक्त विधेयक पारित भई प्रमाणीकरणको प्रकृयामा रहेका छन् ।

मन्त्रालयसँग सम्बन्धित ऐनहरूको परिमार्जन, संशोधन तथा आवश्यक नयाँ कानूनको तर्जुमा समेत गर्ने प्रयोजनको लागी यस मन्त्रालयका अर्थ र राजश्व सचिवको संयोजकत्वमा दुइवटा अलग अलग निर्देशक समिति गठन गरिएको छ। त्यस्तै मन्त्रालयका सम्बन्धित महाशाखा प्रमुखको संयोजकत्वमा विभागका महानिर्देशक समेत रहने गरी विधेयक तर्जुमा उपसमिति गठन भई विषय विज्ञहरूको सहयोगमा कानून परिमार्जन एवं तर्जुमाको कार्य भइरहेको छ।

### ४.२.८ तत्काल सुधार कार्ययोजना

संविधान सभाबाट नयाँ संविधान जारी भएपछि संविधानमा भएका व्यवस्थाहरूको कार्यान्वयनका निम्ति गर्नुपर्ने सङ्क्रमणकालीन व्यवस्थापन, दिगो विकास व्यवस्थापन, सार्वजनिक सेवाप्रवाह तथा पुनर्निर्माणको क्षेत्रहरूमा जनताले परिवर्तनको अनुभुती गर्ने गरी जनजीवनमा आवश्यक सुधार गरी नेपाल र नेपालीको समृद्धि बढाउने लक्ष्यका साथ नेपाल सरकार (मन्त्रिपरिषद्) बाट २०७२।८।२४ मा तत्काल सुधार कार्ययोजना स्वीकृत भई सबै मन्त्रालयहरूबाट आ-आफ्नो जिम्मेवारी भित्रका कार्यहरू हुँदै आएका छन्। यो कार्ययोजनाको समय सीमा दुई वर्ष निर्धारण गरिएको छ। प्रस्तुत कार्ययोजनाको कार्यान्वयनका लागि चालु आर्थिक वर्षको पहिलो छ महिनामा पर्याप्त समय उपलव्ध नभएतापनि यो आर्थिक वर्षको बाँकी अवधि र आगामी आर्थिक वर्षको यो कार्ययोजनाको कार्यान्वयनको गति लिने विश्वास गरिएको छ। साथै, यो कार्ययोजनाको कार्यान्वयनबाट नेपालको आर्थिक समृद्धिको यात्रामा महत्वपूर्ण योगदान पुग्ने अपेक्षा गरिएको छ।

# परिच्छेद ५
# खर्च प्रक्षेपण र पुनर्प्राथामिकीकरण

## ५.१ खर्चको संशोधित अनुमान र त्यसका आधारहरू

### समष्टिगत खर्च एवं स्रोतको संशोधित अनुमान

खर्च प्रवृत्तिको विश्लेषण गर्दा हरेक आर्थिक वर्षको पहिलो छ महिनाभन्दा पछिल्लो छ महिनामा बढी खर्च हुने गरेको छ। गत चार आर्थिक वर्षको खर्च शीर्षकगत विनियोजनको तुलनामा भएको औसत खर्च प्रतिशत, चालु आर्थिक वर्षको छ महिनामा भएको खर्च, वर्तमान स्थितिमा देखिएका सम्भावित खर्च, नयाँ सरकार गठन भएपछि थालिएका नीतिगत सुधार, कार्यक्रमहरूको पुनर्प्राथामिकीकरण गर्नु पर्ने आवश्यकता र बाँकी अवधिको अनुमानित खर्च समेतको आधारमा खर्च प्रक्षेपण गरिएको छ।माथि उल्लिखित खर्चको प्रवृत्ति र अनुमानको आधारमा चालु खर्च रू. ४ खर्व २४ अर्व ३१ करोड ८० लाख, पुँजीगत खर्च रु. १ खर्व ६० अर्व ६४ करोड ७४ लाख र वित्तीय व्यवस्था तर्फ रू.१ खर्व १७ अर्व १ करोड ५० लाख समेत गरी कुल खर्च रू. ७ खर्व १ अर्व ९८ करोड ४ लाख पुग्ने संशोधित अनुमान रहेको छ। यो कुल विनियोजित बजेटको ८५.६६ प्रतिशत हुन आउँछ।

### चालु खर्च अनुमान

समीक्षा अवधिमा रु. १ खर्व ४० अर्व २९ करोड २ लाख अर्थात् विनियोजित चालु बजेटको २८.९८ प्रतिशत खर्च भएको छ। राष्ट्रिय पुनर्निर्माण प्राधिकरण गठन भई पुनर्निर्माण कार्य शुरू भएको, वैदेशिक सहायताबाट सञ्चालन हुने आयोजनाहरूको लागि नेपाल सरकारले समपूरक कोषको लागि व्यवस्था गर्नु पर्ने भएको, मन्त्रालय/निकायहरूबाट भएका थप बजेट मागलाई सम्बोधन गर्नुपर्ने आवश्यकता रहेको, नयाँ मन्त्रालयहरूको गठन, मन्त्रिपरिषद्को निर्णयबाट सिर्जित दायित्व भुक्तानी, मुद्रास्फीति तथा अन्य सञ्चालन तथा उपभोग खर्चमा हुनसक्ने बृद्धि समेतको आधारमा चालु आर्थिक वर्षको बाँकी अवधिमा चालु खर्चतर्फ रु. २ खर्व ८४ अर्व २ करोड ७८ लाख खर्च भई जम्मा रु. ४ खर्व २४ अर्व ३१ करोड ८० लाख अर्थात् ८७.६२ प्रतिशत खर्च हुने प्रक्षेपण गरिएको छ। चालु खर्च प्रक्षेपणका आधार तथा अनुमान देहाय बमोजिम छन्:

- भूकम्पबाट क्षतिग्रस्त घरहरूको पुनर्निर्माणका लागि उपलब्ध गराइने पहिलो किस्ताको रकम यही आर्थिक वर्षभित्र उपलब्ध गराइने, जसवापत करीव रू. ३० अर्ब खर्च हुने देखिन्छ।
- तराई-मधेश आन्दोलनका क्रममा हुन नसकेका चालु खर्च (जस्तै शिक्षकको तलब, तालीम जस्ता अन्य साधारण प्रकृतिका खर्च) बाँकी अवधिमा खर्च हुने देखिन्छ।
- नेपाल सरकार (मं.प.) को निर्णयबाट सिर्जित चालु दायित्व भुक्तानी गर्दा विनियोजित चालु तर्फको बजेट खर्च हुने देखिन्छ।
- राजनीतिक स्थिरता कायम हुँदै गएकोले चालु प्रकृतिका विकास कार्यक्रम (जस्तै शिक्षा, स्वास्थ्य कृषि) का खर्चहरू बढने देखिन्छ।
- विभिन्न आयोजनाहरूको लागि जग्गा प्राप्ति गर्दा भुक्तानी गर्ने पर्ने क्षतिपूर्ति/ मुआव्जाका लागि खर्च हुने देखिन्छ।

### पुँजीगत खर्च अनुमान

चालु आर्थिक वर्षको पहिलो छ महिनामा रु.१५ अर्व ५५ लाख अर्थात कुल पुँजीगत विनियोजनको ७.१८ प्रतिशत खर्च भएको छ। यो खर्च अघिल्लो आर्थिक वर्षको सोही अवधिको तुलनामा २.०२

प्रतिशतले बढी हो। गत आर्थिक वर्ष २०७१/७२ को पहिलो छ महिनामा रु.१४ अर्ब ७० करोड ५१ लाख र पछिल्लो छ महिनामा रु. ७३ अर्ब ९६ करोड ६० लाख खर्च भएको थियो। यसरी पछिल्लो छ महिनाको खर्च पहिलो छ महिनाको खर्चको तुलनामा ५.०३ गुणाले बढी भएको थियो।

चालु आर्थिक वर्षको बाँकी अवधिमा जम्मा रू.१ खर्व ४५अर्व २४ करोड २३ लाख खर्च भई कुल पुँजीगत खर्च रू.१ खर्व ६० अर्व ६४ करोड ७४ लाख प्रक्षेपण गरिएको छ जुन पुँजीगत विनियोजनको ७६.९१ प्रतिशत हुन आउँछ। पुँजीगत खर्च प्रक्षेपणका आधार तथा अनुमान निम्न बमोजिम छन्:

- राष्ट्रिय गौरवका आयोजनाहरूमध्ये मध्यपहाडी लोकमार्ग, उत्तर दक्षिण लोकमार्गहरू, रानी-जमरा-कुलरिया सिंचाइ आयोजना, सिक्टा सिंचाइ आयोजना, भेरी बबई डाइभर्सन आयोजना, बबई सिंचाइ आयोजना, पशुपति विकास कोष, लुम्बिनी विकास कोष र माथिल्लो तामाकोशी जलविद्युत आयोजनाहरूको काममा आपूर्ति प्रणालीको असहजताले धेरै प्रभाव नपारेकाले यी आयोजनाहरूका लागि विनियोजित बजेट सबै खर्च हुने र केही आयोजनाहरू (मध्यपहाडी लोकमार्ग र तामाकोशी जलविद्युत आयोजना) मा थप खर्च हुने देखिन्छ।
- कोशी नदीको चतरामा पुल बनिसकेपछि सुनसरी मोरङ सिंचाइ आयोजनाको लागि आवश्यक पानीको बहावमा प्रतिकुल प्रभाव परेकाले यो आयोजनाको Re-scoping गर्नुपर्ने छ। यसका लागि समेत थप खर्च हुने अवस्था छ।
- आपूर्ति प्रणाली सहज हुँदै गएकोले विकास निर्माणका आयोजनाहरूको कार्यान्वयनमा तिव्रता आई खर्च बढ्ने देखिन्छ।
- धेरैजसो आयोजनाहरूको पूर्व तयारी कार्य समाप्त भएको र वास्तविक निर्माण कार्य फागुनदेखि शुरू हुने भएकाले पनि पुँजीगत खर्च अब बढ्ने देखिन्छ।
- विगत सात वर्षको खर्चको स्थिति विश्लेषण गर्दा यथार्थ पुँजीगत खर्चको ७० प्रतिशत वा सो भन्दा बढी खर्च अन्तिम चौमासिकमा हुने प्रवृत्ति देखिएकाले यस आर्थिक वर्षमा पनि सोही पुनरावृत्ति हुने देखिन्छ। चालु आर्थिक वर्षको बाँकी अवधिमा यो खर्चले तीव्रता पाउने अपेक्षा गर्न सकिन्छ।
- सडकसँग सम्बन्धित आयोजनाहरू (विशेषगरी काठमाडौं उपत्यका सडक विस्तार, सडकपुल) का लागि विनियोजित बजेटभन्दा बढी रकम आवश्यक पर्ने देखिएको र अन्यत्र खर्च नभएको रकम यी आयोजनाहरूमा रकमान्तर गरी खर्च गर्न सकिने अवस्था रहेको छ।
- नेपाल सरकार (मं.प.) बाट गठित "पूर्वाधार आयोजना अनुगमन तथा निर्देशन उच्चस्तरीय समिति" को निर्णयबाट कतिपय आयोजनाहरू (गल्छी-रसुवागढी सडक, सौर्य सडकबत्ती कार्यक्रम, समुदायमा आधारित सौर्य ऊर्जा कार्यक्रम) अगाडि बढाइएको र तिनका लागि समेत थप रकम आवश्यक पर्ने अवस्था रहेको छ।

**चालु आर्थिक वर्ष २०७२/७३ को खर्च प्रक्षेपण**

चालु आर्थिक वर्षमा चालुतर्फ रू. ४ खर्ब २४ अर्ब ३१ करोड ८० लाख, पुँजीगततर्फ रू. १ खर्ब ६० अर्ब ६४ करोड ७४ लाख र वित्तीय व्यवस्थातर्फ रू. १ खर्ब १७ अर्ब १ करोड ५० लाख गरी कुल खर्च रू. ७ खर्ब १ अर्ब ९८ करोड ४ लाख खर्च हुने संशोधित अनुमान गरिएको छ। यो कुल विनियोजित बजेटको ८५.६६ प्रतिशत हो।

- काबेली ए का लागि सम्झौता अन्तिम चरणमा पुगेको र तनहूँ जलविद्युत आयोजनाहरूको काम शीघ्र शुरू हुने भएकाले आयोजनाको खर्च पनि बढ्ने अवस्था छ।
- निर्माणाधीन ढल्केवर-मुजफ्फरपुर प्रसारण लाइनको निर्माण सम्पन्न भएको र सो लाइनबाट पूर्ण क्षमतामा विद्युत ल्याउन ढल्केवर, हेटौंडा र इनरुवामा सवस्टेशन निर्माणलाई तीब्रता दिनुपर्ने भएकोले ती आयोजनाहरूमा समेत थप खर्च हुने अवस्था छ।
- नेपाल सरकारका मुख्य सचिवको संयोजकत्वमा रहेको "आयोजना सहजीकरण समिति" क्रियाशील भएकाले आयोजना कार्यान्वयनस्तरमा भएका समस्याहरू समन्वयात्मक ढङ्गमा समाधान हुने भएकाले पुँजीगत खर्च बढाउन सहयोग पुग्ने देखिएको छ।
- भूकम्पपछिको पुनर्निर्माणका लागि लिइएका देहायका पहलहरूले उल्लेखनीय रूपले खर्च बढाउने देखिन्छः-
  - ★ माघ २ गते पुनर्निर्माण महाअभियानको शुरूवात भएको,
  - ★ पुनर्निर्माण नीति तयार भएको,
  - ★ वास्तविक भूकम्प प्रभावितहरूको पहिचानका लागि लाभग्राही सर्वेक्षण भएको,
  - ★ फागुनको अन्तिमदेखि भूकम्पबाट क्षतिग्रस्त घरहरूको पुनर्निर्माणका लागि सरकारले उपलब्ध गराउँने अनुदानको पहिलो किस्ता वितरणको कार्य शुरू हुने भएको,
  - ★ क्षतिग्रस्त संरचनाहरूको पुनर्निर्माणका लागि विषयगत मन्त्रालयहरूबाट प्रस्तावित कार्यक्रम स्वीकृत भइसकेका र बजेट उपलब्ध हुने क्रममा रहेको।

**वित्तीय व्यवस्था तर्फको अनुमान**

गत आर्थिक वर्ष २०७१/७२ को पहिलो छ महिनामा रू. २३ अर्ब ७४ करोड ६८ लाख र पछिल्लो छ महिनामा रू. ७४ अर्ब ९१ करोड १३ लाख वित्तीय व्यवस्था अन्तर्गत ऋण लगानी, शेयर लगानी, वैदेशिक तथा आन्तरिक ऋणको साँवा निकासा भएको थियो। चालु आर्थिक वर्षको पहिलो छ महिनामा रू. २४ अर्ब ४६ करोड ४९ लाख निकासा भएको छ। यो भुक्तानी अघिल्लो आर्थिक वर्षको सोही अवधिको तुलनामा २.९३ प्रतिशतले बढी छ। नेपाली मुद्राको विनिमय दर घटेको कारण वाह्य ऋण भुक्तानीको दायित्व बढ्ने, एसियाली पूर्वाधार लगानी बैंकमा गरिएको शेयर लगानी, ऋण तथा शेयर लगानी तर्फ गत आर्थिक वर्षमा भएको खर्च तथा थप माग समेतको आधारमा बाँकी अवधिमा रू. ९२ अर्ब ५५ करोड २ लाख खर्च भई कुल रू. १ खर्ब १७ अर्ब १ करोड ५० लाख खर्च हुने प्रक्षेपण छ, जुन विनियोजित रकमको ९२.६३ प्रतिशत हुन आउँछ। वित्तीय व्यवस्था खर्च प्रक्षेपणका आधार तथा अनुमान निम्न बमोजिम छन्:

- नेपाल विद्युत प्राधिकरणबाट अगाडि बढाइएका कतिपय आयोजनाहरूको कामले गति लिने अपेक्षा भएकाले यिनमा खर्च बढ्ने अवस्था छ।

- दोस्रो अन्तर्राष्ट्रिय विमानस्थलको निर्माणका लागि प्रारम्भिक कार्य शुरू भएको छ। जग्गा अधिग्रहण र वस्ती सार्ने काममा खर्च हुने अवस्था छ।
- केही सार्वजनिक संस्थानहरूको पुनर्सञ्चालन गर्नुपर्ने र केही संस्थानहरूमा चालु र पुँजीगत कार्यहरूका लागि ऋण तथा शेयर लगानी गर्नुपर्ने अवस्था रहेकाले यो खर्च बढ्ने देखिन्छ।

**स्रोतगत खर्च अनुमान**

स्रोत परिचालन तर्फ नेपाल सरकारको आन्तरिक स्रोत (राजस्व, आन्तरिक ऋण, गत वर्षको नगद मौज्दात, सावाँ फिर्ता समेत) बाट रु. ५ खर्व ६८ अर्व ३७ करोड ९० लाख र वैदेशिक सहायता (ऋण तथा अनुदान) बाट रु. १ खर्व ३३ अर्व ६० करोड १४ लाख परिचालन हुने अनुमान गरिएको छ। समष्टिगत खर्च एवं स्रोतको संशोधित अनुमानसम्बन्धी विस्तृत विवरण अनुसूची १ मा उल्लेख गरिएको छ।

आन्तरिक स्रोत तर्फ राजस्व परिचालनबाट रु. ४ खर्व ३० अर्व ३५ लाख मात्र उपलब्ध हुने देखिएको छ भने आन्तरिक ऋण रु. ८८ अर्व पुरै उठाइने, ऋण सावाँ फिर्ताबाट रु. २ अर्व र गत वर्षको नगद मौज्दातबाट ब्यहोरिने रु. ४८ अर्व ५६ करोड २७ लाख पुरै उपयोग हुने अनुमान गरिएको छ। वैदेशिक सहायता परिचालन सन्दर्भमा विगत चार वर्षको खर्च विश्लेषण गर्दा वैदेशिक अनुदान सहायता तर्फ विनियोजन बजेटको औसत ६१.३५ प्रतिशत र वैदेशिक ऋण सहायतातर्फ औसत ४४.१० प्रतिशत खर्च भएको देखिन्छ। विगत पाँच वर्षको औसत, गत आर्थिक वर्ष भएको प्राप्ति तथा चालु आर्थिक वर्षको पहिलो छ महिनाको खर्च समेतलाई विश्लेषण गर्दा वैदेशिक अनुदान सहायतातर्फ विनियोजनको करिब ५५.४५ प्रतिशत खर्च हुने अनुमान रहेको छ। वैदेशिक ऋण सहायतातर्फ राष्ट्रिय पुनर्निर्माण प्राधिकरण मार्फत भूकम्प पीडितलाई घर निर्माण अनुदान दिने रकम तथा विगत चार वर्षमा भएको औसत खर्च र चालु आर्थिक वर्षको पहिलो छ महिनाको खर्च समेतको आधारमा चालु वर्षमा ७५.९० प्रतिशतको हाराहारीमा खर्च हुने अनुमान रहेको छ।

## ५.२ कार्यक्रम तथा आयोजनाहरूको खर्च व्यवस्थापनको पुनर्प्राथमिकीकरण

बजेट तर्जुमा गर्दाको सन्दर्भ बजेट कार्यान्वयनको चरणमा प्रवेश गर्दा बदलिन पुग्यो। मूलतः तराई मधेसको आन्दोलन, बन्द हडताल र सीमा नाकामा देखिएको अवरोधले आपूर्ति प्रणाली असहज बन्यो। यसबाट दैनिक जनजीवनमा प्रतिकूलता थपियो। विकास आयोजना/कार्यक्रम र सार्वजनिक सेवा प्रवाहका क्षेत्रमा कठिनाइ उत्पन्न भयो। चालु आर्थिक वर्षको बजेट अन्तर्गत कार्यान्वयनमा आउनु पर्ने कार्यक्रम/आयोजनाहरूको कार्यान्वयन कार्यतालिका प्रभावित भयो। अर्को तर्फ कार्यान्वयनमा रहेका निकायहरूमा अपेक्षित सक्रियता, वैकल्पिक उपायको विकास र Backup Plan को कमी हुँदा कार्यान्वयन पक्ष भौतिक र वित्तीय उपलव्धीका दृष्टिले कमजोर रह्यो। कतिपय आयोजना/कार्यक्रमहरूमा उत्साहजनक कार्यसम्पादन भएको पनि छ। प्रस्तुत सन्दर्भमा राम्रो कार्य सम्पादन शुरू भएका, बाँकी अवधिमा खर्च हुन सक्ने वलियो आधार र सम्भावना भएका आयोजना/कार्यक्रमहरूका लागि स्रोत उपलब्ध गराउँदा बजेट कार्यान्वयन प्रभावकारी हुने देखिएको छ। त्यसैगरी प्रगति शुन्य भएका, बाँकी अवधिमा खर्च गर्ने सक्ने आधार र सम्भावना नभएका आयोजना/कार्यक्रममा बजेट राखी रहनु स्रोतको कुशल व्यवस्थापनका दृष्टिबाट उपयुक्त देखिँदैन।

प्रस्तुत पृष्ठभूमिमा देहायका कार्यक्रम आयोजनाहरूका लागि आवश्यक पर्ने बजेट उपलब्ध गराउन प्राथामिकता दिनु पर्ने देखिएको छः

१. भूकम्प पीडितहरूको राहत पुनर्स्थापन र भूकम्पबाट प्रभावित संरचनाहरूको पुनर्निर्माण सम्बन्धी कार्यक्रमहरू।
२. राष्ट्रिय गौरवका आयोजनाहरू।
३. जलविद्युत उत्पादन, प्रशारण तथा वितरणसंग सम्बन्धित निर्माणाधीन ठूला तथा साना आयोजनाहरू
४. रणनीतिक महत्वका सडक तथा पूलहरू।
५. काठमाडौ-गल्छी-रसुवागढी, धरान-चतरा-हेटौडा, उपत्यका सहरी, काठमाडौ उपत्यका सडक विस्तार आयोजना, रणनीतिक सडक पुनर्स्थापना, निर्वाचन क्षेत्र सडक निर्माण, धनकुटा-खाँदवारी, जोमसोम-कोरला सडक।
६. कृषिको उत्पादन र उत्पादकत्व बृद्धि गर्ने कृषि उपजको भण्डारण गर्ने कार्यक्रमहरू।
७. बाढीग्रस्त जिल्लाहरूमा नदी नियन्त्रण सिंचाई तथा खानेपानी पुनर्स्थापनासम्बन्धी आयोजनाहरू।
८. शिक्षा, स्वास्थ्य लगायत आर्थिक सामाजिक विकास र आमजनताको जीवनयापनलाई सहज र सरल बनाउने कार्यक्रम/ आयोजनाहरू।
९. वार्षिक आयोजना/कार्यक्रममा परेका, न्यून बजेट विनियोजन भएका वा आयोजना/कार्यक्रमको नाममात्र उल्लेख भएका, बजेट विनियोजन नभएका तर पूर्वाधार विकास, सेवा प्रवाह र आर्थिक, सामाजिक संस्कृतिक र स्वास्थ्य सेवाका दृष्टिले महत्वपूर्ण देखिएका स्वीकृत कार्यक्रम अनुसार कार्यान्वयन गरिने आयोजना/कार्यक्रमहरू।

**स्रोत परिचालन व्यवस्था**

- २०७२ चैत्र मसान्तसम्म काम शुरू नभएका कार्यक्रमहरूको सम्पूर्ण बजेट २०७३ बैशाख १ गते अनिवार्य रूपमा फिर्ता (Surrender) गर्न लगाउँने। साथै सो अवधिसम्मको लक्ष्यको ५० प्रतिशत प्रगति हासिल नगर्ने कार्यक्रमको रकम समेत फिर्ता गराउँने। यसका लागि सम्बन्धित मन्त्रालयहरूलाई चैत्रको तेस्रो हप्तामा त्यस्ता आयोजनारुको जानकारी यस मन्त्रालयलाई जानकारी गराउन परिपत्र गर्ने।
- फागुन मसान्तभित्र खर्च शीर्षक नं. २२९११ (चालु भैपरी) र २९८११ (पुँजीगत भैपरी) मा विनियोजित बजेट सम्बन्धित खर्च शीर्षकमा बाँडफाड नगरेमा अर्थ मन्त्रालयबाट सिधै रकमान्तर गरी अर्थ विविधमा खिच्ने। यसको जानकारी फागुनको दोस्रो हप्तामा मन्त्रालयहरूलाई दिने।
- अर्थ मन्त्रालयबाट बजेट कार्यान्वयनको स्थितिको निरन्तर अनुगमन गरी कम प्रगति देखिएका आयोजनाहरूको विनियोजित बजेट विनियोजन ऐनको परिधिभित्र रही राम्रो प्रगति भएका अरु आयोजनाहरूतर्फ आवश्यकता अनुसार रकमान्तर गर्ने।
- २०७२ चैत्र मसान्तसम्म खर्च नभई बाँकी रहेको P2 र P3 आयोजनाको रकम रोक्का राख्ने। यसलाई आवश्यकता अनुसार रकमान्तर गर्ने नीति लिने।
- बैदेशिक सहायता अन्तर्गतका आयोजनाको सहायता रकम खर्च नहुने भएमा नेपाल सरकारको स्रोत तर्फको Maching Fund को रकम रोक्का राखी फिर्ता गर्ने व्यवस्था मिलाउने।
- काम शुरू हुन नसकेका स-साना आयोजनाहरूमा छरिएका रकम ठूला ठूला आयोजना तर्फ परिचालन गर्ने।
- प्राथामिकता प्राप्त आयोजनाहरूमा थप लगानी गर्न आवश्यक रकम आयोजना कटौती वा रकम फिर्ता वा केही खर्च शीर्षकहरूमा रकम कटौती गर्दा पनि नपुग हुने स्थिति आउन सक्छ। यस्तो नपुग रकमको व्यवस्थापन देहाय बमोजिम गर्न सकिने अवस्था रहेको छः
    - बजेटमा अनुमान गरिएको रु. ८८ अर्वको आन्तरिक ऋण उठाउने। २०७२ फागुन देखि नै तालीका बमोजिम ऋण उठाउदै जाने।

- प्रयोग नभई मौज्दातमा रहेका विभिन्न कोषहरू (जस्तै ग्रामीण दुरसञ्चार कोष, सामाजिक सुरक्षा कोष आदि) मा रहेको रकमलाई त्यस्ता कोषको कार्यक्रम सञ्चालनका लागि आवश्यकताअनुसार किस्तावन्दीमा निकासा दिने गरी खर्चको प्रवृत्ति र आवश्यकताको आधारमा उपयोग गर्न सकिने।
- नेपाल सरकारले सार्वजनिक संस्थानलाई विगतमा गरेको ऋण लगानी मध्ये सस्थानको अहिलेको नगद प्रवाह र बचतलाई आधार मानी ऋण रकम फिर्ता गर्न लगाउँने /ब्याज भुक्तानी गर्न बाँकि संस्थानको ब्याज भुक्तानी गर्न लगाउने।
- नेपाल राष्ट्र बैंक ऐन, २०५८ बमोजिम गत आर्थिक वर्ष २०७१/७२ को संकलित राजस्वको पाँच प्रतिशत रकमसम्म नेपाल राष्ट्र बैंकबाट अधिविकर्षण (Overdraft) लिन सकिने।

**५.४ आगामी आर्थिक वर्षको बजेट तर्जुमा गर्दा प्राथमिकता दिनुपर्ने क्षेत्रहरूः**

१. पुनर्निर्माण तथा पुनर्स्थापनासम्बन्धी कार्यक्रम,
२. संविधानको कार्यान्वयनसम्बन्धी कार्यक्रम,
३. भौतिक पूर्वाधार (उर्जा उत्पादन र अन्तरदेशीय प्रशारण लाईन, विमानस्थल निर्माण, लोकमार्गहरू स्तरोन्नती गर्ने कार्य, सडक सम्बन्धी पाँच वर्षीय कार्ययोजना, सिञ्चित क्षेत्र विस्तार र नदी नियन्त्रण, संघीय संरचनाको पूर्वाधार निर्माण जस्ता) सम्बन्धी कार्यक्रम,
४. सामाजिक पूर्वाधार (शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाइ) सम्बन्धी कार्यक्रम,
५. कृषि, उद्योग र पर्यटनसम्बन्धी कार्यक्रम,
६. सेवा प्रवाह र सुशासन अभिबृद्धिसम्बन्धी कार्यक्रम।

# परिच्छेद ६
# बजेट कार्यान्वयनका चुनौती र गर्नुपर्ने सुधार

## ६.१ चुनौतिहरू

- चालु आर्थिक वर्षको बजेटमा ६ प्रतिशत आर्थिक बृद्धिको लक्ष्य राखिएको थियो। तराइ-मधेसको आन्दोलन, बन्द हडताल तथा सीमानाकामा भएको अवरोधले आर्थिक क्रियाकलापहरूमा संकुचन आई २ प्रतिशतको हाराहारीमा आर्थिक बृद्धि हासिल हुने अनुमान गरिएको छ। छ महिना अवधिमा रहेको कार्यसम्पादन न्यूनता (Performance Deficit) लाई यस आर्थिक वर्षको बाँकी अवधिमा उल्लेखनीय रूपमा पुरा गरी २ प्रतिशत भन्दा बढी दरको आर्थिक बृद्धि हासिल गर्ने।
- आपूर्ति प्रणालीको असहजता, आन्तरिक उत्पादन र आयातमा कमी, वस्तु तथा सेवाको बढ्दो माग जस्ता कारणले दोहोरो अङ्कमा पुगेको मुद्रास्फिितिलाई एक अङ्कमा कायम गर्ने।
- विद्यमान असहज परिस्थिति, आर्थिक क्रियाकलापमा आएको शीथिलता, सरकारी खर्चमा आएको कमी, अनौपचारिक अर्थतन्त्रको बढ्दो प्रभावले राजस्व परिचालनमा आएको संकुचनका वावजुद लक्ष्य अनुसार राजस्व संकलन गरी विकास आयोजना र अनिवार्य दायित्वहरूको खर्च व्यवस्थापनमा कुशलता प्रदर्शित गर्ने।
- आर्थिक वर्षको बाँकी अवधिमा स्वीकृत कार्यक्रमहरूको कार्यान्वयनमा तीव्रता दिई पुँजीगत खर्चमा बृद्धि गर्ने।
- विनियोजित बजेट खर्च नगर्ने तर आर्थिक वर्षको वीचमा नयाँ नयाँ कार्यक्रम बनाई थप बजेट माग गरिरहने प्रवृत्ति बढदै गएको सन्दर्भमा खर्च गर्ने निकायहरूलाई स्वीकृत बजेट र कार्यक्रम कार्यान्वयन गर्न थप जिम्मेवार बनाई बजेट अनुशासन कायम राख्ने।
